

*विशेष रिपोर्ट:*
क्यूबाली कम्यूनिष्ट पार्टीको हालै सम्पन्न पाँचौं महाधिवेशन

# मूल्याङ्कन


मूल्य रु. १५/-
भारतमा भा.रु. १२/-

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ५४
माघ, २०५४


## एमाले महाधिवेशन
## दस्तावेजहरूको चिरफार





## अन्तर्क्रिया:
बहुदलीय जनवादबारे
वामनेताहरु
एकै थलोमा



मध्यावधि चुनावको सिफारिसले
के के सम्भावनाहरू सृजना गरेको छ ?



मेरो पौरख, मेरो गौरव
मेरो काठमाडौं !

काठमाडौं
महानगरपालिका
काम गर्दैछ ।

# तपाईं नि ?

यँ महानगर पालिका
काठमाडौं महानगरपालिका

# U Might Love
# TO
# CHANGE

## STICK TO Nebico

Nebico

Glucose
BISCUITS

Thin Arrowroot
BISCUITS

COCONUT CRUNCHEES
BISCUITS

Marie
BISCUITS

Manufactured by **Nebico Privated Limited, Balaju**, Kathmandu, Nepal.

यसभित्र

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १६, पूर्णाङ्क ५४
माघ, २०५४

# 'बहुदलीय जनवाद' नेपाली क्रान्तिको कार्यक्रम हुन सक्छ कि सक्दैन ?

एमालेको छैटौं महाधिवेशनको सन्र्दभमा

**वाम नेताहरु एकै थलोमा !**

## अन्तर्क्रिया:

**क. माधव नेपाल, क. सन्देश (एकता केन्द्र), क. वामदेव गौतम र बौद्धिकहरुबीच**

साथमा

एमालेका विचार र व्यवहारहरूबारे प्रा. माणिकलाल श्रेष्ठ, गोविन्द भट्ट, खगेन्द्र संग्रौला, डा. चैतन्य मिश्र र दीपक ज्ञवालीका टिप्पणीहरू

- ◆ एमालेका दुबै दस्तावेजहरुको आलोचनात्मक चिरफार
- ❑ एमालेभित्रको विकृतिको कारणको पनि कारण के हो ?
- ◆ एमाले सर्वोच्च नेतृत्व तहमै क्रान्तिको जरुरी छ ! एमालेको संगठनात्मक प्रस्ताव कस्तो छ ?
- ◆ भाषा, जाति, धर्म र संस्कृतिसम्बन्धी प्रस्ताव कस्तो छ ?

## क्यूबाली कम्युनिष्ट पार्टीको हालै सम्पन्न पाँचौ महाधिविशनबारे विशेष रिपोर्ट

◆ महाधिवेशनका झाँकीहरू ◆ कसरी जन्मियो क्यूबाको कम्युनिष्ट पार्टी
क. फिडेल क्यास्त्रोले क. चेको बारेमा हालै दिनुभएको सारपूर्ण भाषणसहित

- ❑ के गर्भपतनलाई वैध गरिनु जरुरी छ ?
- ◆ धार्मिक कर्मकाण्डहरूबारे हरि ए.सी., डमरू पौडेल, शशिधर भण्डारी र रविकिरणनिर्जिव
- ❑ कलकत्तामा नोभेम्बर क्रान्ति दिवस

**हाम्रो मूल्याङ्कन** ४
मध्यावधि चुनावको सिफारिशले के के संभावनाहरू सृजना गरेको छ ?
**आवरण कथा**
अन्तर्क्रिया: क. माधव नेपाल, क. सन्देश (एकता केन्द्र), क. वामदेव गौतम र बौद्धिकहरूबीच ४
एमालेका दुबै दस्तावेजहरूको आलोचनात्मक चिरफार : एमाले-भित्रको विकृतिको कारणको पनि कारण के हो ? ११
**उत्पीडित चौतारी**
दाइजोको आगोमा जल्दैछन् मैथिली महिलाहरू -सुजितकुमार झा २४
**घटना र प्रवृत्ति**
माओवादी जनयुद्ध मित्रशक्ति विरूद्ध ३२
युवाहरूले राष्ट्रियताको नारा घन्काए: जनवादी युवा लीगको सम्मेलन ३२
**विश्व कम्युनिष्ट आन्दोलन**
कसरी जन्मियो क्यूबाली क. पा. १५
क्यूबाली कम्युनिष्ट पार्टीको पाँचौं महाधिवेशनको रिपोर्ट १६
**विशेष रिपोर्ट**
कलकत्तामा नोभेम्बर क्रान्ति दिवस: विभिन्न देशका प्रतिनिधिहरूले व्यक्त गरेका विचारहरूसहित २१
**आँखीझ्याल**
यसरी बढ्दैछ संसारमा केही कम्पनीहरूको एकाधिकार ◆ दीपक वैद्य ३१
**विशेष लेख**
के गर्भपतनलाई वैध गरिनु जरूरी छ ? २५
नेपालमा आमाको मृत्युदर २६
केही जरूरी ताजा तथ्यांकहरू २७
**नीति/संस्कृति**
धार्मिक कर्मकाण्ड : बहस हरि ए.सी., डमरू पौडेल, शशिधर भण्डारी र रविकिरण निर्जिव २४
**विचारमंच**
एमालेको कार्यदिशाबारे पाठकहरूको विचार ४१
**पाठकको कुरो** ४२

**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ
**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल
**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईंटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भसारी
**व्यवस्थापन सहयोगी**
दुर्गा खड्का (वितरण विभाग)
जि. के. श्रेष्ठ (विज्ञापन विभाग)

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक
काठमाडौं-३२
फोन: ४२२७६९,
फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं

आवरणमा: **अन्तर्क्रियाको दृश्य (फोटो: सुन्दर बस्नेत)। काँधमा: क. फिडेल क्यास्त्रो (फोटो: टाइम)। तल: सूर्यबहादुर थापा। (फोटो: ए.बी.सी. फोटो, बागबजार)**
आवरण सज्जा: **सुन्दर बस्नेत, बागबजार फोन: २५२६४५, २२२३३७/कलाकारहरू: लक्ष्मण भूजेल, जि.डि. साउ, यति आर्ट, पुतलीसडक**
कम्प्युटर सेटिङ: **सहदेव खाकी, माइक्रोचिप्स कम्प्युटर सर्भिस, पुतलीसडक, सम्पर्क फोन: ४२२७६९/मुद्रण: इन्द्रेणी अफसेट प्रेस, बागबजार**

हाम्रो मूल्यांकन

# मध्यावधिको सिफारिसले के के सम्भावनाहरु सृजना गरेको छ ?

अहिले नेपालमा गजब गजबको परिदृश्य देख्न पाइँदैछ । यतिखेर नेपाली कांग्रेस र राप्रपाको थापा समूह दरबारको विरोध र भण्डाफोरमा जुटेका छन् । उनीहरुको आक्रोश केमा देखिन्छ भने, प्रतिनिधि सभा तुरुन्तै विघटन गर्ने र मध्यावधिको घोषणा गर्ने भन्ने प्रधानमन्त्री थापाको 'र' उत्प्रेरित पुस २४ को सिफारिशलाई राजाले तुरुन्तै स्वीकार गरिहालेनन् । राजाले यसबारे कानूनी राय दिनका लागि सर्वोच्च अदालतलाई आग्रह गरे । यसरी संवैधानिक राजाले सर्वाधिकारसम्पन्न प्रधानमन्त्रीको सिफारिशलाई ठाडठाडै लत्याइदिएकोमा उनीहरु रीसले चूर भएका छन् र दरबारलाई अनेकौं किसिमको धम्की र गाली दिन थालेका छन् ।



यता, २०५२ भदौ १२ को फैसलाद्वारा तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीको संसद विघटन गरेर मध्यावधिमा जाने भन्ने निर्णयलाई र त्यससम्बन्धी राजघोषणालाई ठाडै उल्टाई दिने भू.पू. प्रधान न्यायाधीश विश्वनाथ उपाध्याय प्रधानमन्त्री थापाको सिफारिश चाहिं राजाले तुरुन्तै नमानेकोमा र मुद्दालाई सर्वोच्चमा पठाएकोमा वैधानिकताको प्रश्न उठाउन थालेका छन् ।

नेपालको दुर्भाग्य के देखिएको छ भने, यहाँका राजनेताहरु र न्यायज्ञाताहरु चलाखीका त धनी छन्, तर उनीहरुमा एउटै कुराको गरीबी छ, त्यो हो- नैतिकताको गरीबी ।

आफूलाई पहिलो पूर्ण बजेट र पहिलो सरकारी नीति तथा कार्यक्रम समेत पेश गर्न नदिएर षड्यन्त्रमूलक ढंगले सत्ताच्यूत गर्न लागेकोमा प्रधानमन्त्रीको संवैधानिक विशेषाधिकार प्रयोग गरेर तत्कालीन प्र.मं. मनमोहनले संसद विघटन र मध्यावधिको सिफारिश गर्दा राजालाई प्रधानमन्त्रीको सिफारिश लत्याउन उत्प्रेरित गर्ने को थिए ? जगजाहेर छ- ती यिनै नेपाली कांग्रेस र राप्रपाहरु थिए । तर आज कुन नैतिकताले यी पार्टीहरु राजाले प्रधानमन्त्रीको सिफारिश लत्याएकोमा धूवाँधार विरोध र भण्डाफोर गर्दैछन् ? प्रमको सिफारिश नै लत्याएर आज राजाले त ठीक त्यही गर्दैछन्, जुन गलत कुरो गर्न हिजो यिनीहरुले नै राजालाई उत्प्रेरित गरेका थिए ।

संसदमा विकल्प बाँकी रहुन्जेल प्रधानमन्त्रीले संसद विघटन गरेर मध्यावधिमा जाने सिफारिश गर्न पाइँदैन भनेर नजीर खडा गर्ने र प्रधानमन्त्रीको विशेषाधिकारसम्बन्धी संवैधानिक प्रावधानमै अप्रत्यक्ष संशोधन गर्ने व्यक्ति को हुन् ? ती यिनै विश्वनाथ उपाध्याय हुन् । संसदमा विकल्प छ भनेर ९६ जना सांसदले अहिले प्रष्टै भन्दैछन् । तर आज कुन नैतिकताले यिनै विश्वनाथ उपाध्याय प्रधानमन्त्री थापाको मध्यावधिमा जाने निर्णयलाई वैध ठहऱ्याउँदैछन् ? आज सांसदहरु किन्दै, बैंकक पठाउँदै तीन तीन महिनामा, ६-६ महिनामा सरकार बदल्ने भ्रष्ट र अस्थिर राजनैतिक माहौल खडा गर्नमा जिम्मेवार व्यक्ति पनि उनै विश्वनाथ नै होइनन् र ?

सामान्यतः पूँजीवादी संसदीय प्रणालीमा प्रमलाई उचित लागेको समयमा संसद विघटन गरेर चुनावमा जानु कानूनतः वैध ठानिन्छ । यसलाई प्रधानमन्त्रीको विशेषाधिकार भन्ने गरिएको छ । अहिले नेपालमा २०५१ भदौ १२ को फैसलाले खडा गरेको नजीरका कारणले जे गरे पनि विधानतः विवादरहित नहुने समय र परिस्थिति छ । प्रधानमन्त्रीको सिफारिश मानौं, नजीरले काट्छ, नजीरअनुसार गरौं, संविधानको प्रावधान अर्कै छ । यो संवैधानिक अन्यौल देशमा विद्यमान छ । यही अन्यौलले राजालाई प्रधानमन्त्रीको सिफारिश नै लत्याउने र संविधानको व्याख्याको लागि अदालत गुहार्ने अवसर प्रदान गरेको छ ।

तर गाँठी प्रश्न यहाँ अरु नै देखिन्छ । थापा सरकारले यति चाँडै मध्यावधिको बाटो अवलम्बन गर्नुबाट के देखिएको छ भने, थापा-कांग्रेस गठबन्धन सरकारलाई अरु काम केही गर्नु थिएन, आफ्नै सरकारको मातहतमा मध्यावधि चुनाव गराउनु थियो । यदि चुनावै मात्र गराउनु थियो भने, यो चुनाव त एमाले-राप्रपा गठबन्धन सरकारले पनि गर्न सक्थ्यो । किन अनेकौं तिकडम गरेर मन्त्री र सांसद समेत किनेर आफैंले चुनाव गराउन यति धेरै व्याकुल भइरहेछ त- कांग्रेस र थापा सरकार ? गाँठी रहस्य यसैमा लुकेको छ ।

**थापा सरकारको पक्षमा सर्वोच्च अदालतले राय दियो भने उसले आफ्नै सरकारको मातहतमा चुनाव गर्नेछ र त्यो चुनाव ३६ सालको जनमत संग्रह जस्तै महाधाँधलीपूर्ण हुनेछ ।**

यसबाट प्रष्टिएको कुरा के हो भने, नेपालको चरम दक्षिणपन्थी शक्तिहरु एमालेको मातहतमा हुने चुनावबाट अत्यन्त भयभीत छन् । उनीहरु हरहालतमा यस्तो हुन नदिने पक्षमा छन् । उनीहरुले विगतका दुई एमाले सरकार गिराएकै एमाले चुनावमा जाला र बहुमत ल्याउँला भन्ने भयले हो । उसको राजाप्रतिको वर्तमान आक्रोशमा पनि त्यही स्वार्थ र भय लुकेको छ ।

अहिले अदालतले के राय देला, हेर्न बाँकी छ । तर थापा सरकारको पक्षमा सर्वोच्च अदालतले राय दियो भने उसले आफ्नै सरकारको मातहतमा चुनाव गर्नेछ र त्यो चुनाव ३६ सालको जनमत संग्रह जस्तै महाधाँधलीपूर्ण हुनेछ ।

तर दरबार चाहिं अहिले थापा-कांग्रेस गठबन्धनको मातहतमा भन्दा चन्द-एमाले गठबन्धनको मातहतमा चुनाव गराउन बेसी लालयित भएको देखापरेको छ । दरबारको व्यवहारले देखाएको छ- ऊ अहिले थापा-कांग्रेस गतिविधिबाट उत्तर्सिएको छ । संभवतः जैन आयोगको रिपोर्टले पैदा गरेको 'र' सितको अन्तरविरोध यसको कारण हुन सक्छ । त्यसैले दरबारको लाग्यो भने दरबार संसदको विशेष अधिवेशनतिरै लम्किने छाँटकाँट देखिन्छ । बहुमत जुटाउने समय दिनकै लागि राजाले यो मुद्दा सर्वोच्चमा पठाएको पनि हुन संभव छ ।

अब जसरी होस्, जालझेल, षड्यन्त्र राज्यको ढुकुटीको लोसलानीमा सांसदहरुको किनबेच नेपालको नियति भएको छ । त्यो अन्त गर्न एउटा संभावित उपाय मध्यावधि नै हो । त्यसैले मध्यावधि त नेपालमा हुनु नै छ । प्रश्न के हो भने, कुन सरकारको मातहतमा मध्यावधि चुनाव भयो भने देश, जनता र गरिखाने वर्गको बढीभन्दा बढी हितमा हुन्छ ? हाम्रो ठम्याइमा त्यो सर्वपक्षीय राष्ट्रिय सरकारको मातहतमा हुनु नै सबैभन्दा बेस विकल्प हो । त्यसैले, सबै जनपक्षीय शक्तिहरुले यस्तो सरकारको गठनको माग गर्नु आजको समयको आवश्यकता हो । ❑

अन्तर्क्रिया

## एमालेको छैठौं महाधिवेशनको सन्दर्भमा वाम नेताहरु एकै थलोमा !

**नेकपा** एमालेको छैठौं महाधिवेशनको पूर्वसन्ध्यामा एमालेले अवलम्बन गरिरहेको नेपाली क्रान्तिको सिद्धान्त 'जनताको बहुदलीय जनवाद' बारे गम्भीर अन्तर्क्रिया हुन जरूरी छ भन्ने ठानेर हामीले गत पुस २२ गते एउटा अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेका थियौं । त्यस कार्यक्रममा नेकपा एमालेका महासचिव क. माधवकुमार नेपाल, नेकपा (एकता केन्द्र) का नेता क. सन्देश र एमाले स्थायी कमिटीका सदस्य क. वामदेव गौतमको सहभागिता थियो । बौद्धिकहरूमा प्रा. माणिकलाल श्रेष्ठ, गोविन्द भट्ट, डा. सरोज धिताल र महेश्वरमान श्रेष्ठले पनि अन्तर्क्रियामा भाग लिनुभएको थियो । करीब ३.५ घण्टासम्म चलेको त्यस महत्वपूर्ण अन्तर्क्रियामा एमालेका नेता कमरेडहरू निर्धारित समयभन्दा धेरै पछाडि आउनुभएको र क. माधवकुमार नेपाल कार्यव्यस्ततावश अन्तर्क्रियाको बीचैमा जानुभएकोले लक्ष्य राखेमुताबिक सर्वाङ्गिण अन्तर्क्रिया हुन पाएन । र, कार्यक्रममा उपस्थित अन्य नेता, जस्तो संजमोका महासचिव क. लीलामणि पोखरेल र बौद्धिकहरू सुशीलचन्द्र अमात्य, फणिन्द्र न्यौपाने लगायत अरूले पनि समय अभावको कारणले अन्तर्क्रियामा उपस्थित भएर पनि भाग लिन पाउनु भएन । क. वामदेव गौतमले आफ्नो भिन्न मत पेश गर्दा क. माधव नेपाल हिँडीसक्नुभएको थियो । त्यसैले उहाँको विचारमा क. माधवको प्रतिक्रिया प्रस्तुत हुन सकेन ।

तथापि, सीमित समयमै त्यहाँ अभिव्यक्त भएका विचारहरू सैद्धान्तिक हिसाबले धेरै नै महत्वपूर्ण थिए । त्यसले 'बहुदलीय जनवाद'को उपादेयता र यसको सीमा दुबैलाई बुझ्न राम्रो सहयोग पुऱ्याउने सम्भावना भएकाले हामीले अन्तर्क्रियाको सारसंक्षेपलाई यहाँ प्रस्तुत गरेका छौं ।

-मूल्यांकन

◆ **श्याम श्रेष्ठ**

विषयको शुरूवात 'बहुदलीय जनवाद'को सैद्धान्तिक पक्षबाटै गरौं। यसको लागि म सबभन्दा पहिले क. माधव नेपाललाई प्रश्न सोध्न चाहन्छु।

❑ **'बहुदलीय जनवाद' नै नेपाली क्रान्तिको कार्यक्रमको रुपमा कसरी र किन प्रस्तावित भएको हो? र, शान्तिपूर्ण तथा संसदीय बाटोबाट नै अहिले अगाडि बढ्न सम्भव छ भनेर जुन निष्कर्ष निकालिएको छ, र क्रान्तिपछि पनि** गर्ने हिसाबले, आमूल परिवर्तनको कार्य सम्पादन गर्ने हिसाबले, आमूल परिवर्तनपश्चातको समाज निर्माणको खाका तयार गर्ने हिसाबले र समाजवादतर्फ संक्रमण गर्ने बस्तुगत आधार तयार गर्ने हिसाबले समेत हाम्रो समग्र कामलाई निर्देशित गर्ने र मार्गदर्शन गर्ने हिसाबले आएको विचार हो यो। यस कारणले गर्दा 'जनताको बहुदलीय जनवाद' नेपाली क्रान्तिको सिद्धान्त बन्न पुगेको छ।

नेकपा मालेको चौथो महाधिवेशनको कमजोर बन्न जान्छ भन्ने हाम्रो धारणा रहेको थियो।

हामीलाई के लाग्छ भने, संघर्षको रूप चयन गर्दा त्यस समयको परिस्थितिलाई ध्यान दिइएको हुनुपर्दछ। अर्थात्, त्यो रूप समय र परिस्थिति अनुरूप हुनु पर्दछ। तर, क्रान्तिको सिद्धान्तको सवाल भनेको सिर्फ संघर्षको रूपसंग मात्र जोडिएको हुँदैन। यो सिंगो क्रान्तिको कार्यदिशा निर्देशित गर्ने कुरासंग पनि जोडिएको हुन्छ।

नेपालको बस्तुगत स्थितिमा हामीले लोकप्रियता, विस्तार, दीर्घकालीनता र टिकाउपनको पक्षलाई समेत ध्यान दिएका छौं। यी कुराहरूलाई नियाल्दा के देख्यौं भने, ६० वर्षभन्दा बढी समयसम्म कायम भएको समाजवादी व्यवस्था पनि आन्तरिक नीतिमा भएको त्रुटीले गर्दा खत्तम हुँदोरहेछ। त्यस्तै, आफ्नै अन्तरनिहित केही कमजोरीले गर्दा कम्युनिष्ट पार्टीका मित्र वर्गहरू नै आफ्नो साथमा नरहेर शत्रु पार्टीको साथमा गोलबन्द हुँदारहेछन् भन्ने कुरा हामीले बुझ्यौं। यसले के कुरा देखायो भने,

# 'बहुदलीय जनवाद' नेपाली क्रान्तिको कार्यक्रम हुन सक्छ कि सक्दैन ?

**बहुदलीय प्रतिस्पर्धा रहने नौलो जनवाद नेपालमा जरुरी छ भनी तपाईहरु भन्दै हुनुहुन्छ। यसको सैद्धान्तिक पक्षबारे प्रकाश पारिदिनु हुन्छ कि?**

◆ क. माधव नेपाल

जनताको बहुदलीय जनवाद भनेको नयाँ जनवादी क्रान्तिको कार्यक्रममा थपिएको बहुदलीय प्रतिस्पर्धाको पद्धति हो। अर्थात्, नयाँ जनवादको कार्यक्रम+बहुदलीय प्रतिस्पर्धाको पद्धति= जनताको बहुदलीय जनवाद।



वास्तवमा, हामीले 'जनताको बहुदलीय जनवाद'लाई नेपाली क्रान्तिको सिद्धान्तको रूपमा लिएका छौं। अर्थात् मार्क्सवाद-लेनिनवादलाई नेपालको वस्तुस्थितिमा लागू गर्ने क्रममा क्रान्ति सम्पन्न हुनुभन्दा पहिलेको चरणमा पार्टीको राजनैतिक आचरणलाई निर्देशित राजनीतिक प्रतिवेदन या नेपाली क्रान्तिको कार्यक्रमसम्बन्धी दस्तावेजमा दुईवटा महत्वपूर्ण कुराहरू उल्लेख छन्। पहिलो, बहुदलीय शासन प्रणालीलाई अँगाल्ने र दोस्रो, प्रधान शत्रुको विरूद्ध लड्न सामन्तहरूलाई समेत क्षतिपूर्ति दिई भूमिसुधारको कार्यक्रम लागू गर्ने। प्रधान शत्रुको विरूद्ध लड्न चाहने सामन्तहरूलाई क्षतिपूर्ति दिने कुराले सामन्त वर्गबीच फाटो आई प्रधान शत्रु

बहुदलीय प्रतिस्पर्धाको प्रणालीलाई सामेल गराउनु पर्ने र पार्टी, समाज, राज्य या सामाजिक जीवनमा प्रजातान्त्रिकरण गर्नु पर्ने किन जरूरी ठान्यौं? यसबारे यहाँ म छोटो चर्चा गर्छु।

हामीले बहुदलीय जनवादी कार्यदिशा समात्दा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको अनुभव र नेपाली राजनीतिक आन्दोलनको अनुभवलाई विश्लेषण गरेका छौं। र, हामीले कम्युनिष्ट आन्दोलनको

शत्रु वा विरोधी पार्टीमा त्यस्ता केही कुराहरू रहेको हुनुपर्छ, जसले गर्दा मित्र ठानिएका वर्गहरू मजदूर, किसान, निम्न पूँजीपति, राष्ट्रिय पूँजीपति र देशभक्त प्रजातन्त्रवादी तप्का तिनीहरूतर्फ आकर्षित हुँदारहेछन्। यिनीहरू सिर्फ अवसरवादको कारणले मात्र त्यतातर्फ आकर्षित भएका हुन् वा कतै कुनै कम्युनिष्ट पार्टीको नीतिगत अपूरोपनाले गर्दा या अर्को पक्षमा भएको कुनै आकर्षणको पक्षले गर्दा त्यहाँ तानिएका हुन्?- यसलाई हामीले राम्ररी विश्लेषण गर्नु जरूरी छ। यदि हामी यसलाई राम्रो विश्लेषण गर्दैनौं भने, कम्युनिष्ट पार्टीले जतिसुकै क्रान्तिका ठूल-ठूला कुरा गरे पनि शत्रुको वरपरि गोलबन्द जनतालाई आफ्नो वरिपरि गोलबन्द गर्न सकिँदैन। यसको निम्ति आफ्नो देशको परिस्थिति र आफ्नो देशका



## अन्तर्क्रिया:

### क. माधव नेपाल, क. सन्देश (एकता केन्द्र), क. वामदेव गौतम र बौद्धिकहरुबीच

साथमा

एमालेका विचार र व्यवहारहरूबारे प्रा. माणिकलाल श्रेष्ठ, गोविन्द भट्ट, खगेन्द्र संग्रौला, डा. चैतन्य मिश्र र दीपक ज्ञवालीका टिप्पणीहरू

- ◆ एमालेका दुबै दस्तावेजहरुको चिरफार
- ❑ एमालेभित्रको विकृतिको कारणको पनि कारण के हो ?
- ◆ एमाले सर्वोच्च नेतृत्व तहमै क्रान्तिको जरुरी छ। एमालेको संगठनात्मक प्रस्ताव कस्तो छ ?
- ◆ भाषा, जाति, धर्म र संस्कृतिसम्बन्धी प्रस्ताव कस्तो छ ?



जनताको मनोविज्ञानलाई पनि ध्यानमा राख्नु पर्दछ। यहाँ आफ्नो देशको परिस्थिति भन्नाले देशको विगतदेखि वर्तमानसम्मको परम्परा, इतिहास, संस्कृति र संस्कारमा रहेका अन्तरनिहित कुराहरूलाई बुझ्नु पर्दछ। यो अनुभव हामीले पूर्वी युरोपका देशहरूबाट प्राप्त गर्‍यौं। त्यहाँ सिर्फ रूसको नक्कल गरेर पार्टी निर्माण गरियो र रूससित नै तिनीहरू आश्रित हुन पुगे। फलतः जब आफ्नो देशमा पार्टी र समाजवादमाथि प्रहार भयो, तब त्यसलाई बचाउन त्यहाँका जनताले कुनै पनि अग्रसरता देखाएनन्। त्यसकारण, आफ्नै देशका जनताको मनोभावनालाई र उनीहरूको चाहनालाई प्रतिबिम्बित गर्न सक्ने कार्यहरू कम्युनिष्ट पार्टीले गर्नु पर्दछ भन्ने हामीलाई लाग्यो।

हामीले के देखेका छौं भने, केही बुर्जुवा व्यवस्था भएका मुलुकहरूमा बुर्जुवा वर्गकै एउटा पार्टी जनतामा विस्थापित हुन्छ र अर्को पार्टी स्थापित हुन्छ। तर बुर्जुवा वर्गको समग्र शासन व्यवस्था नै भने धरासायी हुँदैन। त्यहाँ एउटा पार्टी जनताको नजरमा गिर्न सक्छ र त्यही वर्गको प्रतिनिधि अर्को पार्टीले जनतालाई आकर्षित गर्छ। उनीहरू आफ्नो हातमा सत्तालाई राखिराख्न सक्षम भएका हुन्छन्। गिर्‍यो भने पार्टी गिर्छ, तर उनीहरूको राज्यव्यवस्था, समाज व्यवस्था भने गिरेको हुँदैन।

यसको उल्टो, समाजवादी मुलुकको अनुभव हेर्दा के देखिन्छ भने, त्यहाँ पार्टी र व्यवस्था एउटै हुन पुग्छ, तर त्यो सिंगो समाजको अंग भने बन्न पुग्दैन। र, पार्टी जनताबाट विस्थापित हुन जाँदा व्यवस्था नै विस्थापित हुन पुग्छ। हामीले नियाल्यौं- यहाँ केही त्रुटी अवश्य पनि छ। र, यही त्रुटीलाई बुझेर नै 'एउटा देशमा एउटै मात्र कम्युनिष्ट पार्टी हुनुपर्छ' भन्ने मान्यताबाट हामी पहिले नै मुक्त भइसकेकाछौं।

व्यवहारिक रूपमा हामी के मानिरहेका छौं भने, सर्वहारा वर्गको नै प्रतिनिधिको रूपमा पनि एकभन्दा बेसी पार्टीको अस्तित्व मुलुकमा हुन संभव छ। बुर्जुवा वर्गको व्यवस्थामा एकभन्दा बढी पार्टीको अस्तित्व हुनसक्दछ भने सर्वहारा वर्गको पनि एकभन्दा बेसी पार्टीको अस्तित्व किन हुन सक्दैन? यसको कारण के हो भने, पार्टीहरूबीच कतिपय कोण र जोडमा भिन्नता भएर पनि मूलतः सर्वहारा वर्गकै पक्षपोषण गर्न तिनीहरू अग्रसर रहेका हुन सक्छन्। कसैको विचारमा रहेका कोण र जोड ठीक कि बेठीक भन्ने कुरा व्यवहारले मात्रै छुट्याउँदछ। र, त्यसैले व्यवहारमा जान सबैलाई अवसर प्रदान गर्नु पर्दछ। यस अवस्थामा, एकातिर साझा सवाललाई लिएर संयुक्त रूपमा अगाडि बढ्न वाम पार्टीहरूलाई बाटो खुलिरहेको हुन्छ भने अर्कोतिर, कुनै खास पार्टी उसको सही नीति तथा कार्यक्रमको कारणले गर्दा जनताबीच बढी लोकप्रिय बन्दै गइरहेको हुन्छ। तर सारमा भने, वाम तथा कम्युनिष्ट राजनीति नै देशमा हावी भइरहेको हुन्छ। हामी सोच्दछौं- यो कुरा क्रान्ति अघि मात्र होइन, क्रान्तिपछि पनि लागू हुन संभव छ।

कम्युनिष्ट आन्दोलनभित्र भिन्न विचारप्रति असहिष्णु व्यवहार गर्ने प्रवृत्ति हावी छ। आफ्नो विचारसित मेल नहुनाको कारणले मात्र नै अर्कोलाई प्रतिकृयावादको दलाल भन्ने र अस्वस्थ



**समाजवादमा पनि फरक विचार राख्नेहरुलाई छुट्टै पार्टी खोल्न दिँदा के नै फरक पर्थ्यो र? कहिले स्टालिनले, कहिले बुखारिनले र कहिले ट्राट्स्कीले समाजवादलाई अगाडि बढाउने काम गर्दा के नै फरक पर्थ्यो र? - माधव नेपाल**

द्वन्दको रूपमा फरक विचारका मानिसहरूलाई भौतिक रूपमा समेत समाप्त पार्ने व्यवहारहरू कम्युनिष्ट आन्दोलनमा भएका यत्र तत्र देखिन्छन्। हाम्रै मुलुकमा पनि पहिले हामीले नै त्यस्तो व्यवहार गर्‍यौं भने हाल माओवादीहरूले त्यस्तो व्यवहार गरिरहेका छन्। कम्युनिष्ट आन्दोलनभित्रको यो एक गम्भीर रोग हो भन्ने हामीलाई लाग्दछ।

असहिष्णुताको पक्ष बुर्जुवाहरूबीच पनि देखिन्छ तर मूल रूपमा तिनीहरूबीच सहिष्णुताको पक्ष नै हावी भएको देखिन्छ।

समाजवादमा पनि फरक विचार राख्नेहरूलाई छुट्टै पार्टी खोल्न दिँदा के नै फरक पर्थ्यो र? कहिले स्टालिनले, कहिले बुखारिनले र कहिले ट्राट्स्कीले समाजवादलाई अगाडि बढाउने काम गर्दा के नै फरक पर्थ्यो र?

यसबाट हामीलाई के महसुस भयो भने, वास्तवमा बहुलतालाई स्वीकार्नु पर्ने रहेछ र एकभन्दा बेसी पार्टीको अस्तित्वलाई स्वीकार्नु पर्ने रहेछ।

दोस्रो कुरो, सहिष्णुताको पक्षलाई पनि विकास गर्नु पर्दोरहेछ। यसको लागि राजनीतिक विचारमा देखापर्ने अनेक रूपलाई सहजै स्वीकार्ने हाम्रो स्वभाव हुनु पर्दछ। विचारमा एकै रूप मात्र हुन असंभव छ। समाजवादी व्यवस्थामा विचारलाई एकै रूप मात्र दिन खोज्दा 'व्यारेक टाइप'को 'कम्युनिज्म' देखा पर्न गयो।

यो एकरूपताकै सवाललाई लिंदा हामी आधारभूत एकरूपताको माग चाहिं अवश्य नै गर्न सक्छौं। आधारभूत एकरूपता भन्नाले हामी समाजवादी व्यवस्थालाई मान्नुपर्छ भन्ने कुरालाई लिन्छौं।

अर्को कुरा के हो भने, एउटा पार्टीले क्रान्तिभन्दा पहिले जनतालाई क्रान्तिपछि सुख दिन्छु भनेर कबोल गर्‍यो र त्यसअनुसार जनताबाट विश्वास प्राप्त गरेर क्रान्तिमा विजय पनि हासिल गर्‍यो भने, के अब त्यो विश्वास सधैंको लागि स्थायी भएर नै बस्दछ भन्ने ग्यारेन्टी हुन्छ र? तर, समाजवादी व्यवस्थाको अभ्यासमा त्यस्तो ग्यारेन्टीको कुरा पनि सोचियो। यसले गर्दा जनताको मनोभावनालाई बुझी तिनीहरूको विश्वासलाई निरन्तर रूपमा साथ लिने प्रक्रियाको त्यहाँ अभाव रहन गयो। त्यहाँ जनताको अभिमत स्वतन्त्र रूपले राख्न दिने वातावरण नै सृजना गरिएन। जनताको भावनालाई पोख्न दिने कुनै संयन्त्र बनाइएन। शासन गर्नेहरूको मनमा आएका विचारहरूलाई नै 'जनताको विचार'को रूपमा लिने गरियो। यसले गर्दा जनता 'दास'को रूपमा परिणत हुनपुगे। र, यसबाट जनता असन्तुष्ट हुन थाले। तर, त्यो असन्तोषलाई अभिव्यक्त गर्ने कुनैपनि निकास जनतालाई दिइएन। यस्तो भएपछि असन्तोषहरू क्रमशः जम्मा हुँदै जान थाले र अन्तमा, त्यो विस्फोटन भएर कतिपय देशहरूमा समाजवादी व्यवस्थाको नै अन्त्य हुन पुग्यो।

त्यसैले, समाजवादी राज्यमा भएको दोषलाई साम्राज्यवादको षड्यन्त्रको पाटो भनेर समाजवादीहरू स्वयंका कमजोरीहरूलाई भने लुकाउनु पर्ने कुनै आवश्यकता छैन। त्यहाँका कम्युनिष्ट पार्टीहरूले जनताको चाहनालाई बेवास्ता गरेको, जनताका दैनिक आवश्यकताहरूलाई पूर्ति गर्न कुनै चासो नदेखाएको, जनताका गुनासाहरूको कुनै सुनुवाई नगरेको, जस्ता विभिन्न कुराहरूले गर्दा समाजवादी देशहरूमा जनताबाट पार्टीको दूरी बढ्न गयो। यसबाट स्वाभाविक रूपमा कम्युनिष्ट पार्टीमा नोकरशाही प्रवृत्ति हुर्किंदै गयो।

यी सबै कुराहरूले हामीलाई के सिकाए भने, कम्युनिष्ट पार्टीप्रतिको जनताको अभिमत बुझ्न चाहिने माध्यम के हुन सक्दछ? त्यसको लागि के-कस्तो संयन्त्र बनाउनु पर्दछ भन्ने कुराको खोजी गर्नु नितान्त जरूरी छ।


यसै क्रममा, हामीले बुर्जुवा व्यवस्थामा जनताको अभिमत बुझ्ने एउटा माध्यमको विकास भएको देख्यौं। त्यो वास्तवमा मानव जातिको संघर्षको क्रममा विकास भएको थियो। त्यसलाई 'बुर्जुवा परिपाटी' भनेर अस्वीकार गर्न सकिँदैन। यदि पूँजीवादी व्यवस्थाले विकास गरेको विज्ञान, प्रविधि तथा व्यवस्थापनको पक्षलाई समाजवादी व्यवस्थाले पनि उपयोग गर्न सक्दछ भने पूँजीवादी व्यवस्थाले विकास गरेको सामाजिक विज्ञानलाई पनि समाजवादी व्यवस्थाले आत्मसात किन नगर्ने? मानव जातिको लामो संघर्षबाट प्राप्त यी उपलब्धिहरू सबैका साझा हक लाग्ने कुराहरू हुन्।

समाजवादी व्यवस्थाले पनि राज्यस्तरमा हुने भ्रष्टाचार तथा विकृति र विसंगतिहरूलाई नियन्त्रण गर्ने उपयुक्त विधिहरूको निर्माण गर्नु पर्दछ। त्यसको लागि निर्वाचन एक उपयुक्त प्रक्रिया हो। जनताले निर्वाचनमार्फत् राज्यमा जानेहरूको छनौट गर्न पाउनु पर्छ।

बहुदलीय प्रतिस्पर्धाको प्रणालीमा अन्य पक्षहरू पनि छन्। संविधानको सर्वोच्चता, कानूनको शासन, नियन्त्रण र सन्तुलनको सिद्धान्त, मानव अधिकारको कदर गर्ने, निर्वाचन प्रणालीलाई अप्नाउने,

# एमालेमा भइरहेको विवादलाई म कृत्रिम विवाद नै भन्छु

◆ गोविन्द भट्ट



❑ एमालेभित्र अहिले बहुमत पक्षको र अल्पमत पक्षको भनी जुन विवादहरु भइरहेका छन्, यिनबारे तपाईंको राय के छ ?

–जनताले एमालेप्रति ठूलो आशा लिइराखेको छ । यस स्थितिमा एमालेमा अहिले विचारका नाममा जुन भाषा, शैलीसहित जुन प्रकृतिको चर्काचर्की र विवाद भइरहेको छ, यसलाई म कृत्रिम विवाद नै भन्छु । यसमा म कुनै सारभूत आधार देखिरहेको छैन । आरोप-प्रत्यारोप र छेडपेचसहितको यो चर्काचर्की बहुतै दुःखदायी त छँदैछ, यो लज्जाजनक पनि छ । र, एउटा कम्युनिष्ट पार्टीलाई सुहाउने खालको छैन । यस्तो स्तरहीन शैली उहाँहरुले त्याग्नु हुन्न भने उहाँहरु दुवैथरिले 'म जनताप्रति समर्थित छु, जनमुखी छु' भन्ने आधार रहन्न । उहाँहरुको यो तालको विवाद देखेर जनता निराशसमेत हुन थालेको छ ।

❑ बहुमत र अल्पमत पक्षले त आफ्ना दस्तावेजहरुमा ठूलाठूला मतभेद छन् भनिरहनुभएको छ नि !

–मेरो अध्ययनअनुसार, हिजो पाचौं महाधिवेशनमा 'नयाँ जनवाद', 'सुधारिएको नयाँ जनवाद' र 'जनताको बहुदलीय जनवाद' नामका रणनीतिक रुपले नै भिन्न मतहरु एमालेमा थिए । तर आज दुवैथरिले रणनीतिको रुपमा 'जनताको बहुदलीय जनवाद'लाई मानिरहनुभएको छ । यस स्थितिमा कार्यदिशाका बारेमा भएका केही मत, जो आपसमा एक अर्काका परिपूरक छन्, तिनलाई लिएर यत्रो बबण्डर मच्चाउनु दार्शनिक हिसाबले र व्यवहारिक हिसाबले, दुवै हिसाबले जरुरी छैन, ठीक छैन ।

❑ अब के हुनुपर्छ त ?

–दुवै मतहरु बिलकुलै परिपूरक खालका छन् । तर राष्ट्रियताको पक्षमा फितलो बन्नु हुन्न भन्ने कुरामा र पार्टी दक्षिणपन्थी भासमा नजाकियोस् भन्ने कुरामा चाहिं चनाखो बनोस् भन्ने जोड दिन भने छुट्टाउनु हुन्न ।

❑ महाधिवेशनमा के होला त ?

–महाधिवेशनमा एउटा पक्षले अर्को पक्षलाई पछडि हट्न बाध्य गर्ने, अथवा चुनाव गरी अल्पमत र बहुमतको रुपमा पार्टीलाई चिरा पार्ने अथवा दुवै दस्तावेजलाई परिपूरकको रुपमा मिलाएर लाने– यी तीन विकल्पहरुमध्ये म तेस्रो विकल्पको पक्षमा छु । दुवैथरि विचार खण्डित विचार हुन्, मिलाएमा परिपूर्ण हुन्छन् । यत्रो त्याग तपस्या गरेर पार्टीलाई यो स्थितिमा ल्याउने एमालेका तमाम नेता कार्यकर्ताहरुलाई म हार्दिक सल्लाह दिन्छु– तपाईंहरु 'अहं'को टक्कर गर्न छोड्नुहोस् । आधारभूत मतभेद नहुँदा नहुँदै पनि एमालेमा स्थायी फुटको बिजारोपण गर्न देशी-विदेशी प्रतिकृयावादीहरुले चाहिरहेका छन् । यसबाट सबैजना सतर्क हुनैपर्छ, नत्र समग्र देशकै निम्ति ठूलो हानी हुनेछ ।

❑ तपाईं प्रगतिशील सांस्कृतिक क्षेत्रका एक कर्मी र चिन्तक समेत हुनुभएको नाताले एमालेले प्रगतिशील संस्कृति निर्माणको कुरामा दस्तावेजहरुमा ध्यान नदिएको बारे के प्रतिकृया व्यक्त गर्नु हुन्छ ?

–यो पक्ष छुटेको छ । छुट्नु गंभीर कमी हो । यसबाट संस्कृति जस्तो अति महत्त्वपूर्ण सवालमा उहाँहरुले ध्यान दिनुभएको छैन भन्ने देखिन्छ । हालको स्थितिमा ज.ब.ज.को दृष्टिबाट वर्तमान नेपालमा चालू सांस्कृतिक स्थितिको मार्क्सवादी-लेनिनवाद दृष्टिकोण के हो ? हाल अत्याधुनिक संचार माध्यममार्फत् कम्युनिष्टविरोधीहरुले र साम्राज्यवादीहरुले गरिरहेको सांस्कृतिक आक्रमणसंग जुध्ने यो योजना र कार्यक्रम के ? हाम्रो वर्तमान संस्कृतिको सकारात्मक नकारात्मक पक्ष के के हुन् भनी छुट्याउने र सकारात्मक पक्षलाई कसरी साथ दिएर अगाडि बढाउने ?

यी तीन कुरालाई संगेटी महाधिवेशनले पछि व्याख्या विश्लेषण गर्ने गरी छोटो रुपमै भए पनि दस्तावेजमा समावेश गर्नुपर्छ । प्रगतिशील सांस्कृतिक आन्दोलनको पक्षमा महाधिवेशनले गंभीर ध्यान दिनुपर्छ । ❑

---

बहुमतको सरकार र अल्पमतको विपक्ष रहने जस्ता सबै कुराहरू यसभित्र पर्छन् ।

तर, समाजवादी राज्यहरूमा यी मामिलाहरूको सन्दर्भमा पनि त्रुटीहरू देखापरे । पार्टीको आदेश आएपछि संविधान-कानूनले जे सुकै भने पनि केही नलाग्ने स्थितिको त्यहाँ जन्म भयो । यसले गर्दा कार्यपालिकाको त्रुटीलाई नियन्त्रण गर्ने कुनै संयन्त्रको त्यहाँ विकास भएन । बुर्जुवाहरूले आफ्नो व्यवस्था टिकाउन सक्षम मान्छेहरूको विकास गरेर कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामा खटाएको देखिन्छ । तर, समाजवादी व्यवस्थालाई समाजको अंग बनाउने हिसाबले समाजवादको व्याख्या गर्ने स्वतन्त्र न्यायपालिकाको उल्लेखनीय विकास गर्न भने सकिएको देखिएन । यसले गर्दा स्वभाविक रूपमा कार्यपालिका र व्यवस्थापिकालाई 'चेक एण्ड ब्यालेन्स' गर्ने काम त्यहाँ हुन सकेन । कम्युनिष्ट पार्टीले सबै अधिकार केन्द्रीकरण गरेको कुराको महसुस जनतालाई हुन थाल्यो । यसबाट कम्युनिष्ट पार्टीका त्रुटीहरू जनतालाई देखाउन नसक्ने स्थितिको सृजना त्यहाँ हुन गयो । र, यसरी सम्पूर्ण जिम्मेवारी कम्युनिष्ट पार्टीको केन्द्रीय समिति र महासचिवमा केन्द्रित हुनपुग्यो । व्यवस्थालाई जोगाउने र विकास गर्ने जिम्मेवारी जनताको हो भन्ने कुराको अनुभूति त्यहाँ जनतालाई गराइएन । जबकि, बुर्जुवा व्यवस्थामा जनतालाई व्यवस्थासंग जोड्ने काम गरिएको हुन्छ । त्यहाँ व्यवस्थाको रक्षा र विकासको लागि सचेत तप्काको विकास गरिएको हुन्छ र सक्षम नेतृत्वको चयन गर्ने प्रकृया निरन्तर चलाइएको हुन्छ ।

समाजवाद, समाजवादी व्यवस्था र समाजवादी आन्दोलनको विकास पनि सचेतन रूपमै हुन्छ, स्वःस्फूर्त रूपले हुँदैन । तर, समाजवादलाई समाजको आवश्यकताको रूपमा विकास गरिएन ।

छोटोमा भन्नुपर्दा, अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा र अन्तर्राष्ट्रिय परिस्थितिमा देखिएका कतिपय पक्षहरूलाई हामीले ध्यानमा राख्यौं ।

त्यस्तै, देशभित्रका कम्युनिष्ट आन्दोलन र अन्य सामाजिक पार्टीहरूलाई पनि हामीले ध्यानमा राख्यौं । जस्तो कि, देशमा अझै पनि नेपाली कांग्रेस जनताको माझमा किन आकर्षणको विषय बनिरहेको छ ? किन कम्युनिष्ट पार्टीले त्यति ठूलो जनसंख्यालाई आबद्ध गर्न सकिरहेको छैन ? यी सवालमा हाम्रो ध्यान गयो ।

यतापट्टि हाम्रो ध्यान २०४२ सालमै गएको थियो । हामीले के बुझ्यौं भन्दा, 'प्रजातन्त्र' को शब्द नेपाली कांग्रेसले एकलौटी रूपमा प्रयोग गरिरहेछ । हामीले 'जनवाद' शब्द प्रयोग गरिरह्यौं । वास्तवमा प्रजातन्त्र, जनवाद र डेमोक्रेसी सबै शब्दले एउटै अर्थ दिन्छन् । त्यसैले, 'प्रजातन्त्र' कांग्रेसको मात्र पेवा बनाइनु हुन्न भन्ने कुरा बुझी हामीले पहिलो पटक प्रजातन्त्र शब्दको प्रयोग गरेर 'प्रजातान्त्रिक राष्ट्रिय एकता मंच'को निर्माण गरेका थियौं ।

त्यस्तै, नेपाली कांग्रेसले आफू लोकप्रिय हुन प्रयोग गरिएका केही माध्यमहरूको रूपलाई पनि हामीले केलाएर हेर्‍यौं । हामीले के देख्यौं भने, त्यो लोकप्रिय हुनुमा त्यो प्रजातान्त्रिक छ, त्यसले चुनावलाई मान्छ, त्यो प्रतिस्पर्धामा उत्रन चाहन्छ र त्यसले जनतालाई मानव अधिकार दिन्छ । तर कम्युनिष्टहरू यी कुराहरू केही पनि गर्दैनन् र उनीहरू जनतालाई दमन मात्र गर्छन् भन्ने भ्रम जनताको दिमाग परेको रहेछ । त्यसैले, हामी ठान्दछौं– यो भ्रम जनताको दिमागबाट हटाउनु जरूरी छ । यदि यो हटाइएन भने, अझै पनि जनताको ठूलो पंक्ति गैर कम्युनिष्टहरूको हातमा नै रहिरहनेछ ।

यिनै कुराहरूको परिप्रेक्षमा नै हामी 'जनताको बहुदलीय जनवाद'को कार्यक्रमको तर्जुमा गर्ने तहमा पुगेका हौं ।

## क. माधव नेपालको भनाइप्रति नेकपा, एकता केन्द्रका नेता क. सन्देशको टिप्पणी

'जनताको बहुदलीय जनवाद'का बारे कुराकानी गर्दा यो कुन सन्दर्भबाट विकसित भएको छ र अहिले यसलाई एमालेले कुन रूपमा प्रस्तुत गरिरहेको छ भनेर हामीले बुझ्नु जरूरी हुन्छ ।

अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनलाई हेर्दा सोभियत संघ र पूर्वी युरोपीय देशहरूमा जुन 'सेट ब्याक' हरू देखापरे, तिनीहरूको मूल्यांकन र सिंहावलोकन गर्ने क्रममा त्यसै सन्दर्भलाई लिएर समाजवादका हारका कारणहरू खोज्ने र त्यसको समाधानको उपाय पत्ता लगाउने प्रयासमा एमालेले 'जनताको बहुदलीय जनवाद'को कार्यक्रमलाई अगाडि ल्याएको देखिन्छ । यस दौरानमा एमालेले यसलाई तीन वटा रूपहरूमा प्रस्तुत गरेको छ । पहिलो, अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा समाजवादको पराजयको कारण खोज्ने र त्यसको समाधानको या जवाफको रूपमा 'जनताको बहुदलीय

> हामीले के बुझ्यौं भन्दा, 'प्रजातन्त्र' को शब्द नेपाली कांग्रेसले एकलौटी रूपमा प्रयोग गरिरहेछ । हामीले 'जनवाद' शब्द प्रयोग गरिरह्यौं ।

जनवाद'को कार्यक्रमलाई प्रस्तुत गर्न खोजिएको छ। दोस्रो, यसलाई नेपाली क्रान्तिको सिद्धान्त र कार्यक्रमको रूपमा प्रस्तुत गरिएको छ। तेस्रो, यसलाई मौलिक र नवीन चिन्तनको रूपमा प्रस्तुत गरिएको छ।

एमालेको विश्लेषण के छ भने, पहिले क्रान्तिबाट स्थापित भएका समाजवादी सत्ताहरू जुन क्रमशः एकपछि अर्को ढल्दै गए, त्यसो हुनुमा समाजवादी देशहरूमा कम्युनिष्ट पार्टीहरूको एकाधिकार कायम हुनुले प्रमुख भूमिका खेलेको छ। त्यहाँ कम्युनिष्ट पार्टीको लोकप्रियताको परीक्षण गर्ने तथा त्यसले फेरि फेरि पनि जनताबाट जनादेश लिने स्थिति बन्न नसक्नुको कारणबाट त्यो जनताबाट अलग्गियो र जनतामा असन्तोषहरू बढ्न थाले। जनताका ती असन्तोषहरू बिस्फोटन हुँदा नै समाजवादी सत्ताहरू ढल्न पुगे। यसको विकल्पको रूपमा एमालेले के कुरा अघि सार्‍यो भने, क्रान्तिको पक्षमा अघि बढ्न र क्रान्तिलाई टिकाइराख्न कम्युनिष्ट पार्टीको एकाधिकारलाई हटाउनु पर्छ र बहुलवादी समाज तथा बहुदलीय संसदीय प्रतिस्पर्धाको राजनीतिक प्रणालीलाई अँगाल्नु पर्छ। उसको के तर्क रहेको छ भने, बहुदलीय प्रतिस्पर्धाले राजनीतिमा 'चेक एण्ड ब्यालेन्स' गर्छ र यसले क्रान्तिकारी सत्ता र क्रान्तिकारी समाजलाई टिकाउने तथा मजबूत पार्ने काम गन सक्दछ।

यस सन्दर्भमा हामीले कुन एउटा प्रश्न राख्नैपर्ने हुन्छ भने, समाजवादी सत्ताहरूको हारको प्रश्नलाई हेर्ने हाम्रो दृष्टिकोण के ? यो दृष्टिकोणको प्रश्नलाई केलाउनतर्फ गएनौं भने हामी भड्काउमा पुग्ने या पलायनमा जाने खतरा देखापर्ने हुन्छ।

समाजवाद आफैं संक्रमणकालीन समाज हो, जहाँ वर्गहरू अन्त्य भइसकेका हुँदैनन् र वर्ग संघर्ष जारी रहन्छ। त्यसकारण, त्यहाँ वर्गीय अधिनायकत्व आवश्यक हुन्छ भनेर नै समाजवादलाई सर्वहारा वर्गको अधिनायकत्वको समाज भनेर भनिएको हो। यसबाट के बुझ्नु पर्छ भने, समाजवादको जगमा पूँजीवादका बीउहरू अझै बाँकी रहन्छन्। यसरी समाजवादमा वर्गहरू बाँकी रहन्छन्। र, वर्ग संघर्ष जारी रहन्छ भने वर्गहरूको बीच टक्कर हुँदा त्यहाँ हार जीतको संभावना पनि रहिरहन्छ। यसरी हेर्दैनौं भने, कुनै पनि क्रान्ति जनवादी होस् या समाजवादी होस्, त्यो एक चोटी सम्पन्न भएपछि खुरूखुरू साम्यवादमा पुग्छ भन्ने निष्कर्षमा हामी पुग्छौं। र, जब त्यस्तो हुँदैन, तब सिद्धान्त नै गलत रहेछ भनेर हामी विसर्जन र पलायनतिर पुग्छौं।

दोस्रो कुरो, समाजवादको हारको कारण खोज्ने क्रममा वस्तुगत कारणलाई नकेलाई खालि कम्युनिष्ट क्रान्तिकारीहरूले गल्ती-कमजोरीहरू गरे भन्ने सवाललाई लिएर आत्मगत कारणको कोणबाट मात्र हामी हेर्छौं भने पनि हामी अर्को भड्काउमा पुग्छौं। यो भड्काउबाट पनि हामी बच्नु पर्दछ।

त्यसैले, समाजवादमा वर्गहरू हुन्छन् र वर्ग संघर्ष जारी रहन्छ भन्ने वस्तुगत आधारलाई ध्यानमा राखी त्यो संघर्षको दौरानमा कुनै बेला हार पनि हुन सक्छ भन्ने कुरा बुझ्नु पर्दछ। र, यदि हार हुन्छ या प्रतिक्रान्ति नै हुन्छ भने पनि त्यसको आत्मगत कारणहरू के-के हुन्, पार्टी या राज्यको तर्फबाट कुन त्यस्ता नीति, कार्यक्रम, प्रणाली र सिद्धान्तमा भएको कमी कमजोरीको कारणले हार हुन गयो, त्यसलाई खोज्ने र पत्ता लगाउने दृष्टिकोण अप्नाउनु पर्दछ।

समाजवादी सत्ताहरू ढल्नुका आत्मगत कारणहरूमा हामीले मुख्य रूपमा दुईटा कुराहरू देखेका छौं। पहिलो, विचारधारात्मक सांस्कृतिक स्तर पार्टी र समाज दुवै ठाउँमा कमजोर हुनु। यसले गर्दा स्वाभाविक रूपमा नियत राम्रो भए पनि वैचारिक अस्पष्टताको कारणले गर्दा संशोधनवादमा पुग्ने खतरा पैदा हुन्छ। वैचारिक अस्पष्टताको खाल्डोमा नै संशोधनवादको जन्म र विकास हुने गर्दछ। दोस्रो, वैचारिक अस्पष्टताको कारणले गर्दा संशोधनवादलाई चिन्न सकिँदैन। र, चिन्न नै सकेको छैन भने संशोधनवादसित लड्ने नै कसरी ? त्यसलाई हराउने कसरी ?

मार्क्सवाद, लेनिनवाद र माओ विचारधारा आफैं गतिशील सिद्धान्त हो। त्यसले परिवर्तित समयका नयाँ नयाँ समस्याहरूलाई समाधान गर्न आफूलाई विकसित गर्दै लैजानु पर्दछ। यदि वैचारिक-सैद्धान्तिक स्तर कमजोर हुन्छ भने, मार्क्सवाद-लेनिनवाद-माओ विचारधारालाई लगातार नयाँ नयाँ समस्याहरू समाधान गर्ने स्तरमा विकसित गर्न सकिँदैन। यसले गर्दा मार्क्सवाद र समाजवाद कमजोर बन्न पुग्दछ।

अर्को कुरो, सोभियत संघ र पूर्वी यूरोपमा पार्टी र समाज दुवै ठाउँमा सांस्कृतिक आन्दोलनको पक्षमा पर्याप्त ध्यान दिइएन। यसले गर्दा जो मान्छे पनि पार्टीमा खुरूखुरू पुग्न सक्किने र मार्क्सवाद-लेनिनवादको केही ज्ञान र केही चलाखी गर्न सक्ने खूबी हुनेबित्तिकै मानिसहरू पार्टीको नेतृत्व तहसम्म पनि पुग्न सकिने भयो। अझ क्रान्ति गरिसकेपछि त झन् सारा मानिसहरू हिजो यति उति काम गरेको या जेल परेको भन्ने कुराको आधारमा पार्टीमा सजिलै प्रवेश गर्न सक्ने भए। उनीहरूको जीवनदृष्टि नै त्यही हो कि होइन भनेर जाँची त्यहीअनुसारको जिम्मेवारी दिने र पदोन्नति गर्ने काम भएन भने, सांस्कृतिक आन्दोलनलाई आन्दोलनको अभिन्न अंग बनाइएन भने त्यसले सजिलै भ्रष्टाचार र विकृतिहरू जन्माइदिन्छ। यसबाट जो कम्युनिष्टविरोधी छ, त्यो नै कम्युनिष्टको नाममा कम्युनिष्ट पार्टीमा बसिदिन सक्छ। र, यसबाट पार्टी अन्ततोगत्वा गैर-कम्युनिष्टहरूको हातमा पुग्न जान्छ।

अर्को कुरा, विचारधारात्मक सांस्कृतिक आन्दोलन समाजमा पनि कमजोर भएपछि पार्टी संशोधनवादको भड्काउमा गए पनि जनताले त्यसलाई सच्याउन सक्ने स्थिति रहँदैन। न्यून वैचारिक सांस्कृतिक स्तरको कारणले जनताले त्यो भड्काव देख्न नै सक्दैन, बुझ्न नै सक्दैन। त्यसैले उनीहरू भड्कावको विरूद्ध लड्ने कुरा त आउँदै आएन।

सर्वहारा अधिनायकत्व सर्वहारा जनवादको जगमा उभिएको हुन्छ। त्यसैले, सर्वहारा अधिनायकत्व भनेको अर्को शब्दमा सर्वहारा जनवाद पनि हो। विचारधारात्मक सांस्कृतिक आन्दोलनको अभावले सर्वहारा जनवादलाई कमजोर बनाउँदछ। यो कमजोरी तीनवटा क्षेत्रमा देखापर्दछ। पहिलो, अन्तर्पार्टी जनवादलाई ग्यारेन्टी गर्ने सवालमा, दोस्रो, आम श्रमजीवी सर्वहारा जनसमुदायलाई वाक, प्रकाशन, अभिव्यक्ति र आलोचनाको स्वतन्त्रताको ग्यारेण्टी गर्ने सवालमा र तेस्रो तथा महत्वपूर्ण, राज्य संचालनमा आम सर्वहारा श्रमजीवी जनताको प्रत्यक्ष सहभागिताको सवालमा।

राज्य संचालनमा सर्वहारा श्रमजीवी जनताको प्रत्यक्ष सहभागिताको लागि तिनीहरू स्वयंले नै राज्य प्रशासन, नीति निर्माण गर्ने आदिमा प्रत्यक्ष भाग लिने एउटा वस्तुगत संस्थागत प्रणाली हुनु पर्दछ भन्ने कुरा लेनिनले ल्याउनुभयो। र, यस पक्षमा उहाँले सोभियत सत्ताको प्रणालीलाई अगाडि सार्नुभयो। सोभियतका कार्यकारी तथा व्यवस्थापकीय क्षेत्रहरू दुवैमा मजदूर, किसान र सेनाहरूको प्रत्यक्ष रूपमा भूमिका रहने प्रणाली लागू गरियो। त्यस्तै, सोभियतका लागि निर्वाचित हुने, निर्वाचित गर्ने, निर्वाचित प्रतिनिधिलाई फिर्ता बोलाउने आदि सबै कार्यहरू आम सर्वहारा श्रमिजीवी जनताले गर्न सक्ने स्थितिको विकास गरियो।

समाजवादलाई अक्षुण्ण राख्न, त्यसलाई विकसित गर्न र अगाडि बढाउन दुई तत्वहरूको आवश्यकता हुन्छ, एउटा कम्युनिष्ट पार्टीको निर्णायक भूमिका, अर्को आम सर्वहारा श्रमजीवी जनताको सृजनशील सहभागिता। त्यसमध्ये पनि आम सर्वहारा श्रमजीवी जनताको सरकार, प्रशासन र नीति निर्णयमा प्रत्यक्ष सहभागिताको वस्तुगत संस्थागत प्रकृयाको बढी आवश्यकता हुन्छ।

तर रूसमा भने, पछाडि गएर सोभियत प्रणालीलाई औपचारिक प्रणालीमा बदल्ने काम भयो। र, प्रभावकारी सोभियत त्यहाँ कायम रहिरहन सकेन। यसले गर्दा त्यहाँ मूलतः तीनवटा कमी-कमजोरीहरू स्पष्टतः देखिए। पहिलो कुरा त पार्टी सर्वहारा वर्गको स्वार्थको प्रतिनिधित्व गर्ने र जनता र देशको निम्ति राम्रै काममा लागिराखेको भए पनि लामो समयसम्म सर्वहारा जनवादको जगमा नरहेपछि स्वाभाविक

**विचारधारात्मक सांस्कृतिक आन्दोलनको अभावले सर्वहारा जनवादलाई कमजोर बनाउँदछ। यो कमजोरी तीनवटा क्षेत्रमा देखापर्दछ। – क. सन्देश**



# एमालेमा मतभेदको 'बुख्याँचा' खडा गरेर व्यर्थको विवाद भइरहेछ !

◆ डा. चैतन्य मिश्र



❑ एमालेमा चलिरहेको विवादलाई तपाईंले कसरी हेरिरहनु भएको छ, यसबारे तपाईंको मत के छ ?

-हाल एमालेमा प्रस्तुत भइरहेका बहुमत र अल्पमतका दस्तावेजहरुलाई चिरफार गर्नेतिर नगईकन एमालेको नौ महिने शासनकालमा राष्ट्रिय योजना आयोगमा रहेर काम गर्दा मैले जुन अनुभवहरु हासिल गरें, त्यसैका आधारमा म एमालेले लिएको नीतिका बारे केही कुराहरु राख्न चाहन्छु ।

मेरा कुराहरु तीन वटा बुँदाहरुमा अट्ने खालका छन् ।

पहिलो बुँदाबारे नै कुरा गरौं । एमालेको पाँचौं महाधिवेशनले 'जनताको बहुदलीय जनवाद'को सिद्धान्त त पारित गऱ्यो । तर पारित दस्तावेज यो सिद्धान्तको मोटामोटी खाका मात्रै थियो । ज.ब.ज.को सिद्धान्तको ऐतिहासिक उपयुक्तता र उपादेयताबारेको अहं बहसभित्र नछिरिकन पनि यो भन्न सकिन्छ कि, जबजको सिद्धान्त धेरै हदमा अपूरो र अन्यौलग्रस्त छ । यो अपुरोपन र अन्यौल हटाउन ज.ब.ज.को सिद्धान्तको खाकाभित्र तीन किसिमका गुदीहरु भर्नु आवश्यक छ ।

एक, ज.ब.ज.को राजनीतिक, आर्थिक, सांस्कृतिक पक्षहरुको खुलासा गर्ने र यी तीन वटै पक्षहरु बीचका अन्योन्याश्रितपना र अन्तरविरोधहरुको निक्यौंल गर्ने ।

दुई, नेपालको वर्तमान सन्दर्भमा अन्तर्राष्ट्रिय स्थितिलाई ठोस रुपमा केलाउने काम पनि ज.ब.ज. अन्तरगत भएको छैन । साम्राज्यवादलाई परिभाषित गर्ने कुरा र साम्राज्यवादसंग हाम्रो अन्तरविरोध रहँदारहँदै पनि हामीले हालको अवस्थामा त्यससंग कस्तो व्यवहार गरेर जाने भन्ने कुरामा अन्यौल कायम छ, अस्पष्टता कायम छ । यसै गरी, देशभित्रका राष्ट्रिय तहको, जिल्ला तहको र गाउँ तहको सरकारी निकाय र पार्टी निकायका काम र सम्बन्धको मूर्त र ठोस स्वरुप पहिल्याउन पनि नसकिएको मैले देखिरहेको छु ।

तेस्रो, सैद्धान्तिक अन्योल रहेको छ- समय र अवधि पक्षबारेको । समय र अवधिलाई पनि 'सैद्धान्तिकीकरण' गर्नु पर्छ भन्ने मलाई लाग्छ । मैले हेर्दा त आमूल परिवर्तन भनेको कुनै प्रलय हैन । क्रान्ति भनेको एकैचोटी हुने, सत्ता भनेको एकैचोटी प्राप्त हुने र समाजवाद भनेको एकैचोटी एक मुष्ट लागू हुने कुरा हैन । श्रृंखलाबद्ध संघर्ष पार गर्दै क्रान्तितिर उन्मुख हुनु नै क्रान्तिकारी हुनु हो । हरेक श्रृंखलामा आइपर्न सक्ने बाधा विरोधहरुको पहिचान गरी तिनको समाधान दिने सिलसिलाबद्ध कार्यक्रम तय हुनु जरुरी छ । तर यहाँ त हामी एकैपटक क्रान्ति हुने वा समाजवाद आउने तस्वीर सृजना गरिरहेछौं, यो फजूल कुरा हो भन्ने मलाई लाग्छ ।

यो स्पष्टता नहुनाले के कार्य चाहिं क्रान्तिकारी हो र के सुधारवादी मात्र हो भन्नेबारेमा पनि अन्यौल छाएको छ । मैले माथि भनेको श्रृंखलाबद्ध कार्यक्रमलाई स्पष्ट परिभाषित गर्न सक्ने हो भने, त्यस श्रृंखलाबद्ध बाटोमा पर्ने कार्यक्रम क्रान्तिकारी ठहरिन्छ, नपर्ने कार्यक्रम सुधारवादी ठहरिन्छ । काम गर्न सजिलो हुन्छ । यो बाटो नै प्रष्ट र तय नगरी सजिलै अहिले एमालेमा भइरहेका आरोप प्रत्यारोपहरुको म कुनै अर्थ नै देख्दिनँ ।

❑ तपाईंले भन्नुभएको दोस्रो बुँदा कस्तो हो ?

-मेरो दोस्रो मूल बुँदा हो- ज.ब.ज. अन्तरगत केही चिजहरु, जो केही हदसम्म स्पष्ट छन्, तिनलाई लागू गर्ने कार्यक्रमको बारेमा पनि एमाले स्पष्ट छैन । आफ्नो नीतिलाई आफू सरकारमा रहेको बेलामा व्यवहारमा अनुवाद कसरी गर्ने भन्ने कार्यक्रमगत स्पष्टताको ठूलो अभाव छ । हरेक मन्त्रालयमा वा पक्षहरुमा मोटामोटी रुपमै पनि के गर्नु ठीक, के गर्नु बेठीक, के राम्रो, के नराम्रो भन्ने खाका तयार हुनु पऱ्यो ! ज.ब.ज.ले शिक्षा, स्वास्थ्य रोजगारी प्रबर्धन, उद्योग, आदिमा आज के के गर्नुपर्छ भनी भन्छ भन्ने खाका खै ? सैद्धान्तिक र नीतिगत प्रष्टताको जगमा कार्यक्रमिक स्तरमा यो खाका प्रष्ट हुन सकेन । सरकारमा छँदा केही काम भए, तर यसमा थुप्रै कमीहरु पनि भए । दोष यो हो । तर एमालेमा अहिले नेता, कार्यकर्ताहरु दोष आफूभन्दा थोरै फरक खालको अर्को मत बोक्ने समूहमा मात्रै देखिरहेका छन्, जो आंशिक मात्र सत्य हुन सक्छ ।

❑ तपाईंको तेस्रो मूल बुँदा चाहिं ?

-मेरो तेस्रो बुँदा भनेको के हो भने- पार्टी सरकारमा जाने अनि सरकारले लागू गर्न खोजेका कार्यक्रमहरुप्रति भने पार्टी उदासीन रहने, तमासे मात्र रहने स्थिति यहाँ देखियो । नेताहरुले यति मात्र बुझेका छन्- पार्टीको काम जसरी पनि सरकारमा जानु हो, बस् । आफ्नै पार्टीको सरकारले ल्याएको काम सफल गर्न र जन परिचालन गर्न जरुरी घनीभूत कोशिश यहाँ हुने गरेन ।

यो भनेको संगठन संचालनमा देखिएको कमजोरी मात्र हैन, बुझाइमा भएकै अस्पष्टता र कमजोरी हो । उदाहरणका लागि, साक्षरताको सरकारी कामलाई पार्टीले आफ्नो पहलमा सम्पन्न गर्न सकिन्छ नि ! तर त्यतापट्टि ध्यान दिनु जरुरी भएको नै लाग्दैन भने के यो पक्षमा सक्रियता हुन्छ र ?

पार्टी सरकारमा जाँदा र बाहिर बस्दा भिन्नै भिन्नै कुरा उठाउने भ्रम पनि एमालेमा रहेको छ । वास्तवमा, पार्टी पहिले आफूले के गर्ने भन्नेमा स्पष्ट हुनु पऱ्यो, अनि त जहाँ पनि त्यही काम गर्ने हो ।-सरकारमा रहेको बेला लागू गर्ने, नरहेको बेला माग गर्ने र लागू गर्न जनदबाब सृजना गर्ने । अहिले पार्टीमा प्रगतिशील सुधारलाई कति जोड दिने भन्नेबारेमा भएको विवादको जरो कारण पनि यही अस्पष्टता नै हो ।

यी बाहेक, सरकारमा हुनु र नहुनुले असर नगर्ने कामहरु- सांगठनिक काम, वैचारिक काम, वैज्ञानिक र प्रगतिशील संस्कृति निर्माणको काम, अध्ययन, छलफल, चिन्तन, जन-सेवा र जन-राहतका काम आदि कार्यहरुमा त पार्टी निरन्तर लागिरहनु नै जरुरी हुन्छ । यी काम पनि सरकारकै काम हुन् कि क्या हो भन्ने हदको अस्पष्टता र निस्क्रियता विगतमा एमाले पार्टीमा देखिएको छ ।

❑ जम्मामा, तपाईंले एमालेभित्र विचार र कार्यक्रमको क्षेत्रमा रहेको अस्पष्टतालाई ठूलो समस्या मान्नुभयो । यसको हल के त ?

-जुनसुकै पार्टीले पनि आफ्नो विचारलाई निरन्तर विकसित र स्पष्ट पार्दै लानुपर्छ भन्ने कुराको जगमा मैले यी कुराहरु उठाएको हुँ । यो समस्या ठूलो, महत्त्वपूर्ण र गंभीर समस्या हो । विगत कार्यकालमा यसको हल गर्न एमाले लागेन । नेताहरुले गृहकार्यलाई पटक्कै ध्यान नदिएकै हो । कुन कुन क्षेत्रमा के-के गर्ने भनेर केन्द्रीय तहमा त्यसैलाई एजेण्डा बनाएर एमालेले कति चोटी बैठक गऱ्यो ? कति चोटी खोजबीन गऱ्यो ? जो मन्त्री हो, उसले जानेको भरमा मात्र काम भयो । जे अगाडि पऱ्यो, त्यही काम भयो । योजनाबद्ध र कार्यक्रमिक ढंगमा काम भएन । गत पाँच वर्षमा हिजोको वैचारिक धारलाई पनि भुत्ते पारियो, र पार्टीको नीतिमाथि तिखो वैचारिक समालोचना हुने वातावरण पनि बनाइएन । नेताहरु आफ्नै निजी भविष्य सपार्नेतिर लागे, गुटबन्दी गर्न थाले र पत्रिकामार्फत् आरोप-प्रत्यारोप गर्न थाले । यसरी, अत्यन्त अनुत्पादक र प्रत्युत्पादक काममा समय खर्च गरियो ।

◆ अब तपाईंको भनाइ के त ?

-एमाले आफूले जुन सिद्धान्त लिएको छु भनिरहेछ, हाल विवादरत दुवैथरि नेताहरुको त्यस मूल सिद्धान्तमा भने सहमति छ । बाँकी कुरामा उहाँहरु विवाद गरिरहनु भएको छ । मैले माथि उल्लेख गरेका आधारभूत कुराको महत्वलाई सबै नेताले कामको दौरानमा महसुस गरेका छन् । तर यो गुदी कुरामा ध्यान नदिई, अरु कम गुदी भएका कुरामा उहाँहरु विवाद गर्दै हुनुहुन्छ । छलफलको निम्ति जरुरी केन्द्रीय ईश्यूलाई एकातिर पन्छाएर सतही कुराबाट परालको 'बुख्याँचा' खडा गरिएको छ- विवादको । अनि त्यो 'बुख्याँचा' ज्यूँदो छ कि छैन, त्यसले कत्तिको सास फेरिरहेको छ भनी उहाँहरु विवाद गर्दै हुनुहुन्छ । महाकाली र साम्राज्यवादलाई हेर्ने दृष्टिकोण जस्ता केही विवादहरु विद्यमान नभएका हैनन् तर यीबाहेक बाँकी विवाद गुदीका विवाद हैनन्, बोक्राका विवाद मात्र हुन् ।

यो समस्याको हल गर्न एमालेको सम्पूर्ण पंक्तिले आफ्नो ध्यान केन्द्रित गर्नुपर्छ । म यही छैठौं महाधिवेशनले वैचारिक स्पष्टताका निम्ति सबै कुरा गर्ला भन्नेमा आशावादी छैन, तर यस दिशातिर यो महाधिवेशनले पर्याप्त ध्यानाकर्षण गर्न मात्रै सकेमा पनि त्यसलाई उपलब्धि भन्नुपर्छ भन्ने म ठान्दछु । ❑

**नेताहरूले यति मात्र बुझेका छन्- पार्टीको काम जसरी पनि सरकारमा जानु हो, बस्**

## एमाले महाधिवेशन: दस्तावेजहरूको चिरफार

### (आलोचनात्मक समीक्षा)

एमालेको पाँचौं महाधिवेशन सम्पन्न भएको अहिले ठीक पाँच वर्ष पुगेको छ। यो अवधिमा बहुदलीय जनवादबारे पहिले सैद्धान्तिक बिमति राख्नेहरू अब पूरै त्यसैमा लीन भएका छन्। नयाँ जनवादका प्रवक्ता मोहनचन्द्र अधिकारी अध्यात्मवादका प्रचारक हुन पुग्नुभएको छ। सुधारिएको र दबिएको अवस्थामा छ।

एमालेमा अहिले प्रवक्तासहित खुलेआम रूपमा द्वन्दमा देखिएको धार भनेको देशभक्तिपूर्ण धार हो। महाकाली सन्धिको सवालमा, अमेरिकी साम्राज्यवाद र भारतीय प्रभुत्ववाद, विश्व बैंक र मुद्रा कोषलाई हेर्ने सवालमा एमाले केन्द्रमा देखिएको भिन्न मत यही देशभक्तिपूर्ण धारको अभिव्यक्ति हो। पाँच वर्षअघिसम्म सिंगै एमाले देशभक्तिपूर्ण धारको प्रतिनिधित्व गर्थ्यो। टनकपुर संझौताको मामलामा भएको संसद र सडक संघर्ष त्यसको ज्वलन्त उदाहरण हो। तर क. मदन भण्डारी र जीवराज आश्रित जीवित भएको बेला एमाले नेतृत्वमा देखिने गरेको दह्रो देशभक्तिपूर्ण अडान अहिले क. माधवको अगुवाइमा रहेको एमाले नेतृत्वले देखाउन छाडेको छ। 'सत्तामा जानुपर्ने पार्टी व्यवहारिक र कूटनैतिक हुन सक्नुपर्छ' भन्दाभन्दै क. माधवको पक्ष यति धेरै 'व्यवहारिक' र 'कूटनैतिक' हुन पुगेको छ कि, उसले भण्डारीकालीन देशभक्तिपूर्ण, राष्ट्रिय स्वाधीनतामुखी र साम्राज्यवादविरोधी नीति, दृष्टिकोण र अडानहरूलाई अब एक एक गरी छोड्न लागेको देखिन्छ। नेपालको पानीमाथि एकाधिकार जमाउन र बदनाम टनकपुर संझौतालाई नै घुमाउरो रूपमा वैध गराउन ल्याइएको महाकाली प्याकेज संझौतालाई क. माधवकै अगुवाइमा तत्कालीन एमालेको बहुमतले टाउकोले टेकेर भएपनि समर्थन गर्नु यसैको ज्वलन्त उदाहरण हो। भारतीय शासक वर्गलाई खुशी पार्न गरिएको यो राष्ट्रघाती संझौतापछि कोशी र गण्डक संझौताको मामलामा नेपाली कांग्रेसलाई 'राष्ट्रघाती' भन्ने नैतिक धरातल नै एमालले गुमाएको छ।

> **चाहे जनुसुकै कुनाबाट आएको किन नहोस्, देशभक्तिपूर्ण धार एमालेमा मजबूत हुनैपर्छ ।**

अहिलेको महाधिवेशनको राजनैतिक प्रतिवेदनले त अझ भण्डारीकालीन एमालेको अमेरिकी साम्राज्यवाद र भारतीय प्रभुत्ववादविरोधी नीति, व्याख्या विश्लेषण नै पूरै बदल्न लागेको छाँटकाँट देखाएको छ। र, यो पनि 'व्यावहारिक' र 'कूटनैतिक' हुने सिलसिलामा नै गर्न लागिएको आमूल नीतिगत परिवर्तन हो। विश्व बैंकका देशै डुबाउने शर्त मानेर अरूण तेस्रोबाटै शुरू भएको यो 'व्यवहारिक' र 'कूटनैतिक' हुने प्रवृत्तिलाई एमालेका साम्राज्यवादविरोधी देशभक्त नेता र कार्यकर्ताहरूले हरियो बत्ती देखाउँदै जाने हो भने, अब त्यो दिन हेर्न त्यति पर्खनु पर्ने छैन, जब त्यसले प्रस्तावित गर्नेछ- "अब कमरेड, साम्राज्यवादको विरोध भन्ने अवधारणा नै हामीले छोडिदिनु पर्छ। नत्र सत्तामा जानै सकिन्न, गए पनि टिक्नै सकिन्न। हामी त सत्तामा जाने पार्टी, अलिकता व्यावहारिक र कूटनीतिक त हुनै पर्‍यो !" सत्तामा जान आदर्श र सिद्धान्तकै तिलाञ्जली दिने यो प्रवृत्तिको सबै देशभक्त एमालेहरूले विरोध गर्नु जरूरी छ। यो प्रवृत्तिमा अहिले नै सशक्त ब्रेक लाउन जरूरी छ। नत्र यसले डोऱ्याउने दिशा त राष्ट्रिय आत्म-समर्पण नै हो। कांग्रेस र राप्रपाले पनि सत्ताकै स्वार्थले 'व्यवहारिक' हुने नाममा राष्ट्रिय आत्म-समर्पणको नीति अप्नाउन पुगेका हुन्। त्यही नीति अप्नाउने हो भने, एमाले र उनीहरूबीच तात्विक अन्तर नै के रह्यो ?

त्यसैले, चाहे जनुसुकै कुनाबाट आएको किन नहोस्, देशभक्तिपूर्ण धार एमालेमा मजबूत हुनैपर्छ। मदन

# एमालेः विकृतिको कारणको पनि कारण के ?

◆ श्याम श्रेष्ठ



नयाँ जनवादका प्रवक्ता सि.पी. मैनाली अब मदन भण्डारीले नै वकालत गरेको 'असली खाले बहुदलीय जनवाद' का पक्षधर हुन पुग्नुभएको छ। उहाँ भन्नुहुन्छ- 'अब एमालेभित्र त्यही कुराको रक्षा गर्नु समेत ठूलो कुरा भएको छ।'

अब एमाले केन्द्रमा नेपाली क्रान्तिको सिद्धान्त र रणनीतिमा कुनै भिन्नमत बाँकी छैन। पाँच वर्षको संसदीय अभ्यासले सबै भिन्नमतका प्रवक्ताहरूलाई पूँजीवादी संसदीय व्यवस्थाको ब्ल्याक-होलभित्र निकै छिट्टै र सजिलै लीन गराएको छ।

झीनो रूपमा 'नौलो जनवाद'को भिन्न मत बाँकी देखिन्छ कार्यकर्ता स्तरमा। उनीहरूले यस पटक नयाँ जनवादको छुट्टै दस्तावेज पार्टी केन्द्रीय कार्यालयमा पेश गरेको बुझिएको छ। तर ती दस्तावेजमा के के मतहरू छन्, त्यसबारे यसपालि कहीं कतै बहस-विवाद भएको देखिएन। या त पार्टी केन्द्रले नचाहेर, या दस्तावेजको सक्षम प्रवक्ता नभएर यी भिन्न मतहरू पार्टीमा उत्तिकै दबिएका हुन सक्छन्। तर दस्तावेजले एउटा कुरा चाहिं स्पष्ट पारेको छ- अब एमालेमा क्रान्तिकारी धार कतै बाँकी छ भने त्यो कार्यकर्ता स्तरमा वा स्थानीय स्तरमा मात्र बाँकी छ। तर त्यो धार पर्याप्त मात्रामा संगठित र गतिशील चाहिं देखिएको छैन। त्यो छन त छ, तर छरपुष्ट भण्डारीको पालासम्म एमालेले देखाएको एउटा मूल प्रगतिशील पहिचान नै त्यही हो। त्यो पहिचान गुमेपछि एमाले र कांग्रेसमा भिन्नता नै के रहन्छ ?

अहिले क. वामदेव र माधव नेपालको कार्यनीतिको बीचमा जुन बहस-विवाद केन्द्रित भएको छ, त्यो समय र शक्तिको बर्वादी मात्र भएको छ। दुबै कार्यनीतिलाई केलाएर हेर्ने हो भने, दुई बीच तात्विक भिन्नता केही देखिन्न। दुवैको क्रान्तिको सिद्धान्त र रणनीति बिलकुलै उही छ। दुवैको कार्यनीतिको लक्ष्य हूबहू उही छ- शक्ति सचय। दुवैले शान्तिपूर्ण संसदीय संघर्षलाई नै संघर्षको प्रमुख रूप मान्ने कुरा गरेका छन्। दुवैले संसदीय बाटोबाटै सरकारमा गएर प्रगतिशील सुधारका काम गर्ने र त्यसैबाट शक्ति संचय गर्ने, सरकारमा नभएका बखत प्रगतिशील सुधारको कार्यक्रमलाई मागका रूपमा उठाउने धारणा अघि सारेका छन्। दुवैले प्रगतिशील सुधारका कार्यक्रमको एउटा लामो सूची नै पेश गरेका छन्। अनि दुई बीच आधारभूत भिन्नता के त ?

भिन्नता थोरै जोडमा मात्र देखिन्छ। क. माधव नेपालले शक्ति संचयमा जोड दिएका छन् र थोरै गैर-संसदीय संघर्षमा पनि। क. वामदेवले चाहिं प्रगतिशील सुधारको कार्यक्रममा र संसदीय संघर्षमा। सारमा हेर्ने हो भने, दुवैको कार्यनीति



# क. मदन भण्डारीको मृत्युयता एमालेभित्र गैर-संसदीय संघर्षको पनि मृत्यु भएको देखिन्छ ।

क्रान्तिकारी होइन, सुधारवादी चरित्रको देखिन्छ । परन्तु, एमालेले चार वर्षयता जे गरिरहेको छ, त्यो क. वामदेवले अघि सारेको सोचमा प्रतिविम्बित देखिन्छ । एमालेको यतिखेरको मूल ध्याउन्ना संसदमा जसरी पनि बहुमत ल्याउनु र सरकार बनाउनुमै देखिन्छ । चार वर्षयता गैर-संसदीय संघर्ष त उसबाट हुनै छोडेको छ । यस अर्थमा, यथार्थमा एमालेले अहिले जे गरिरहेछ, वामदेवले अहिले त्यही भनिरहेको प्रतीत हुन्छ । एमाले गलत छ, तर भनाइ सिधासिधा र प्रष्टाप्रष्टी देखिन्छ । त्यसमा ढोंग भेटिन्न । क. माधवले क्रान्तिकारी शक्ति संचयमा जोड दिनुभएको छ र थोरै जोड गैरसंसदीय संघर्षमा पनि । आफैंमा यो गलत र नराम्रो कुरा होइन । तर यथार्थमा के भइरहेको छ त ?

यथार्थमा क. मदन भण्डारीको मृत्युयता एमालेभित्र गैर-संसदीय संघर्षको पनि मृत्यु भएको देखिन्छ । त्यसयता पार्टीको सारा ध्यान र शक्ति संसदीय संघर्षमै केन्द्रित देखिन्छ, जसरी पनि सत्तामा जानुमै केन्द्रित देखिन्छ । यस क्रममा, एमालेको संगठन चाहिं पहिलेभन्दा धेरै ठूलो र देशव्यापी भएको देखिन्छ, तर त्यसको क्रान्तिकारी संघर्षशीलता चाहिँ पहिलेभन्दा कता हो कता मरिरहेको देखिन्छ । जम्मामा, एमालेले अहिले क्रान्तिकारी शक्तिको संचय होइन, क्षय गरिरहेको देखिन्छ ।

यदि व्यवहारमा गर्ने कुरा यही हो भने, कुरा मात्रै क्रान्तिकारी गर्ने किन ? जे गर्ने हो, त्यही भन्नु नै नैतिकता होइन र ?

यस अर्थमा, बामदेवको जोड बढी यथार्थपरक र ढोंगरहित देखिन्छ । तर कार्यनीतिमा सारभूत भिन्नता चाहिँ केही देखिन्न । उही सारको कार्यनीति पेश गर्नुथियो भने, क. वामदेवले कार्यनीति पेश गरेपछि फेरि क. माधव वा ओलीले अलग्गै कार्यनीति किन पेश गर्नुपरेको होला ? बुझ्न गाह्रो कुरा भएको छ । तर एउटा कुरा चाहिँ निश्चित छ- कुनै सैद्धान्तिक मतान्तर भएर यी अलग अलग कार्यनीतिका दस्तावेजहरू आइरहेका छैनन् । यसको कारण सैद्धान्तिकभन्दा बेसी मनोवैज्ञानिक देखिन्छ । सम्भवतः सामन्ती अहंकारको टक्कर नै यसको जरो कारण हो कि ?

सही क्रान्तिकारी कार्यनीति त त्यो हो, जसले त्यो समयको प्रमुख प्रतिक्रियावादी दुश्मनको शक्तिलाई एक्ल्याउँछ र परास्त गर्न मद्दत पुऱ्याउँछ, जसले समाजलाई थोरै मात्र पनि प्रगतितिर लैजान मद्दत पुऱ्याउँछ । यतिखेर देशको प्रमुख प्रतिक्रियावादी दुश्मन शक्ति भनेको सत्तारूढ नेपाली कांग्रेस र राप्रपा हो, र उसको पछाडि रहेको राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिक्रियावादी शक्ति हो । त्यो अहिले कसरी एक्लिन्छ र परास्त हुन्छ ? सारा वामपन्थी देशभक्त र प्रजातन्त्रवादी शक्तिहरू एकगठ भएर सडक र संसद दुवै ठाउँमा संघर्ष छेडे भने मात्र अहिले त्यो शक्ति कमजोर, एक्लो र परास्त हुन्छ ।

यस परिप्रेक्ष्यमा, एमालेले त "सारा बाम, देशभक्त र प्रजातान्त्रिक शक्तिहरू एक हौं, चरम दक्षिणपन्थी गठबन्धन सरकारलाई फ्याँकौं !' भन्ने कार्यनीति र कार्यनीतिक नारा अघि सार्नुपर्ने होइन र ? अहिलेको समय र परिवेशमा, मध्यावधि चुनाव भए पनि र नभए पनि, यही कार्यनीतिले प्रमुख दुश्मन शक्तिलाई कमजोर र एक्लो पार्ने र क्रान्तिकारी शक्तिको शक्ति बढ्ने होइन र ? यसको लागि संसदीय र गैर-संसदीय दुवै क्षेत्रमा समान ढंगले संघर्ष तेज पार्नुपर्ने होइन र ?

एमालेका मित्रहरूले यसबारे घोत्लिनु जरूरी छ ।

## गएको ५ वर्षको समीक्षा

गएको पाँच बर्ष सर्वांगीण परिवर्तनको हिसाबले सारै नै गतिवान अवधि रह्यो । यसबीचमा एमाले प्रमुख प्रतिपक्षी दलबाट देशको सबैभन्दा ठूलो राजनितिक पार्टीमा रूपान्तरित भयो । उसको संगठनको जालो देशव्यापी रूपमा विस्तारित भयो । यो संख्यात्मक विस्तार

# इमान्दारहरु जति एकगठ भएर आवाज उठाउन किन नथाल्ने ?

◆ खगेन्द्र संग्रौला

*एमालेका वर्गप्रतिबद्ध, सत्यनिष्ठ र नैतिकवान् कार्यकर्ताले नेताको पजेरो, महल, सुन, बैंक ब्यालेन्स र भोगविलासका लागि आफूलाई बली चढाइरहनु बुद्धिमानी होइन । तसर्थ, अब इमान्दारहरू जति एकगठ भएर यी र यस्ता उचित आवाज उठाउन किन नथाल्ने ?*

*१. श्रमिक जनतालाई ठग्ने वर्ग निरपेक्ष तथा व्यापक जनताको हितविरूद्ध संसारका ठालु र ठगहरूसंग अँगालो मार्ने ख्रुश्चेभको विचारसंग बहुदलीय जनवादको साइनो के हो ?*

*२. कुर्सीस्वार्थ र दौलतका लागि प्रतिगामी र प्रतिक्रियावादी वर्गसंग नेतृत्वले गरिरहेको साँठगाँठसंग सुखानी, छिन्ताङ र पिस्करका शहीदहरूका सपनाको के सम्बन्ध छ ?*

*३. नेताहरू बहुदलीय जनवाद अँगालेर ठूल्ठूला उपलब्धि हात पाऱ्यौं भनिरहेका छन् । नेताहरूले जोडेको अकूत सम्पत्तिबाहेक 'आम जनताका लागि उपलब्धि के भएको छ ? नेताहरूले दलित, सुकुम्बासी, गरीब, महिला र जनजातिलाई सोधून्- बहुदलीय जनवादले तिनलाई के के उपलब्धि दिलाएको छ ?*

*४. व्यक्ति स्वार्थ र गुट स्वार्थको बेदीमा राष्ट्रिय सम्पदा र राष्ट्रिय सार्वभौमिकतालाई बलि चढाउने नेताहरू आम जनतासामु उभिएर आफ्ना कामको औचित्य सिद्ध गरून् ।*

*५. नेताहरूका महल, पजेरो, सुन र बैंक ब्यालेन्सको स्रोतको जाँच होस् । जो जो दोषी ठहर्छन्, तिनलाई यथोचित कार्वाही गरियोस् । सर्पका खुट्टा सर्पैले देख्ने हुनाले एक नेताले अर्को नेताको ढाकछोप त गर्ने नै भयो । तसर्थ, नेताको नैतिक भ्रष्टता र आर्थिक भ्रष्टाचारको छानबीन गर्न कार्यकर्ता आफैं कम्मर कसेर किन अघि नसर्ने ?*

*६. आजको युगमा श्रमिक जनताका आवश्यकता र आकांक्षा बुझ्ने र जनतालाई जागृत हुन सघाउने एक मात्र सही विचार माओ विचार नै हो । पार्टीमा पजेरे विचारको सट्टा योजनाबद्ध रूपबाट माओ विचार अध्ययन गर्ने-गराउने*



*कामको थालनी किन नगर्ने ? माओ विचार पजेरे विचारविरोधी भएकाले नेताका लागि यो विचार अनुकूल नहोला । तसर्थ, कार्यकर्ता स्वयंले पार्टीव्यापी रूपमा यो विचार अध्ययन गर्ने अभियान किन नथाल्ने ?*

*७. राष्ट्रवादको सवालमा होस् वा जनवादको सवालमा होस्, बहुमत र फरक मतमा व्यावहारिक दृष्टिले तात्विक भेद छैन । मतभिन्नताका नाउँमा भइरहेको कुकर-बिराले झगडा केवल पार्टीको कुर्सी र सरकारी कुर्सीका लागि भइरहेको हानथाप मात्र हो । सर्पको विरूद्ध बिच्छीलाई र बिच्छीको विरूद्ध सर्पलाई जिताउनु कुनै बुद्धिमानी होइन । तसर्थ, सर्प र विच्छीमध्ये एउटालाई काँध थाप्नुको सट्टा पार्टीभित्रै बसेर विवेक र साहसका साथ भ्रष्ट तत्वहरूका हातबाट मार्क्सवाद-लेनिनवादको झण्डा खोस्ने चेष्टा किन नगर्ने ?*

*८. शहरबजारमा सोख र मोजमस्ती गरी बसेको नेतालाई आफ्ना सुकाम र कुकामबारे जनतालाई इमानसाथ जनाउ दिन मतदाता जनताछेउ हाजिर किन नगराउने ? जो हाजिर हुँदैन उसलाई भोट माग्ने झोला बोकेर जनतामाझ जानखोज्दा जनताका हातबाट यथोचित कार्वाही गराउने उद्योग किन नगर्ने ?*

*आज यी यस्ता कदम चाल्न सकिएन भने भोलि आफ्नो विगतप्रति पछुतो मान्नुबाहेक हामीसंग अर्को उपाय रहनेछैन ।* ❑

**मतभिन्नताका नाउँमा भइरहेको कुकर-बिराले झगडा केवल पार्टीको कुर्सी र सरकारी कुर्सीका लागि भइरहेको हानथाप मात्र हो ।**

संगसंगै एमालेले आफ्नो पाँचौं महाधिवेशनअघिको क्रान्तिकारी आदर्श र गुणतत्व जोगाउन सकेको भए देश र एमाले दुवैको चित्र अर्कै हुने थियो । तर एमालेभित्र के अन्तरविरोध देखापऱ्यो भने, यसले यो बीचमा संगठनको जालो त चौपट्ट बढायो, तर पछि पार्टीको केन्द्रीय नेतृत्व आफैंले क्रान्तिकारी आदर्श चाहिं सर्पले काँचुली छोडे झैं छोड्यो । पार्टीको नेतृत्व आफैं वैज्ञानिक समाजवादी सिद्धान्तको आदर्श छोडेर सामाजिक जनवाद (Social Democracy) को आदर्शतिर आकर्षित भयो । पाँचौं महाधिवेशनले सर्वाधिक बहुमतले अस्वीकार गरेको थियो- क. रघुपन्तको सामाजिक जनवादी लाइनलाई , तर नेतृत्वले यसबीच व्यवहारमा अक्षरशः लागू गऱ्यो- उनै क. रघु पन्तकै लाइनलाई ।

पार्टीका अध्यक्ष क. मनमोहन अधिकारी स्वयंले सार्वजनिक रूपमा स्वीकारीसक्नु भएको छ- एमाले वास्तवमा सामाजिक जनवादी पार्टी नै हो भनेर । खालि क्रान्तिकारी कार्यकर्ता र कम्युनिष्ट प्रिय जनताका कारणले मात्र पार्टीको नाम र झण्डा नफेरेको भन्ने उहाँको कथन कटु यथार्थ हो ।

पूँजीवादी संसद र सत्तालाई वर्ग संघर्ष विस्तार गर्ने साधन होइन, साध्य ठान्ने चिन्तन, पूँजीवादी संसदको चौघेरो भित्रैबाट मात्र सबै कुरा गर्न खोज्ने प्रवृत्ति, क्रान्तिपछि पनि पूँजीवादी संसद र पूँजीवादी बहुदलीय प्रतिस्पर्धामै सीमित हुने अवधारणा, राज्य प्रत्येक स-सानो जनसंघर्षमा पनि हिंसात्मक ढंगले आएको देख्दादेख्दै एकोहोरो सदाबहार शान्तिपूर्ण संसदीय संघर्षको बाटोमाथि प्राथमिकता ! अहिले एमालेमा देखिएको सामाजिक जनवादी चरित्रको ज्वलन्त उदाहरण यिनै चिन्तन र प्रवृत्तिहरू हुन् ।

चरित्र सामाजिक जनवादी ग्रहण गरेपछि पार्टीले हाक्काहाक्की आफ्नो नाम र कार्यक्रम पनि त्यही ढंगले हेरफेर गरेको भए, जनता र कार्यकर्तामा कुनै भ्रम हुन पाउँदैनथ्यो । पाखण्डहरूको पनि अन्त्य हुन्थ्यो । नैतिकतापूर्ण व्यवहार पनि यही हुन्थ्यो । तर एमाले पार्टी नेतृत्वले यस्तो गर्ने आँट गरिरहेको छैन, खासगरी क्रान्तिकारी कार्यकर्ता र कम्युनिष्ट भनेपछि भुतुक्क हुने बहुसंख्यक जनता वा मतदाताको भयले । अहिले एमाले नेतृत्वले व्यवहारमा अभ्यास गरिरहेको विचारधारा हो- सामाजिक जनवाद । बाहिर उसले भन्ने गरिरहेछ- हामी नै एक मात्र कम्युनिष्ट पार्टीको मूल धारा हौं भनेर । बस् यही द्वैध व्यवहारले अहिले सारा पाखण्ड, अन्यौल, अन्तरविरोध र गडबडी जन्माइरहेछ ।

एमाले नेतृत्वले यो महाधिवेशनद्वारा यो द्वैधताको अन्त गर्नुपर्छ । एमालेका क्रान्तिकारी कार्यकर्ताहरूले नेतृत्वलाई दबाब दिन सक्नुपर्छ- कि या त उसले वैज्ञानिक समाजवादी बाटो नै स्पष्टतापूर्वक रोजोस्, या उसले खुलेआम रूपमा सामाजिक जनवादी बाटो नै अख्तियार गरोस् । जुन रोजे पनि एमालेले दुईमध्ये एक मात्र बाटो रोजोस् । भित्रभित्रै सहमत एउटा सिद्धान्तमा, बाहिर बाहिर घोषणा अर्कै सिद्धान्तमा ! यस्तो द्वैध व्यवहारले अन्तहीन अन्यौल, भ्रम र पाखण्ड मात्रै जन्माइरहनेछ ।

जुन सिद्धान्त रोजे पनि एमालेले अहिले भइरहेको व्यापक संख्यात्मक बृद्धि र गुणतत्वबीचको अन्तरविरोधलाई हल गर्न जरूरी छ ।

अहिले एमालेको संगठन सारै ठूलो त भएको छ, तर यसको क्रान्तिकारी जुझारूपन चाहिं सारै भुत्ते भएको छ । चौथो महाधिवेशन, भदौ २०४६ सालताका एमालेको पार्टी सदस्यता ४ हजार पनि थिएन । तर त्यति सानो संख्याले पनि देशव्यापी क्रान्तिकारी ज्वारभाटा उठाउने सामर्थ्य राख्थ्यो । अहिले एमालेको पार्टी सदस्यतामा बीस गुणाभन्दा ज्यादा बृद्धि भएको छ, तर गएको चार वर्षमा त्यसले एउटै जन संघर्षको उठान गरेन । पहिले एमालेमा 'दिन'का लागि आउने मान्छेको आधिक्य थियो, अहिले 'लिन'का लागि आउने मान्छेको भीड लागेको छ । यस्ता स्वार्थी मानिसहरूको भीड चुनावमा भोट खसाल्न त काम लाग्ला, तर क्रान्तिकारी परिवर्तनको प्रक्रियामा उनीहरूको उपादेयता के ?

त्यसैले, एमालेले संगठनको आकार त ठूलो पारोस्, तर क्रान्तिकारी जुझारूपन र समाजवादी गुणतत्व नै खत्तम हुने शर्तमा होइन । उसले संगठनको ढोका त्यति ठूलो नपारोस् कि त्यहाँभित्र कुँडा करकट सबै छिर्न र अटाउन सकून् ।

यसको लागि त एमाले नेतृत्वले सर्वप्रथम आफ्नो ध्यान र ध्याउन्ना नै बदल्नुपर्ने हुन्छ । एमाले नेतृत्वको ध्याउन्ना जसरी पनि पूँजीवादी सत्ता हो भने, उसलाई चाहिने त अत्यधिक मतदाता नै हो । हैन, उसको ध्यान र ध्याउन्ना वैज्ञानिक समाजवादी आदर्श हो भने स्वार्थी 'चैते'हरूको भीडले वैज्ञानिक समाजवादको आदर्श त क्रियान्वित गर्न कदापि संभव छैन ।

यस परिप्रेक्ष्यमा पनि एमालेको वर्तमान महाधिवेशनले एउटा ठोस निर्णय गर्नु जरूरी भएको छ । एमालेका तमाम क्रान्तिकारी नेता तथा कर्यकर्ताले निधो गर्न जरूरी भएको छ- एमालेलाई कस्तो चरित्रको पार्टी बनाउने ? ठूलो, तर जुझारू, अत्यन्त संगठित र क्रान्तिकारी पार्टी कि, सारै ठूलो व्यापक, तर अराजक र अजुझारू चुनावी पार्टी ?



**दरबार रिझाउने, विश्व बैंक रिझाउने, अमेरिका रिझाउने, भारत रिझाउने र त्यसैका भरमा सत्तामा जान र टिक्न खोज्ने- यो मनोवृत्ति एमाले नेतृत्वमा नराम्ररी हावी हुन थालेको छ ।**

एमाले अहिले हिँडिरहेको बाटो चाहिं सारै ठूलो, तर अराजक र अजुझारू चुनावी पार्टी बनाउने बाटो हो । कुर्सीलाई नै साध्य ठान्ने नेतृत्वको सोचको कारणले नै उसले यो बाटो अवलम्बन गरिरहेछ । के यो बाटो एमालेका तमाम क्रान्तिकारी नेता तथा कार्यकर्ताको लागि स्वीकार्य छ ? हरेकले सोच्नु र ठोस निर्णय लिनु जरूरी भएको छ ।

विगत पाँच वर्षमा एमाले नेतृत्वले विकास गरेको अर्को दुर्गुण हो- जनतामाथि भर नगरेर राजनीति नगर्ने प्रवृत्ति । क. अमृत बोहोराले संगठनात्मक प्रस्तावमा ठीकै कुरा औंल्याउनु भएको हो- एमालेमा अहिले जनतामाथि भरोसा नगर्ने प्रवृत्ति फैलिरहेको छ । पाँच वर्षअघिसम्म एमाले यस्तो थिएन ।

एमाले नेतृत्व अहिले जनआधारित राजनीतिभन्दा पनि विभिन्न प्रतिक्रियावादी केन्द्रहरूमा आधारित कूटनीतिमा बेसी निर्भर हुन थालेको छ । दरबार रिझाउने, विश्व बैंक रिझाउने, अमेरिका रिझाउने, भारत रिझाउने र त्यसैका भरमा सत्तामा जान र टिक्न खोज्ने- यो मनोवृत्ति एमाले नेतृत्वमा नराम्ररी हावी हुन थालेको छ । जसरी पनि सत्तामा जाने र टिक्ने भन्ने मनोवृत्तिले नै उसलाई यहाँ पुऱ्याएको हो । तर एमालेको वर्ग चरित्र र पहिचानमा यसले काफी अन्तर ल्याइरहेछ । एमालेको क्रान्तिकारी वर्ग चरित्रमा यसले तीव्र ह्रास ल्याएको छ । यसले एमालेलाई चर्को गतिमा प्रतिक्रियावादी खेमातिर धकेल्दैछ । यो प्रक्रिया जारी रहने हो भने, एमालेको वर्ग चरित्रमा चाँडै नै गुणात्मक अन्तर आउने अवश्यंभावी छ । एमाले त्यतिखेर कुनै वामपन्थी पार्टी बाँकी रहनेछैन, यो प्रतिक्रियावादी पार्टीमा बदलिनेछ । एमाले अहिले त्यही दिशामा छ । यो यात्रामा उसको बाहन भइरहेछ- उसको उत्कट सत्ता भोक ।

तर पटक पटकको घटनाक्रमले देखाइरहेछ- एमालेको नाममा 'कम्युनिष्ट पदावली बाँकी रहेसम्म, र एमाले जनपक्षीय शक्ति भइरहेसम्म कुनै पनि प्रतिक्रियावादी केन्द्रले ऐन घडीमा उसलाई पत्याउनेवाला छैन । एमालेको भविष्य जनतामा आधारित राजनीति गर्नुमा नै छ । तर कुनै पनि घटना-क्रमबाट एमाले नेतृत्व चेतिरहेको देखिन्न । र, हाम्रो सदीच्छाले मात्र नेतृत्वको बुद्धि फर्किनेवाला पनि देखिन्न ।

के एमालेको वर्तमान महाधिवेशनले नेतृत्वले बुझ्ने भाषामा यो सद्बुद्धि उसमा पल्हाउने उपाय गर्न सक्ला ? के यो महाधिवेशनले एमाले नेतृत्वको अन्ध सत्ताभोकमा कुनै प्रभावकारी लगाम लगाउन सक्ला ? एमाले कुन वर्ग चरित्रको पार्टी हुनेछ, त्यो यही कदममा निर्भर गर्नेछ ।

## कारणको पनि कारण

हामीले भनिरहनु नै पर्दैन, एमालेका तमाम दस्तावेजहरूले भनिरहेछन्- एमालेमा अहिले शिरदेखि पैतालासम्म पूँजीवादी विकृति र विचलन हावी भएको छ । यी पूँजीवादी विकृति र विचलनहरू एमालेले पूँजीवादी संसदीय बाटोलाई प्रमुख बाटो बनाउन थालेदेखि नै एमालेमा व्याप्त हुन थालेका हुन् । विचारधारा नै पूँजीवादी समातेपछि पूँजीवादी विकृति र विचलन आउनु आश्चर्यको कुरा होइन । एमाले महासचिवको प्रतिवेदन आफैंले स्वीकारेको छ- यी विकृति र विचलनहरू दृष्टिकोणमा आएको विचलन, जीवनशैलीमा आएको विचलन र संगठनात्मक पद्धतिमा आएको विचलनका कारणले पैदा भएका हुन् । महासचिवको यो निष्कर्षमा असहमत हुनुपर्ने कुनै कारण म देख्दिनँ ।

तैर प्रश्न उठ्छ- एमालेको सर्वोच्च नेतृत्व तहमै विश्व दृष्टिकोणको सवालमा समेत

विचलन कसरी आयो ? जीवनशैली र संगठनात्मक पद्धतिमा नै किन विचलन आयो ?

यसको लागि हामीले कारणको पनि जरो कारण खोज्नुपर्ने हुन्छ । जरो कारण ठम्याउन सकेको घडीमा नै हामीले कुनैपनि समस्यालाई वैज्ञानिक ढंगबाट हल गर्नु संभव हुन्छ ।

मलाई के लाग्छ भने- हाम्रो कम्युनिष्ट आन्दोलनमा द्वन्दात्मक-भौतिकवादी विश्व दृष्टिकोणको ग्रहणमै गंभीर दोष छ । हाम्रो कम्युनिष्ट आन्दोलनमा कुनै पनि तहको नेता हुनुको लागि ऊ द्वन्दात्मक भौतिकवादी दृष्टिकोणले लैश भएको हुनु जरूरी नै छैन । कथमकदाचित द्वन्दात्मक भौतिकवाद पढिहाले पनि दिनानुदिनको व्यवहारमा त्यसलाई समस्या हल गर्ने सबैभन्दा वैज्ञानिक-पद्धतिका रूपमा अभ्यास गर्नु जरूरी नै छैन । जीवनमा समस्या आउँदा अर्कै कुनै वाद प्रयोग गरेर समस्या हल गरे हुन्छ । त्यहाँ द्वन्दात्मक-भौतिकवादी ढंगले समस्या हल गर्नु भनेको के हो, त्यो बुझ्नु र ठम्याउनु जरूरी नै छैन । बस, मिटिङहरूमा, क्लासहरूमा, आमसभाहरूमा द्वन्दात्मक-भौतिकवाद कण्ठस्थ भन्न सके ऊ त्यसको असल पण्डित भइहाल्यो । यस प्रकार द्वन्दात्मक-भौतिकवाद हाम्रो आन्दोलनमा जीवन-दर्शन नै हुन सकिरहेको छैन । यो मान्छु भनी दिए पुग्ने, कण्ठ पारे पुग्ने औपचारिक विषय मात्र भएको छ । द्वन्दात्मक भौतिकवाद नेतृत्वकै जीवन दर्शन हुन नसकेका हुनाले दृष्टिकोणको मामलामा यत्रतत्र विचलन आएको छ ।

यही कुरा हाम्रो जीवनशैलीको सवालमा पनि लागू हुन्छ । हाम्रो बाँच्ने ढंग बिल्कुलै निजी छ, त्यो या त एउटा सामन्तको जस्तो छ, या एउटा पूँजीपतिको जस्तो । हामी आफ्नो परिवारमा एउटा निरंकुश राजा झैं जस्तै गरी बाँचिरहेका हुन्छौं, तर बाहिर हामी भाषण दिइरहेका हुन्छौं- जनवादको बारेमा । हामी निजी जीवनमा अत्यन्त आत्म-केन्द्रित र व्यक्तिवादी भएर बाँचिरहेका हुन्छौं, तर बाहिर हाम्रो लेक्चर हुने गर्छ- समाजवादको श्रेष्ठताको बारेमा । मुख्य समस्या के हो भने, हामी आफू पटक्कै बदलिएका हुन्नौं, तर हामी दुनियाँ बदल्न हिँडिरहेका हुन्छौं । हामी रातो मूला जस्तो हालतमा हुन्छौं- बाहिर कुरा पूरै रातो, भित्र जिउने ढंग पूरै सेतो । जनवादी क्रान्ति र समाजवादी क्रान्ति बाहिर समाजमा सम्पन्न गर्नुअघि त्यो हाम्रो नेताहरूको जीवनमा पहिले सम्पन्न हुनुपर्ने हो । क्रान्तिको पहिलो निशाना आफैं हुनुपर्ने हो । तर यस्तो भइरहेको छैन । सर्वोच्च तहका कम्युनिष्ट नेताहरूकै जीवन शैलीमा समाजवादी सांस्कृतिक क्रान्तिको प्रक्रिया थालिएको हुन्न । अरू त अरू, त्यहाँ जनवादी क्रान्ति समेत सम्पन्न भएको हुन्न । बस्, बाहिर भाषण चाहिं समाजवादी र जनवादी क्रान्तिको अनिवार्यताको हुने गर्छ । समाजवाद र जनवाद नेतृत्व तहकै जीवन-संस्कृति वा जीवनशैली भइनसकेकै हुनाले, नेतृत्वकै जिउने ढंगमा लगातार समाजवादी आन्दोलन नचलाइएको हुनाले, जीवन शैलीमा विचलन देखापरेको हो । सांस्कृतिक रूपले र जीवनशैलीका हिसाबले लगातार संघर्ष चलाएर समाजवादी मान्छे नभइसकेको व्यक्ति पूँजीवादी सत्ता र सुविधाको रिमफिममा परेपछि उसको जीवनशैलीमा पूँजीवादी विचलन आम रूपमा देखापर्नु स्वाभाविक नै हो ।

संगठनात्मक पद्धतिमा विचलन आउनुको मूल कारण के हो भने, हाम्रो संगठनात्मक पद्धति जीवनमा समाजवादी विचारधारा र संस्कृतिको अभ्यासको जगमा उभिएको छैन । र, हाम्रो संगठनात्मक पद्धति नोकरशाही चरित्रको छ । यो नेता र कार्यकर्ताबीच, माथि र तलबीच, पार्टी र जनताबीच लगातार र जीवन्त द्वन्दात्मक सम्बन्धमा आधारित छैन ।

जब पार्टीका नेताहरू आफैं जित-हारको मानसिकता बोकेर विचारको द्वन्द गर्छन्, सामन्ती अहंकार वा पूँजीवादी स्वार्थ बोकेर विचारको अन्तर्क्रिया गर्छन्, जब विचार-द्वन्द गर्नेहरूका बीचमा सत्य प्राप्ति गर्ने एकल उद्देश्य हुँदैन र चिन्तन प्रक्रिया पनि एउटै हुँदैन, त्यहाँ जनवादी चरित्रको केन्द्रीयता पैदा नै हुन सक्दैन । त्यहाँ पैदा भएको केन्द्रीयता थोपरिएको केन्द्रीयता हुन्छ । त्यो नोकरशाही चरित्रको केन्द्रीयता हुन्छ ।

नोकरशाही केन्द्रीयता जहाँ हुन्छ, त्यहाँ माथि टप्पूमा केही निरंकुश नोकरशाहहरू पैदा हुन्छन् । उनीहरू अनेकौं तिगडम गरेर, अनुशासनका कुरा गरेर, कार्यवाहीको भय देखाएर वा प्रलोभन दिएर हमेशा 'माथि' को निर्णय 'तल' लादिरहेका हुन्छन्, बहुमतको निर्णय अल्पमतमाथि लादिरहेका हुन्छन् । तल चाहिं केही निसहाय लाचार छायाँहरू हुन्छन् । निर्णय पटक्कै चित्त बुझ्दैन, तर उनीहरूको आलोचनात्मक मतको सुनवाई गर्ने, त्यसलाई संगेट्ने कुनै थलो पनि छैन, प्रणाली पनि छैन । त्यसैले उनीहरू चूपचाप निर्णय स्वीकार्न बाध्य

**बाँकी ३३ पेजमा**

**अहिले एमालेको संगठन सारै ठूलो त भएको छ, तर यसको क्रान्तिकारी जुझारुपन चाहिं सारै भुत्ते भएको छ । चौथो महाधिवेशन, भर्खै २०४६ सालताका एमालेको पार्टी सदस्यता ४ हजार पनि थिएन । तर त्यति सानो संख्याले पनि देशव्यापी क्रान्तिकारी ज्वारभाटा उठाउने सामर्थ्य राख्थ्यो ।**




*विगतमा भएको एमाले समेत सम्मिलित संयुक्त वाम संघर्षको एक दृश्य*

### बहुदलीय जनवादको पाँचवर्षे अभ्यासलाई फर्की हेर्दा

## आदर्श हराएको व्यवहारिकता

◆ दीपक ज्ञवाली

**शब्दजाललाई फाँडेर नेकपा एमालेले पाँच वर्षभरि गरेको बहुदलीय जनवादको अभ्यासलाई हेर्दा आदर्श र व्यवहारिकता बीचमा हिंड्न खोजेको आभास हुन्छ । तर कताकता व्यवहारिकताको नाममा आदर्शलाई धकाएर चरम व्यक्तिगत औसरवादमा एमाले नेतृत्व पंक्ति भाँसिन पुगेको देखिन्छ । अरुण-३ मा राष्ट्रमाथि थोपारिएका अपमानजनक शर्तहरुको विरोध गर्ने एमालेले सत्तामा पुग्नासाथ एकाएक ती सबलाई विश्व बैंकसामु लम्पसार परेर मान्ने, टनकपुरमा रडाको मच्चाए पनि महाकालीसम्म आइपुग्दा संसदको संकल्प प्रस्तावै बिर्सिएर सन्धिमा ल्याप्चे लगाउने, पंचायतकै भ्रष्टहरुलाई गुरु थाप्ने, सर्वहारावाद भन्ने तर लागू भने पजेरोवाद नै गर्ने, जनतालाई गर्छु भनेर संसदमा जाने तर गएपछि आफैंलाई**



**नोकरशाह जस्तो आजन्म भत्ताको व्यवस्था गर्ने- यी थाबत सूचकहरुलाई हेरेर नै बहुदलीय जनवादको अभ्यासलाई इतिहासले मूल्यांकन गर्नेछ । चरम व्यवहारिकतालाई अँगाल्दा बहुदलीय जनवादका अनुयायीहरुले समाजवाद सुहाउँदो विकासको अवधारणा, समाजवादका आदर्शसहित समाजलाई नै बिर्सन पुगे । ☐**

# कसरी जन्मियो क्यूबाको कम्युनिष्ट पार्टी ?

उमेर हेर्दा नेपालको कम्युनिष्ट पार्टीभन्दा कम उमेरको जस्तो देखिने क्यूबाको कम्युनिष्ट पार्टी (Communist Party of Cuba- PCC) त्यस्तो कम्युनिष्ट पार्टी हो, जुन क्यूबाली क्रान्तिभन्दा अघि होइन, क्रान्तिपछि मात्रै जन्मेको हो । क्यूबाको क्रान्तिको नेतृत्व क. फिडेल क्यास्त्रोको अगुवाइमा चलिरहेको '२६ औं जुलाई मुभमेन्ट'ले गरेको थियो । कम्युनिष्ट पार्टीको रूपमा नाम चलेको सोभियत संघमुखी 'पपुलर सोशलिष्ट पार्टी' (PSP) ले निकै टाढाबाट मात्रै क्यूबाली क्रान्तिसित साइनो गाँसिराखेको थियो ।

क्यूबामा क्रान्तिकारी पार्टीको निर्माणको शुरूवात त कवि-लेखक तथा क्रान्तिकारी नेता होसे मार्टीले १८९१ मै गरेका थिए । होसे मार्टीको नेतृत्वमा स्थापित क्यूबन रिभोल्युसनरी पार्टीको नेतृत्वमा स्पेनिश उपनिवेशवादीहरूका विरूद्ध सशस्त्र संघर्ष भएको थियो । स्पेनिश उपनिवेशवादविरोधी राष्ट्रिय मुक्ति आन्दोलनमै शहादत प्राप्त गरेका होसे मार्टी क्यूबाको क्रान्तिका प्रतीकका रूपमा विख्यात छन् ।

होसे मार्टीकै बाटोको अनुशरण गरेर क्यूबाली क्रान्तिकारीहरूले स्पेनिश उपनिवेशवादीहरूपछि क्यूबामाथि सैनिक प्रभुत्व जमाउने अमेरिकी साम्राज्यवाद र त्यसका भरौटे क्यूबाली शासकहरूका विरूद्ध संघर्ष छेडे । यसै क्रममा, १९२५ मा **पपुलर सोशलिष्ट पार्टी** नामक कम्युनिष्ट पार्टी स्थापना गरेका थिए । क. बालिनो र क. जुलियो अन्तोनियो मेलाको नेतृत्वमा स्थापित उक्त कम्युनिष्ट पार्टीमा विशेष गरी विद्यार्थीहरू, बौद्धिकहरू र श्रमिकहरूको आधिक्यता थियो ।

अमेरिकी साम्राज्यवाद र त्यसको मतियार शासक-माचाडोको सैनिक शासनविरोधी जनसंघर्षको नेतृत्व गर्दै यस कम्युनिष्ट पार्टीले १९३३ मा रूबेन मार्टिनेज भिलेनाको नेतृत्वमा सशस्त्र क्रान्ति गरेको थियो । १९३३ को क्रान्ति कम्युनिष्ट पार्टीको नेतृत्वमा सशस्त्र जन-सेनाको अभावमा, क्रान्तिकारी देशभक्तहरूको एकताबद्ध संघर्षको अभावमा असफल भयो । र, क्यूबाली जनतामाथि सैनिक शक्तिको बलले अमेरिकी साम्राज्यवादले फासीवादी सैनिक नेता बतिष्टाको नेतृत्वमा अर्को सैनिक शासन थोपऱ्यो ।

दोस्रो विश्वयुद्धमा सोभियत संघले अमेरिका र ब्रिटेनसंग काँधमा काँध मिलाई हिटलर र मुसोलीनविरूद्ध लडेको देखेर, त्यसकै अन्ध नक्कल गर्ने पपुलर सोशलिष्ट पार्टीले क्यूबामा अमेरिकी साम्राज्यवादका भरौटे फासीवादी बतिष्टासित काँधमा काँध मिलायो । बतिष्टाको सरकारमा क्याबिनेट स्तरको मन्त्री समेत भए, त्यहाँका कम्युनिष्ट नेताहरू !




*१९६३ मा कम्युनिष्ट पार्टीको पूर्व रूप यूनाइटेड पार्टी अफ दि सोसलिष्ट रिभोल्यूशन (PURS) को प्लेनमको एक झाँकी*

**सोभियतसंघको पछि पछि लाग्ने र आफ्नो देशको विशिष्ट वस्तुस्थितिअनुरुपको क्रान्तिको सिद्धान्त निर्माण गर्न असफल भएको यस पार्टीप्रति कार्यकर्ता र समर्थकहरुमा व्यापक असन्तुष्टि शुरु भयो ।**

यो गल्तीले पपुलर सोशलिष्ट पार्टीलाई दुई दशकसम्म नराम्ररी प्रभावित पारिरह्यो । बतिष्टाले आफ्नो सैनिक र राजनीतिक शक्ति सुदृढ भएपछि १९५२ देखि पपुलर सोशलिष्ट पार्टीमाथि पनि निर्मतापूर्वक दमन गऱ्यो । सोभियतसंघको पछि पछि लाग्ने र आफ्नो देशको विशिष्ट वस्तुस्थितिअनुरूपको क्रान्तिको सिद्धान्त निर्माण गर्न असफल भएको यस पार्टीप्रति कार्यकर्ता र समर्थकहरूमा व्यापक असन्तुष्टि शुरू भयो ।

ठीक त्यही बेला, यस पार्टीका युवाहरू, विद्यार्थीहरू र बौद्धिकहरूका साथै केही स्वतन्त्र क्रान्तिकारीहरूले सान्टियागो डि क्यूबास्थित मोन्काडा सैनिक अखडामाथि आक्रमण गरे र नयाँ आन्दोलन शुरू गरे । अर्थोडोक्स पार्टीसित सम्बन्धित फिडेल क्यास्त्रोको नेतृत्वमा १९५३, जुलाई २६ देखि शुरू भएको **'२६ औं जुलाई मुभमेन्ट'** ले सियरा माइस्त्राका पहाडहरूबाट छापामार संघर्ष शुरू गऱ्यो र क. फ्रान्क पाइसको अगुवाइमा शहरहरूमा जनप्रतिरोध आन्दोलन अगाडि बढायो । १९५६, डिसेम्बर २ देखि ८२ जनाबाट शुरू भएको छापामार संघर्षले क्यूबाको वस्तुस्थितिअनुरूप 'चलायमान युद्ध'को रूप लिएपछि बतिष्टाका सैनिकहरू छापामारको सानो समूहमाथि दमन गर्ने काममा समेत असफल भए ! त्यसमाथि क. फ्रान्क पाइसको नेतृत्वमा चलिरहेको शहरीया प्रतिरोध आन्दोलनले प्रचारयुद्ध चलाउने, बम बिस्फोट गर्ने, प्रहरीहरू र सैनिकहरूमाथि सशस्त्र आक्रमण गर्ने, सशस्त्र हड्तालहरू आयोजना गरेर जनताको मनमस्तिष्कमाथि विजय हासिल गर्ने र बतिष्टा सरकारलाई आच्छु-आच्छु पार्ने र दिगभ्रमित पार्ने काम गऱ्यो ।

शहरीया प्रतिरोध आन्दोलन र ग्रामीण छापामार संघर्ष एकसाथ संचालन गरिरहेको '२६ औं जुलाई मुभमेन्ट' का नेताहरू क. फिडेल क्यास्त्रो र क. चे ग्वेभाराले बतिष्टाको तानाशाही शासनको विरोधमा लडिरहेका सबै शक्तिहरूको मोर्चाबन्दी गर्ने काममा सफलता हासिल गर्नुभयो । विशेष गरी, 'मार्च १३ रिभोल्युशनरी डिरोक्टोरेट' नामक सशस्त्र विद्यार्थी संगठनदेखि मजदूर संघर्ष चलाइरहेको पपुलर सोशलिष्ट पार्टी, पार्टी डो रिभोल्युशियोनारियो क्यूबानो ओटेन्टिको र अर्थोडोक्स पार्टीसित अत्यन्त लचिलो खालको मोर्चाबन्दी गरेर बतिष्टा जस्तो खतरनाक शत्रुलाई एक्ल्याइयो ।

१९५८ सम्ममा केवल ३०० जना छापामारहरूको भरमा चलिरहेको २६ औं जुलाई मुभमेन्टले तब निर्णायक विजय हासिल गऱ्यो, जब बतिष्टाको सैनिक-शासन क्यूबाली जनताको आँखाबाट नराम्ररी पतन भयो, जब केही हदसम्म अमेरिकी शासकहरू २६ औं जुलाई मुभमेन्टबारे दिग्भ्रमित भए ! यस मुभमेन्टका नेता क. फिडेल क्यास्त्रोको नीति-निर्देशनमा क. चे ग्वेभारा र क. क्यामिलो सियनफ्यूगोसले १९५८, डिसेम्बरको अन्ततिर मुट्ठीभर छापामारहरूको बलमा लासभिलास प्रान्तमाथि विजय हासिल गरेपछि तानाशाह बतिष्टा देश छोडेर भाग्नु पऱ्यो । र, १ जनवरी, १९५९ मा २६ औं जुलाई मुभमेन्ट नामक यस संगठनको अगुवाईमा अमेरिकी साम्राज्यवादको नाकैमुनि यसरी क्यूबाली क्रान्ति सम्पन्न भयो ।

क्यूबाली क्रान्तिको सफलतापछि क्रान्तिमा संलग्न तीन वटा मुख्य संगठनहरू- २६ औं जुलाई मुभमेन्ट, मार्च १३ रिभोल्यूशनरी डिरोक्टोरेट र पपुलर सोशलिष्ट पार्टीबीच पार्टी एकीकरणको प्रयत्न शुरू भयो ।

जून २४, १९६१ मा पपुलर सोशलिष्ट पार्टीको नेशनल कमिटीको प्लेनम भयो । त्यसमा २६ औं जुलाई मुभमेन्ट र मार्च १३ रिभोल्यूशनरी डिरोक्टोरेटका प्रमुख नेताहरूको पनि उपस्थिति थियो । क. फिडेल क्यास्त्रोलाई क्यूबाली श्रमिकहरू र समाजवादीहरूका सर्वोच्च नेता स्वीकार्दै प्लेनमले समाजवादीकरणको अभियानलाई नेतृत्व गर्न सक्ने कम्युनिष्ट पार्टी निर्माणका लागि आधारशिला बनाउन एकीकृत ढंगले अगाडि बढाउने फैसला

## क्यूबाको कम्युनिष्ट आन्दोलनको रूपरेखा

गरेको थियो । तीनवटै संगठनहरूबीच एकीकरण गर्नका लागि आफ्नो पार्टी-संगठनलाई विघटन गर्ने महत्वपूर्ण फैसलासहित प्लेनम समाप्त भएको थियो ।

पपुलर सोशलिष्ट पार्टीले जस्तै २६ औं जुलाई मुभमेन्ट र मार्च १३ रिभोल्युशनरी डिरेक्टोरेटले पनि आ-आफ्नो संगठनका सम्मेलनहरू गरेर आ-आफ्नो संगठनलाई विघटन गरी एकीकृत पार्टीको आधार निर्माण गरेका थिए । १९६१ मा यी तीन वटै संगठनहरूलाई गाभेर इन्टिग्रेटेड रिभोल्युशनरी अर्गनाइजेशन (ORI) बनाइयो, जुन भावी कम्युनिष्ट पार्टीको भ्रूण थियो ।

मार्च ८, १९६२ मा ORI को राष्ट्रिय नेतृत्व आधिकारिक रूपमा निर्माण गरियो, त्यसमा तीनवटै संगठनका महत्वपूर्ण नेताहरूलाई समेटिएको थियो । त्यसको प्रथम सचिवमा फिडेल क्यास्त्रो र द्वितीय सचिवमा राउल क्यास्त्रोलाई चुनियो र जनतासित जोड्नका लागि, पार्टीभित्र जनवादी केन्द्रियता स्थापित गर्नका लागि, जन-नीति (Mass line) अवलम्बन गर्नका लागि क. क्यास्त्रो र चे ग्वेभाराले ठूलो संघर्ष गर्नुपर्‍यो ।

PURS को निर्माणपछि देशभरि जनसंगठनहरूको निर्माणको क्रमलाई तीव्र पारियो । देश र जनतासित सम्बन्धित हरेक सवालमा वैचारिक स्पष्टता हासिल गर्ने अभियान चलाइयो । तीन वर्षसम्म यी क्रियाकलापहरू अगाडि बढाएपछि सेप्टेम्बर ३० देखि अक्टोबर ३, १९६५ सम्म विभिन्न स्तरका पार्टी नेताहरूका महत्वपूर्ण भेलाहरू आयोजना गरियो ।

PURS लाई कम्युनिष्ट पार्टीको जस्तो उन्नत, सबल र सक्षम बनाउन सकिने संभावना देखिएपछि यही भेलाद्वारा PURS लाई अक्टोबर ३, १९६५ मा कम्युनिष्ट पार्टी अफ क्युबा (PCC) को रूपमा फेरिएको थियो । क्यूबाली क्रान्तिलाई समाजवादी दिशातिर बढाउने



**क्यूबामा क्रान्तिकारी पार्टीको निर्माणको शुरूवात त कवि-लेखक तथा क्रान्तिकारी नेता होसे मार्तीले १८९१ मै गरेका थिए ।**

क्यूबन रिभोल्यूसनरी पार्टीका संस्थापक क्रान्तिवीर होसे मार्ती

त्यसको सचिवालयका साथै संगठन विभाग निर्माण गरियो । तीनवटा संगठनहरूको एकीकरण र कम्युनिष्ट पार्टी निर्माणको शुरूवातले क्यूबाली क्रान्तिकारीहरूमा नयाँ जोश र जाँगर पैदा गर्‍यो ।

आ-आफ्नो पार्टी र संगठनको पुरानो परम्परा बोकेर आएका ORI का सदस्यहरूले गुटवादी मानसिकता र जनताबाट अलग्गिएर काम गर्ने शैलीमा तुरून्तै सुधार गर्न सकेनन् । यसका विरूद्ध ORI भित्र चर्को संघर्ष भएपछि केही सुधार हुन थाल्यो । संगठनभित्र शुद्धिकरण र सुदृढीकरण अभियान चलाउँदै गएर अन्ततः मे, १९६३ मा गएर ORI को नाम परिवर्तन गरी यूनाइटेड पार्टी अफ दि सोशलिष्ट रिभोल्युशन (PURS) राखियो । ORI देखि PURS सम्मको यात्राको क्रममा पार्टीभित्र संकीर्णता र गुटवादी प्रवृत्तिका विरूद्ध लामो संघर्ष भएको थियो । PURS लाई क्यूबाली क्रान्तिसित, क्यूबाली भूमिसित, क्यूबाली अभियानलाई वैचारिक नेतृत्व प्रदान गर्नका लागि नयाँ केन्द्रीय कमिटी र पोलिटब्यूरो निर्माण गरियो । पहिले PURS को अगुवाईमा प्रकाशित भइरहेका अखबारहरू Hoy र Revolucion लाई एकीकृत गरेर पार्टीको मुखपत्र का रूपमा Gramma प्रकाशित गर्न थालियो ।

क्यूबाको सन्दर्भमा, क्यूबाली कम्युनिष्ट पार्टीलाई सत्तारूढ कम्युनिष्ट पार्टी भन्न मिल्दैन । पार्टीले चुनाव लड्ने व्यवस्था नै नभएको क्यूबामा सत्तारूढ उही हुन्छन्, जो जनसमूहद्वारा उम्मेदवार बनाइन्छन्, जो जनसमूहकै मत र विश्वास जितेर सत्तामा आसीन हुन्छन् । कम्युनिष्ट पार्टीले मूलतः देश र जनताको वैचारिक-सांस्कृतिक र राजनैतिक नेतृत्व मात्रै प्रदान गर्दछ । क्यूबाको कम्युनिष्ट पार्टीले विगत बीस-बाइस वर्ष अगाडिदेखि क्यूबाली जनतालाई संगठित, सचेत र जागृत बनाउने कार्यक्रमको अगुवाई गरिरहेको छ । ❑

# हालै सम्पन्न क्यूबाली पाँचौं महाधिवेशनबाट

# हामीले क्रान्तिको रक्षार्थ इस्पातिलो पार्टी बनाउनै पर्छ

◆ क. फिडेल क्यास्त्रो

विश्व कम्युनिष्ट आन्दोलनका महान् गुरूहरू मार्क्स, एंगेल्स र लेनिनका शिक्षालाई आफ्नो मार्ग-निर्देशक सिद्धान्त मान्ने, क्यूबाली क्रान्तिवीर होसे मार्तीको क्रान्तिको सिद्धान्त, फिडेल क्यास्त्रो र चे ग्वेभाराका सिर्जनात्मक विचारहरूलाई आफ्नो सैद्धान्तिक राजनीतिक प्रकाशपुञ्ज मान्ने क्यूबाली कम्युनिष्ट पार्टीको पाँचौं महाधिवेशन हालै भव्यतापूर्वक सम्पन्न भएको छ ।

विश्व क्रान्तिका नायक चे ग्वेभाराको संघर्षमय जीवन, बलिदानपूर्ण मृत्यु र नयाँ समाजवादी मानिसको निर्माणको परिकल्पनाबाट हरदम प्रभावित भइरहेको यस कम्युनिष्ट पार्टीले आफ्नो पाँचौं महाधिवेशन त्यस दिन शुरू गरेको थियो, जुनदिन चेलाई बोलिभियाली जंगलमा अमेरिकी र बोलिभियाली सैनिकहरूले गिरफ्तार गरेका थिए । चेको वीरतापूर्ण मृत्युको तीसौं स्मृति दिवसको समय पारेर आयोजना गरिएको क्यूबाली कम्युनिष्ट पार्टीको पाँचौं महाधिवेशन अक्टोबर ८, ९ र १० (गत असोज २२, २३ र २४ गते) सम्म चलेको थियो । यी दिनहरू क्यूबाली क्रान्तिकारीका लागि मात्रै होइन, विश्वभरिकै क्रान्तिकारीहरूका लागि महत्वपूर्ण दिनहरू थिए । स्मरणीय छ, १९६७, अक्टोबर ८ तारिखका दिन गिरफ्तार गरिएका चे ग्वेभारालाई ९ तारिखका दिन निर्ममतापूर्वक मारिएको थियो र १० तारिखको रातिदेखि ३० वर्षसम्म उहाँको लाश लुकाइएको थियो ।

महाधिवेशनको समाप्तिपछि लगत्तै, तीस वर्षपछि पुनः क्यूबा फर्काएर राजधानी हवानाको रिभोल्यूशन स्क्वायरको होसे मार्ती मेमोरियलमा प्रदर्शनका लागि राखिएको चे ग्वेभाराको अस्थिपञ्जर हेरेर सम्पूर्ण प्रतिनिधि र पर्यवेक्षकहरू निकै भावुक भएका थिए ।

चे ग्वेभारालाई भारी सम्मान दिइएको यस महाधिवेशनले फिडेल क्यास्त्रो र चेको नेतृत्वमा भएको क्यूबाली क्रान्तिलाई निरन्तरता दिइरहने, मार्क्सवाद-लेनिनवादलाई आफ्नो मार्गनिर्देशक सिद्धान्तको रूपमा मानिरहने, क्यूबाली जनताको चाहनाअनुरूप समाजवादी व्यवस्थालाई अझ विकसित गर्ने घोषणा गरेको छ ।

१ करोड १० लाख जनसंख्या भएको क्यूबामा ७ लाख ८० हजार मानिसहरू क्युबाली कम्युनिष्ट पार्टीका पार्टी सदस्य

# कम्युनिष्ट पार्टीको विशेष रिपोर्ट

रहेका छन्। त्यसमाथि थप, ५ लाखभन्दा बेसी युवा-युवतीहरू यस पार्टीको योङ कम्युनिष्ट लीगका सकृय सदस्यहरू छन्। यस महाधिवेशनमा ती सबै पार्टी सदस्यहरूको प्रतिनिधित्व गर्दै जम्मा १५ सय पार्टी प्रतिनिधिहरूले भाग लिएको बताइएको छ।

क्यूबाको कम्युनिष्ट पार्टीभित्र र बाहिर पहिलेदेखि नै अचम्मको जनवादी वातावरण देखिन्छ। महाधिवेशनको घोषणा हुनासाथ क्यूबाली कम्युनिष्ट पार्टीले महाधिवेशनमा प्रस्तुत गरिने मस्यौदा विधान, नीति-कार्यक्रम, राजनैतिक-आर्थिक र सांस्कृतिक प्रस्तावहरू पार्टीभित्र मात्र प्रस्तुत गर्दैन, त्यो पार्टीभन्दा बाहिर पनि जारी गरिन्छ। त्यसबारे देशभरि वादविवाद चलाउने, छलफल-अन्तर्क्रिया गर्ने र त्यसबारे जनताको आलोचनात्मक विचार र सुझावसमेत लिने गर्दछ।

पाँचौं महाधिवेशनको क्रममा पनि क्यूबाका १४ वर्षभन्दा माथिका मानिसहरूमध्ये ६५ लाख जनसंख्याले यस्ता कार्यक्रमहरूमा सहभागी भई पाँचौं महाधिवेशनका नीति र कार्यक्रमबारे व्यापक छलफल गरेको बताइएको छ। देश र जनतासित सम्बन्धित हरेक विषयमा एकदमै तल जनस्तरमा समेत छलफल गर्ने बानी परिसकेका क्यूबाली कम्युनिष्ट र जनताको लागि यो महाधिवेशन अत्यन्त महत्वपूर्ण परिघटना भइदिएको छ। यसपालि पनि क्यूबाली कम्युनिष्ट पार्टीका नेताहरूले आफ्ना पार्टी सदस्यहरू र पार्टी पंक्तिभन्दा बाहिरका गरीखाने वर्गका लाखौं जनताका विचारहरू र आलोचनाहरू सबैलाई मन्थन गरेर विचारहरूको केन्द्रीकरण गरेका थिए। जनवादी केन्द्रियताको यो जीवन्त अभ्यासको फलस्वरूप पैदा भएको दरो एकताकै कारणले क्यूबाली कम्युनिष्ट पार्टीले सोभियत संघजस्तो विशाल समाजवादी राष्ट्रमा समाजवादको पतन भइसकेपछि पनि अमेरिकाको नाकैमुनि उसको कठीन नाकाबन्दीका बाजुद समाजवादी व्यवस्थालाई कायम गरी राख्न र आफ्नो देशको सार्वभौमसत्ता र स्वतन्त्रतालाई अक्षुण्ण राखीछोड्ने अभियानको नेतृत्व गर्न सकिरहेको देखिन्छ।

महाधिवेशनको क्रममा सबैभन्दा तातो र लामो बहस समाजवादको रक्षार्थ अपनाइनु पर्ने अल्पकालीन उपायहरूमाथि भएको थियो। क्यूबा र क्यूबाली जनताले दिनदिनै भोगिरहेका समस्याहरूसंग अभिन्न रूपले गाँसिएको यो विषयमा पार्टी पंक्तिभित्र र बाहिरबाट आएका सबै सकारात्मक-नकारात्मक विचारहरू संश्लेषित गर्नका लागि लामो बहस चलाइएको थियो। पार्टीका संगठन-सचिव होसे रामोन माचादो भेन्चुराको सभापतित्वमा भएको सो बहसमा अधिकांश प्रतिनिधिहरूले निर्भिकताका साथ आफ्ना आलोचनात्मक विचारहरू पोखेका थिए।

सोभियत संघको विघटन र पूर्वी यूरोपबाट समाजवादको अवसान भएपछि परेको गंभीर आर्थिक संकट एवं अमेरिकी साम्राज्यवादको आर्थिक नाकाबन्दीको सामना गर्दै क्यूबा र क्यूबाको समाजवादलाई बचाइराख्नका लागि केही नयाँ रक्षात्मक उपायहरूमाथि महाधिवेशनमा व्यापक बहस भएको थियो। ती उपायहरू पूँजीवादी खालका थिए, जस्तो कि, पर्यटन उद्योग खोल्ने, तोकिएको विशेष क्षेत्रमा केही बहुराष्ट्रिय कम्पनी र पूँजीवादी राष्ट्रहरूको लगानी भित्र्याउने एवं किसानरूलाई व्यक्तिगत खेती गर्न लीजमा जमीन दिने आदि। १९९० को शुरूदेखि 'विशेष अवधिका लागि' अपनाइएका यस्ता उपायहरूले समाजवादी प्रणालीमा नै खिया लगाउन सक्ने संभावनाप्रति क्यूबाली कम्युनिष्ट पार्टीले गंभीर सजगता अपनाउनु पर्ने र कुप्रभावलाई रोक्न वैचारिक-सांस्कृतिक अभियानलाई तेज पार्नु पर्ने विचार महाधिवेशनमा सबैभन्दा प्रबल रूपमा उठेको थियो।

क्यूबाली जनताको जीवनस्तर उठाउनका लागि कृषि उत्पादनमा बृद्धि गर्ने, सुर्तीको उत्पादनमा सुधार गर्ने र त्यसलाई वैज्ञानिकीकरण गर्ने विषयमा पनि गहन छलफल भएको थियो। सबैभन्दा बेसी गहन र विस्तृत छलफल त सामूहिक उत्पादनका आधारभूत इकाईहरू (UBPC) को नामबाट संचालित अभियानमाथि भएको थियो। यो अभियानलाई सक्दो बढी नाफादायक ढंगले, कम मूल्यमा, विज्ञान र प्रविधिका अत्याधुनिक उपायहरू प्रयोग गरी, मजदूरहरूको कार्य अनुशासनमा व्यापक सुधार ल्याई, उनीहरूको जीवनको प्रगतिसित गाँसेर संचालन गर्ने विषयमा सबै प्रतिनिधिहरूले आफ्नो सम्पूर्ण क्षमता प्रयोग गरेका थिए।

यो अभियानको क्रममा अहिले क्यूबाली सरकारले १९ वटा उपायहरू प्रयोग गरिरहेको छ, जसमा श्रमिकहरूलाई जग्गा 'लीज'मा दिने र कृषि उत्पादन बढाएर खाद्यान्नको अभाव मेट्ने उपाय पनि पर्दछन्। यस विषयमा राष्ट्रपति फिडेल क्यास्त्रो र उपराष्ट्रपति राउल क्यास्त्रोलगायत अधिकांश मन्त्रीहरू, नगर र क्षेत्रीय स्तरका नेताहरूले पनि आफ्नो राय महाधिवेशनका प्रतिनिधिहरू समक्ष प्रस्तुत गरेका थिए।

महाधिवेशनमा मजदूरहरूको ज्याला बृद्धि गर्नेदेखि लिएर नागरिकहरूको असमान जीवनस्तरलाई समतामूलक पार्ने, किसानहरूको बजार, औद्योगिक उत्पादनहरूको बजार विस्तार गर्ने, खाद्यान्नको बिक्री-वितरणलाई सुव्यवस्थित गर्ने बारेमा पनि छलफल भएको थियो।

महाधिवेशनको विशेष ध्यान देशको ऊर्जा संकटको जटिलतामा गएको थियो। बाहिरबाट किन्नु पर्ने इन्धनको समस्या समाधान गर्न र लोड सेडिङको समस्याले ग्रस्त क्यूबालीहरूको पीडा घटाउन तुरून्तै राहतका कदम चाल्न महाधिवेशनले सरकारको ध्यानाकर्षण गरेको थियो। महाधिवेशनले वर्तमान संकटमाथि विजय हासिल गर्न कृषि लगायत सम्पूर्ण उत्पादन क्षेत्रमा कार्य कुशलता, प्रतिबद्धता र समयावधि बढाउनु पर्ने कुरामा विशेष जोड दिएको छ। यसको ज्वलन्त नमूनाको रूपमा महाधिवेनमा क्यूबाली लाल सेनाद्वारा समाजवादी अर्थतन्त्रको ढाँचाअनुरूप चलाईदै आइरहेको सामूहिक उद्योग र अन्य सामूहिक व्यवसायिक संस्थाहरूको नाफादायक उत्पादन र व्यापारलाई हाइलाइट गरिएको थियो। पैसाका लागि होइन, देश र जनताका लागि लाल सेनाद्वारा चलाइएका सामूहिक उत्पादन र उद्योगहरूले नाफादायक काम गर्न सक्छन् भन्ने उदाहरणले प्रतिनिधिहरूलाई र सम्पूर्ण देशवासीहरूलाई नयाँ ऊर्जा दिएको बताइन्छ।

**महाधिवेशनको क्रममा सबैभन्दा तातो र लामो बहस समाजवादको रक्षार्थ अपनाइनु पर्ने अल्पकालीन उपायहरुमाथि भएको थियो।**

महाधिवेशनले 'एकता, प्रजातन्त्र र मानव अधिकारसहितको पार्टीको प्रतिरक्षा गर्छौं' भन्ने दस्तावेज र विधानलाई सर्वसम्मतिले पारित गरेको छ। यो दस्तावेजमाथि क्यूबाभरि, पार्टीभित्र र बाहिर दुवैतिर खुलेआम बहस गरिएको थियो। र, बहसबाट आएका सबै विचारहरू संश्लेषित गरी दस्तावेजलाई परिमार्जन गरिएको थियो।

समापन समारोहलाई सम्बोधन गर्दै पार्टीका सर्वोच्च नेता र प्रथम सचिव क. फिडेल क्यास्त्रोले भन्नुभयो- 'आगामी केही वर्षसम्म हामीले आफ्नो संघर्ष अर्थतन्त्रसम्बन्धी आधारभूत काममा केन्द्रित गर्नु पर्दछ र यसका लागि सबैभन्दा ठूलो बाधकको रूपमा रहेको हाम्रो अयोग्यता, हाम्रो अदक्षतामाथि विजय हासिल गर्नु पर्दछ।'

उहाँले 'सम्पूर्ण पार्टी नेता र कार्यकर्ताहरूका साथै देशवासीहरूलाई अर्थतन्त्रको सुधारसम्बन्धी यो संघर्ष क्यूबाली जनताको हित गर्नका लागि र क्यूबाली जनताले प्रतिरक्षा गर्दै आइरहेको सुन्दर समाजवादी विचारहरूको रक्षा गर्नका लागि हो' भन्नु हुँदै 'जनता सचेत, संगठित र संघर्षशील भइरहेसम्म कुनै भविष्य नभएको क्रुर साम्राज्यवादी व्यवस्थाका हमलाहरूका विरूद्ध यो संघर्ष चलिरहने र अन्तमा जनता नै विजयी हुने' दृढ विश्वास व्यक्त गर्नुभयो।



**आगामी केही वर्षसम्म हामीले आफ्नो संघर्ष अर्थतन्त्रसम्बन्धी आधारभूत काममा केन्द्रित गर्नु पर्दछ र यसका लागि सबैभन्दा ठूलो बाधकको रुपमा रहेको हाम्रो अयोग्यता, हाम्रो अदक्षतामाथि विजय हासिल गर्नु पर्दछ।'**

◆ क. फिडेल क्यास्त्रो



# "आज चेले पहिलेभन्दा धेरै बेसी युद्धहरु लडिरहनुभएको छ र जितिरहनु भएको छ !"

◆ फिडेल क्यास्त्रो

**क. चे ग्वेभारा र उहाँका कमरेडहरूको शहादतको तीसौं वार्षिक पुण्यतिथिको अवसरमा १७ अक्टोबर (कार्तिक १ गते) सान्ता क्लारा शहरमा आयोजित समारोहमा क्यूबाका राष्ट्रपति एवं क्यूबाली कम्युनिष्ट पार्टीका महासचिव क. फिडेल क्यास्त्रोको महत्त्वपूर्ण सम्बोधनको सम्पूर्ण पाठ :**

**लडाईको मैदानमा मारिनुभएका कमरेडहरुका नातेदारहरु, आमन्त्रित पाहुनाहरु तथा मेरा प्यारा देशवासीहरु,** (ताली बज्छ)

भित्री हृदयदेखि उर्लेर आइरहेको गहिरो भावावेगसहित हामी अहिले यस्तो क्षणबाट अगाडि बढिरहेका छौं, यस्तो क्षण बारम्बार दोहोरिँदैन । हामी अहिले चे र उहाँका बहादुर सहयोद्धाहरूलाई विदाई दिन आएका होइनौं, बरू उहाँहरूलाई स्वागत गर्न आएका हौं ।

चे र उहाँका सहयोद्धाहरूलाई म सहायताकारी सैनिकहरूका रूपमा हेर्दछु, अजेय व्यक्तिहरूको सैनिक डफ्फाको रूपमा हेर्दछु, जसमा यस पटक क्यूबालीहरू मात्रै हुनुहुन्न, ल्याटिन अमेरिकी योद्धाहरू पनि हुनुहुन्छ, जो हामीहरूसंगै मिलेर लड्नका लागि र इतिहास र शौर्यका नयाँ नयाँ पानाहरू लेख्नका लागि आउनु भएको थियो ।

म चेलाई नैतिक भीमकाय व्यक्ति (Moral giant) का रूपमा हेर्दछु, जसको कद दिन दुगुना- रात चौगुना बढ्दैछ, जसको छवि, जसको शक्ति, जसको प्रभाव संसारभर कैयौं गुना बढ्दैछ ।

उहाँ यो चिहानको ढुंगामुनि कसरी अट्न सक्नुहुन्छ ? उहाँ यो स्मारकभित्र कसरी अट्न सक्नुहुन्छ ? उहाँ हाम्रो यो प्यारो तर सानो द्वीपमा मात्रै कसरी अट्न सक्नुहुन्छ र ? उहाँको लागि पर्याप्त ठाउँ भनेको त त्यो सिंगो सुन्दर संसारमा मात्र हुन्छ, जसको उहाँ सपना देख्नु हुन्थ्यो, जसको लागि उहाँ बाँच्नु भएको थियो र जसको लागि उहाँ लड्नु भएको थियो ।

यो मानव समाजमा अन्याय, शोषण, असमानता, बेरोजगारी, गरीबी, भोक र दरिद्रताको हालीमुहाली जति जति बढ्दै जानेछ, उहाँको कद त्यति त्यति बढ्दै जानेछ । विश्वका सबै जनताका, विशेषत: पश्चिमको उपनिवेश र दास-श्रमको स्रोत हुँदै आएका कमजोर, पिछडिएका र गरीब देशका जनताका सबैभन्दा पवित्र अधिकारहरू खोसिने मूल्यमा पनि साम्राज्यवाद, प्रभुत्ववाद, दमन र हस्तक्षेपवादको शक्ति जति जति बढ्दै जानेछ, त्यति त्यति ती मूल्यहरूको दर्जा उँचो हुँदै जानेछ, जुन मूल्यहरूको रक्षा गर्ने काम क. चेले गर्नु भएको थियो ।

अहिले, दुर्व्यव्यवहार, स्वार्थीपना, अलगावको बोलबाला भइरहेको बेला, इण्डियन मूलका जनतामाथि, जातीय अल्पसंख्यक जनतामाथि, महिलाहरू र आप्रवासीहरूमाथि भेदभाव बढ्दै गइरहेको बेला, झन् बढ्दो मात्रामा बच्चाहरूलाई यौन-व्यापारको निशाना बनाइरहेको र करोडौं बच्चाहरूलाई मजदूरी गर्न विवश गरिरहेको बेला, अज्ञानता बढिरहेको बेला, अस्वस्थकर स्थितिमा बृद्धि भइरहेको बेला, असुरक्षा बढ्दै गइरहेको बेला, बेघरबार र अनाथहरूको संख्या बढ्दै गइरहेको बेला, यो बेला उहाँका गहन मानवतावादी भावनाहरू अरू बेसी प्रखर रूपले विकसित हुँदै आइरहेका छन् ।

आज सबैतिर भ्रष्ट राजनीतिज्ञहरू, वाचाल-लफ्फाजीहरू र पाखण्डीहरूको संख्या जति जति बढ्दै गइरहेको छ, त्यति त्यति उहाँ पवित्र, क्रान्तिकारी, सम्माननीय र उदाहरणीय व्यक्तिका रूपमा अरू बेसी प्रखरताका साथ माथि उठ्दै जानुहुनेछ ।

हाम्रो यस धरतीमा कायरहरू, अवसरवादीहरू र विश्वासघातीहरूको संख्या जति जति बढ्दै जानेछ, त्यति त्यति उहाँको निजी साहस तथा उहाँको क्रान्तिकारी इमान्दारितालाई अरू बेसी सराहना गरिनेछ । आफ्नो दायित्व पूरा गर्ने काममा अरू व्यक्तिहरू जति जति कमजोर हुँदै गइरहेका छन्, त्यति त्यति उहाँको इस्पात जस्तो इच्छालाई अरू बेसी तारिफ गरिनेछ ।

अहिले धेरैजसो व्यक्तिहरूमा मानवीय स्वाभिमान घट्दै गइरहेको बेला उहाँको स्वाभिमान र गरिमाको भावनालाई अरू बेसी प्रशंसा गरिनेछ । अरू व्यक्तिहरू बेसीभन्दा बेसी शंकास्पद हुँदै गइरहेको यस समयमा उहाँको निष्ठामाथि बेसीभन्दा बेसी गर्व गरिनेछ । निराशावादीहरूको संख्या बढिरहेको यस बेला उहाँको आशावादलाई झन् झन् बेसी सराहना गरिनेछ । हच्किने र डगमगाउनेहरूको संख्या भरमार ढंगले बढिरहेको यस बेला उहाँको साहसलाई बेसीभन्दा बेसी कदर गरिनेछ । अर्काको श्रमको फल लुटेर आफ्नो ऐश-आराम र बेकम्माको जीवनका लागि खर्च गर्ने लोफर र अल्लारेहरूको संख्या बढिरहेको यस बेला काम र अध्ययनको उहाँको भावनालाई ज्यादाभन्दा ज्यादा तारिफ गरिनेछ !

## अरुलाई आफू जस्तै बनाउने कलामा महारथी

चे सच्चा कम्युनिष्ट हुनुहुन्थ्यो र अहिले उहाँ कम्युनिष्टहरूका लागि नमूना, उदाहरण र आदर्श बन्नुभएको छ ।

चे अरूलाई आफूजस्तै बनाउने

## म चेलाई नैतिक भीमकाय व्यक्तिका रुपमा हेर्दछु

*सान्ता क्लारा शहरमा क. चेको अस्थिपञ्जर समाधिस्थ गरिएको बेला सम्बोधन गर्नुहुँदै क्यूबाली राष्ट्रपति फिडेल क्यास्त्रो । साथमा क्यूबाली उपराष्ट्रपति राउल क्यास्त्रो*





*चे ग्वेभारा र उहाँका ६ जना सहयोद्धाहरूको अस्थिपञ्जर विशेष सम्मानका साथ बोकी प्रदर्शन गर्दै क्यूबाका लाल सैनिकहरू*

**जसले उहाँलाई खत्तम गर्न चाहेका थिए र जसले उहाँलाई निमिट्यान्न पार्न चाहेका थिए, उनीहरु उहाँको अमिट छाप पहिले नै इतिहासमा प्रवेश गरिसकेको थियो भन्ने कुरा बुझ्न असमर्थ थिए ।**

कलाका महारथी हुनुहुन्थ्यो । क्रान्तिका लागि आफूले जस्तै उदारतापूर्वक आफ्नो प्राण उत्सर्ग गर्नका लागि प्रेरित गर्ने कलामा उहाँ निपुण हुनुहुन्थ्यो । आफ्नो लक्ष्यमा सदा दृढतापूर्वक क्रियाशील हुनुभएका चेले जे जति बोल्नुभयो, त्यति आफ्नै जीवनमा लागू गरेर देखाउनु भयो, आफूले गर्न नसक्ने कामको बारेमा कहिल्यै बोल्नु भएन । उहाँ अरूसितभन्दा बेसी आफैंसित बढी माग गर्नु हुन्थ्यो र आफैंप्रति बेसी आलोचक हुनुहुन्थ्यो ।

जब जब कठीन विशेष कामहरूका लागि स्वयंसेवकहरू जरूरी हुन्थे, तब त्यस्ता कामहरूका लागि, चाहे ती युद्धका काम हुन् या शान्तिका काम; जहिले पनि सबैभन्दा अगाडि उहाँले आफैंलाई उभ्याउनु हुन्थ्यो । उहाँ जहिले पनि आफ्ना क्रान्तिको सपनाका खातिर आफ्नो जीवन उदारतापूर्वक अर्पण गर्न हरदम तयार भइरहनु हुन्थ्यो । उहाँका लागि कुनै कुरा पनि असंभव थिएन, र उहाँ असम्भवलाई संभव बनाउन समर्थ हुनुहुन्थ्यो ।

अन्य थुप्रै कारवाहीहरूका अलावा उहाँको नेतृत्वमा चढाईं गर्न अगाडि बढेको सानो छापामार दस्ताले सान्ता क्लारा शहरमाथि गरेको विजयले प्रमाणित गरिरहेको छ- उहाँ कस्ता-कस्ता साहसिक कारनामाहरू गर्न समर्थ हुनुहुन्थ्यो भन्ने कुरा ! हो, त्यही सानो दस्ताले सियरा माइस्त्रादेखि पश्चिमतिर, सुरक्षा नदिइएको विशाल मैदानै मैदानमा मार्च गरेको थियो र धेरै कम छापामार शक्तिको आधारमा पनि सान्ता क्लारा शहरमाथि कब्जा जमाएको थियो ।

आफ्नो जन्म भएको देशमा र शेष सबै दक्षिणी अमेरिकामा क्रान्ति गर्ने सम्बन्धी चेका विचारहरू सम्पूर्ण कठिनाइहरूका बावजूद लागू गर्न संभव छ । ती विचारहरू पहिले नै लागू गर्न सकिएको भए आज संसारको रंग-रूप अर्कै हुन्थ्यो । भियतनामले देखाएको छ- हस्तक्षेपकारी शक्तिहरूका विरूद्ध लड्नु र तिनीहरूलाई हराउनु संभव छ । साण्डिनिष्टाहरूले अमेरिकाका सबैभन्दा शक्तिशाली कठपुतलीहरूमध्ये एकका विरूद्ध लडेर विजय प्राप्त गरेका थिए । एल साल्भाडोरका क्रान्तिकारीहरू जितको सीमासम्म पुगेका थिए । दक्षिण अफ्रिकामा रंगभेदलाई शासकहरूसित आणविक हतियार भए तापनि पराजित गरिएको छ । चीन आफ्ना मजदूरहरू र देशवासीहरूको बहादुरीपूर्ण संघर्षका कारणले आज विश्वको सबैभन्दा बेसी राम्रो संभावना भएको देशको रूपमा विकसित भएको छ । यस विशाल देशमाथि अफिमको नशा थोपर्नका लागि डेढ सय वर्षसम्म आफ्नो कब्जामा लिइराखिएको चीनको भूभाग हंगकंग अन्ततः चीनलाई फिर्ता दिइएको छ ।

निश्चित रूपमा, हरेक युगमा र हरेक परिस्थितिमा, क्रान्तिका लागि एकै खालको तरिका र एउटै खालको कार्यनीति उपयुक्त हुन सक्दैन, तर इतिहासको गति कसैले रोकेर रोक्न सक्दैन, इतिहासको गतिका वस्तुगत नियमहरूको वैधता हमेशा रहिरहन्छ । चेले यिनै नियमहरूलाई आफ्नो आधार बनाउनु भएको थियो र मानिसहरूमाथि अगाध आस्था व्यक्त गर्नु भएको थियो । महान रूपान्तरण ल्याउनेहरू र मानवताका क्रान्तिकारीहरूले आफ्ना सपनाहरू जति छिटो पूरा हुन्छ भनेर आशा र इच्छा गरेका हुन्छन्, त्यति छिटो छिटो पूरा भएका दृश्यहरू देख्ने मौका नपाएका घटनाहरू धेरै पटक दोहोरिएका छन् । तापनि, ढिलो या चाँडो, फेरि फेरि उहाँहरूका सपनाहरूको विजय भएकै छ !

## एउटा योद्धा मर्न सक्छ, तर उसको विचार मर्दैन !

एउटा योद्धा मर्न सक्छ, तर उसको विचार मर्दैन । जब चेलाई घाइते पारेर बन्दी बनाइएको थियो, तब अमेरिकी सरकारका एजेन्ट त्यहाँ के गरिरहेका थिए, उनीहरूले कसरी माने कि चेलाई मारेपछि एक योद्धाका रूपमा उहाँको अस्तित्वसमेत समाप्त हुनेछ भनेर ? आज उहाँ ला हिग्वेरामा हुनुहुन्न, उहाँ अहिले सबैतिर हुनुहुन्छ, जहाँ जहाँ रक्षा गर्नका लागि न्यायपूर्ण संघर्षहरू भइरहेका छन्, त्यहाँ त्यहाँ उहाँ हुनुहुन्छ ।

जसले उहाँलाई खत्तम गर्न चाहेका थिए र जसले उहाँलाई निमिट्यान्न पार्न चाहेका थिए, उनीहरू उहाँको अमिट छाप पहिले नै इतिहासमा प्रवेश गरिसकेको थियो भन्ने कुरा बुझ्न असमर्थ थिए । उनीहरू उहाँको प्रकाशपूर्णताले र भविष्यवाणी गर्न सक्ने दूरदृष्टिले उहाँलाई संसारका अरबौं मानिसहरूका लागि क्रान्तिका प्रतीक बनाउनेछ भन्ने कुरा बुझ्नु असमर्थ थिए । उहाँसित परिचित नव युवा, बच्चा, बूढा-बूढी र संसारभरका इमान्दार मानिसहरू उहाँलाई आदर गर्दछन्, तिनीहरू चाहे जुनसुकै सामाजिक पृष्ठभूमिका किन नहुन् !

## हामी मिलीजुली संघर्ष जारी राख्नेछौं, एउटा सुन्दर संसारका लागि !

आज चेले पहिलेभन्दा धेरै बेसी लडाईहरू लडिरहनुभएको छ र जितिरहनु भएको छ ।

धन्यवाद चे, तपाईंको इतिहासका लागि, तपाईंको जीवनका लागि र तपाईंले देखाउनु भएको उदाहरणका लागि !

तपाईंलाई धन्यवाद दिन्छु, यस कठीन लडाईमा सहायताकारी सैनिक भएर आउनु भएकोमा, जुन लडाई हामी ती आदर्शहरूको रक्षा गर्नका लागि लडिरहेका छौं, जुन आदर्शहरूका लागि तपाईंले यति जोडदार संघर्ष गर्नु भएको थियो ।

तपाईंलाई धन्यवाद दिन्छु, यस कठीन लडाईमा सहायताकारी सैनिक भएर आउनु भएकोमा, जुन लडाई हामी क्रान्तिको, देशको र समाजवादका उपलब्धिहरूको रक्षा गर्नका लागि लडिरहेका छौं । जुन महान सपना पूरा गर्नका लागि तपाईंले असाधारण बहादुरी देखाउनु भएको थियो ! (ताली बज्छ)

तपाईंको महान सपनाको केही भाग हामीले पूरा गरिसकेका छौं, त्यसकै रक्षाका लागि, क्यूबाका विरूद्ध अमेरिकी साम्राज्यवादका षड्यन्त्रहरू विफल गर्नका लागि, नाकाबन्दीको प्रतिरोध गर्नका लागि र विजय हासिल गर्नका लागि हामी तपाईंमाथि, तपाईंका साहसिक कामहरूमाथि भरोसा गर्न सक्दछौं ! (ताली)


तपाईंलाई थाहा छँदैछ- यो देश तपाईंको हो, यी जनता तपाईंका जनता हुन्, यो क्रान्ति तपाईंको क्रान्ति हो, यहाँ आज पनि समाजवादको झण्डा आदर र गर्वका साथ फहराइरहेको छ ! (ताली)

स्वागत छ, क्यूबाको क्रान्तिको सहायतार्थ आएको दस्ताका बहादुर कमरेडहरू ! तपाईंले हाम्रा जनताहरूसित मिलीजुली विचार र न्यायका जुन ट्रेन्चहरूको प्रतिरोध र हिफाजत गर्ने काम गरिरहनु भएको छ, ती ट्रेन्चहरूमाथि कुनै पनि दुश्मनले कहिले पनि जित्न पाउने छैनन् ! र, मिलीजुली हामीले एउटा सुन्दर संसार निर्माणका लागि लडाई जारी राख्नेछौं- विजयी नभएसम्म !!

Hastala victoria siempre !!!

(चेसम्बन्धी नारा र जयजयकारको ध्वनिले आकाश र धरती गुञ्जिन्छ) ❑

*स्रोत: Gramma International*



**हज्जारौं हजार क्यूबाली जनताले हवाना र सान्ता क्लारा शहरमा क. चे र उहाँका सहयोद्धाहरुको अस्थिपञ्जरहरुको अवलोकन गरी उहाँहरुप्रति सम्मान प्रकट गरे**

# नोभेम्बर क्रान्तिको ८० औं वर्षको स्मरणमा कलकत्तामा महत्वपूर्ण अन्तर्राष्ट्रिय जमघट

विशेष रिपोर्टः

**श्यामश्रेष्ठबाट**

*(कलकत्ताबाट फर्केपछि)*

१८ नोभेम्बर १९९७, कलकत्ता । घाटशिलाको भव्य कार्यक्रमसहित पाँच दिन लामो अन्तर्राष्ट्रिय जमघटको सिलसिलामा आज यहाँ एउटा अत्यन्त महत्त्वपूर्ण र अन्तिम अन्तर्राष्ट्रिय जमघटको कार्यक्रम छ । यो कार्यक्रम हो- नोभेम्बर समाजवादी क्रान्तिको ८० औं वार्षिक दिवसको कार्यक्रम ।

जब हामी ४ बजेतिर महाजनी सदनको भवनबाहिर विदेशी अतिथिहरूलाई लगिएको विशेष गाडीबाट उत्र्यौं, हामीले देख्यौं- महाजनी सदन, सभा भवनबाहिरैदेखि निकै आकर्षक ढंगबाट सजाइएको छ । भवनको कम्पाउण्डमा सुन्दर ढंगले लहरै गाडिएका ८० वटा कम्युनिष्ट पार्टीका झण्डाहरूले देखाइरहेका थिए- हामी महान नोभेम्बर समाजवादी क्रान्तिको ८० औं वार्षिक दिवस समारोहमा भाग लिन गइरहेछौं । हल बाहिर वैज्ञानिक समाजवादका विश्वविख्यात प्रणेताहरूको फोटो फूलैफूलले सिंगारेर सुन्दर ढंगले सजाइएको छ । हामी जब कम्पाउण्डभित्र प्रवेश गर्‍यौं, कम्सोमोलका सदस्यहरूले हाम्रो स्वागत गरेर नारा लगाए । कार्यक्रमको आयोजक Socialist Unity Centre of India (SUCI) का नेताहरूले हामीलाई मंचतिर अगुवाई गर्नुभयो ।

यो कार्यक्रममा रूस, अमेरिका, जर्मनी, टर्की, नेदरल्याण्ड, बेल्जियम, श्रीलंका, बंगलादेश, नेपाल र भारतको सहभागिता रहेको छ । नेपालबाट फणिन्द्र न्यौपाने, सिन्धुनाथ प्याकुरेल, डा. गोपाल पोखरेल, सुशीलचन्द्र अमात्य, राजेन्द्र महर्जन र म यस कार्यक्रममा सहभागी भएका छौं ।

मञ्चमा विदेशी अतिथिहरूले प्रवेश गर्ने बित्तिकै लेनिनको फोटोको व्याज लाएका दर्शकहरूले कानै थर्काउने गरी ताली बजाए । हामीले देख्यौं- हल सहभागीहरूले टन्न भरिएको छ, कहीं कतै खाली ठाउँ बाँकी छैन । हलको बल्कोनी, बीच बीचको बाटो र खाली ठाउँ भए जति ठाउँमा मानिसहरू खचाखच जिज्ञासु आँखा लिएर बसेका छन् । हल भरिभराउ छ, तर निकै अनुशासित पनि छ ।

हामी मञ्चमा प्रवेश गर्ने बित्तिकै डायसबाट अंग्रेजी र हिन्दीमा जोशिलो नारा लाग्यो- महान अक्टोबर क्रान्ति- जिन्दावाद ! क. लेनिन- लालसलाम ! क. स्तालिन- लाल सलाम ! अमेरिकी साम्राज्यवाद- मुर्दावाद ! संशोधनवाद- मुर्दावाद ! संसारभरिका मजदूरहरू हो- एक होऊ ! आदि ।

पूरै सभा भवनले यसको प्रत्युत्तरमा नारा लगायो ।

त्यसपछि यता मंचमा SUCI का महासचिव क. निहार मुखर्जीसहित केन्द्रीय समितिका सदस्यहरू र विदेशी अतिथिहरूले आसन ग्रहण गरे । मंच निकै सुन्दर ढंगले सजाइएको छ । मंचको भित्तामा कालो पर्दामा मार्क्स, एंगेल्स, लेनिन, स्तालीन, माओ र शिवदास घोषको फोटो फूलहरूका गुच्छाहरूबीच सजाएर राखिएको छ । मंचको अगाडिपट्टि नोभेम्बर क्रान्तिका महान अगुवा लेनिनको माला पहिर्‍याइएको विशाल फोटो ठडिएको देखिन्छ ।

कार्यक्रमको सभापतित्व SUCI का पोलिटव्यूरो सदस्य कमरेड प्रीतिश चन्दाले गर्नुभयो र सभाको संचालन पनि उहाँले नै गर्नुभयो । हामीकहाँ जस्तो सभापति एउटा हुने, उद्घोषण अर्कोले गर्ने चलन त्यहाँ देखिएन । कार्यक्रमको शुरूआत भयो- लेनिन र शिवदास घोषको सम्बन्धमा बनाइएको अंग्रेजी र हिन्दी-गीतको प्रस्तुतिबाट । गीतको प्रस्तुति SUCI को केन्द्रीय संगीत दस्ताले गर्‍यो ।

गीतको प्रस्तुति सकिनासाथ सिंगै हल भावुक भएर जुरूक्क उभियो, जब सभापतिले घोषणा गर्नुभयो कि,



*रूसको बोल्शेभिक कम्युनिष्ट पार्टीका महासचिव क. नीना एन्द्रिभाको तर्फबाट त्यही पार्टीका सचिव ए. ब्यारिचेभले SUCI का महासचिव निहार मुखर्जीलाई लाल झण्डा उपहारस्वरूप प्रदान गर्नुहुँदाको क्षण*

नोभेम्बर क्रान्ति सम्पन्न भएको देश रूसको All Union Communist Party of Bolsheviks का महासचिव क. नीना एन्द्रिभाको तर्फबाट त्यही पार्टीका सचिव ए. ब्यारिचेभले SUCI का महासचिव निहार मुखर्जीलाई एउटा रूसी कम्युनिष्ट पार्टीको लाल झण्डा उपहारस्वरूप प्रदान गरिनेछ । सिंगै हल जोशपूर्ण तालीको लामो गडगडाहटले गुञ्जायमान भयो । क. ब्यारिचेबले तालीकै पर्राबीच क. निहार मुखर्जीलाई अकमाल गर्नुभयो ।

त्यसपछि बोल्ने क्रम शुरू भयो ।

नेदरल्याण्डका नयाँ कम्युनिष्ट पार्टीका नेता **वीन भान् दर क्लिफ्ट**ले त्यही दिन स्वदेश प्रस्थान गर्ने कार्यक्रम भएकाले सबैभन्दा पहिले उहाँले नै त्यस अन्तर्राष्ट्रिय जमघटलाई संबोधन गर्नुभयो ।

क. क्लिफ्टले संबोधनका क्रममा भन्नुभयो- "यो शताब्दी अक्टोबर क्रान्तिको शताब्दी हो । यो क्रान्तिले मानव जातिको नयाँ युगको शुरूआत गरेको छ । यद्यपि, क्रान्ति अस्थायी तवरले पराजित भएको छ । तथापि, यो क्रान्तिले संसारको हरेक कुरामा हेरफेर ल्याएको छ ।"

उहाँले भन्नुभयो- "पहिलो समाजवादी क्रान्तिको प्रयोग मूलतः संशोधनवादी र नोकरशाही भड्कावका कारणले असफल भएको छ । तथापि, हामी अहिले पनि देख्छौं- अझै केही समाजवादी देशहरू साम्राज्यवादी शत्रुहरूसित जुद्धैछन् । हामी ती मुलुकमा कुनै पनि पूँजीवादी मुलुकमा भन्दा ज्यादा न्याय, आर्थिक समता, सामाजिक सुरक्षा र मानवत्व देख्दैछौं ।"

अन्तमा उहाँले भन्नुभयो- "संसारमा अहिले दुई संभावनाहरू छन्: या त साम्राज्यवादले संसारको घाँटी निमोठ्ने छ र मार्नेछ या संसारमा धेरै क्रान्तिहरू हुनेछन् र समाजवादले संसारमा हालीमुहाली चलाउनेछ । कमरेडहरू ! हामी २१ औं शताब्दीमा समाजवादको निम्ति संघर्ष गरौं । भविष्य हाम्रो हुनेछ !"

त्यसपछि हामीले नेदरल्याण्डका कम्युनिष्ट नेतालाई हलबाट तुरून्तै बिदा गर्‍यौं । उहाँ त्यहींबाट सरासर विमान स्थलतिर प्रस्थान गर्नुभयो ।

त्यसपछि बोल्ने पालो थियो- भारतको कम्युनिष्ट

पार्टी एस.यू.सी.आई.का महासचिव **क. निहार मुखर्जी**को। उहाँले गंभीर अस्वस्थताबीच पनि निकै लामो भाषण दिनुभयो र उहाँलाई छोटो बोल्न लाउन सहकर्मी नेताहरूले बेलाबेलामा चीट दिनु परेको थियो।

नोभेम्बर क्रान्तिको महत्त्वबारे प्रकाश पार्दै क. निहारले भन्नुभयो- "यसअधिका सबै क्रान्तिहरूले एकथरिका चुसाहा वर्गको सट्टामा अर्कोथरिका चुसाहा वर्गलाई सत्तामा स्थापित गऱ्यो। त्यसैले, परिणामतः चुसाहा प्रणालीको अन्त भएन। तर नोभेम्बर समाजवादी क्रान्तिले चाहिं रूसमा सर्वहारा वर्गको अधिनायकत्व स्थापना गऱ्यो। यो एउटा बिल्कुलै नयाँ र भिन्नै राज्य थियो, जसले संसारमा पहिलो पटक सबै किसिमको शोषण, उत्पीडन, हेलाँहोचो र असमानता, विशेषतः महिला र पुरूषहरूबीचको असमानतालाई उन्मूलन गऱ्यो।"

उहाँले नोभेम्बर क्रान्तिले सिकाएको पाठबारे बोल्दै भन्नुभयो- नोभेम्बर क्रान्तिको सबैभन्दा महत्त्वपूर्ण पाठ के हो भने, यदि हामी पूँजीको अधिनायकत्व खत्तम गर्न चाहन्छौं भने, सर्वहारा वर्गको अधिनाकत्व अनिवार्य छ।" उहाँले यसको दोस्रो महत्वपूर्ण पाठबारे लामो व्याख्या गर्दै सारांशमा के भन्नुभयो भने- "क्रान्ति सम्पन्न गर्ने पार्टी यस्तो हुनुपर्छ कि, यसका नेता र कार्यकर्ताहरूले निरन्तर रूपमा एक आपसमा द्वन्दात्मक अन्तर्क्रिया गरून्, जनवादी केन्द्रीयतालाई लगातार समृद्ध पारून् र यसप्रकार, आफ्नो विचारधारात्मक चेतनालाई लगातार माथि उठाइरहून्। नेताहरूको स्तर उकास्ने कार्य यही प्रक्रियामा भर पर्छ। अन्यथा, उनीहरूको स्तरमा जडता आउनेछ। र, पार्टीभित्रको सम्बन्धका बारेमा जे कुरा सत्य हो, त्यो कुरा अन्तरपार्टी सम्बन्धका बारेमा पनि लागू हुन्छ।'

क. निहार मुखर्जीले नोभेम्बर समाजवादी क्रान्ति सम्पन्न भएको मुलुकमा पूँजीवादको पुनर्स्थापना कसरी भयो त? भन्ने सम्बन्धमा आफ्नो धारणा राख्दै भन्नुभयो- "सबैभन्दा पछिल्लो दुर्घटनाको पछाडिको कारण खोतल्दा यो स्वीकारिनै पर्छ कि, भित्रैबाट भएको संशोधनवादी आक्रमण नै पुनर्स्थापनाको निम्ति मुख्य रूपमा जिम्मेवार छ।"... तर प्रश्न उठ्छ, यदि यसभित्रै कम्जोर बिन्दु छैन भने, कसरी र किन एउटा राम्रो पार्टी प्रदूषित हुन्छ? हाम्रो ठम्याइमा त्यो कमजोर बिन्दु हो- पार्टीकै विचारधारात्मक स्तर खस्कँदै जानु।... एउटा सही श्रमिक वर्गको पार्टीमा समेत, पार्टीभित्र जनवादी केन्द्रीयताको सफलतापूर्वक विकास गर्ने सवाल र पार्टीको आम विचारधारात्मक स्तर माथि उठाउने सवाललाई एकचोटी एउटा स्तर हासिल भएपछि सधैंभरि त्यो स्तर त्यस्तै रहिरहने कुरा मान्न सकिन्न। पार्टीभित्र लगातार विचारधारात्मक संघर्ष जारी हुन्न भने, लगातार आफ्ना अनुभवहरूलाई माथि उकास्ने काम हुन्न भने संशोधनवादी आक्रमण कुनै पनि बेला सफल हुन सक्छ। यसमाथि पहिले नै पूर्वदृष्टि राख्न सकिने छैन।"

> **सोभियत संघको विफलता विश्वका तमाम श्रमिकहरुको संघर्षको विफलता होइन, हामीले हाम्रो वर्गको पहिलेका बहुमूल्य अनुभवहरुलाई बलियोसित पक्रनु जरुरी छ र अक्टोबर क्रान्तिका मूल्यवान अनुभवहरुलाई सिक्न र फेरि सिक्न जरुरी छ, नयाँ पुस्तालाई यो सिकाउनु जरुरी छ।"**

त्यसपछि बोल्ने पालो थियो- **ए.पी. व्यारिचेभ**को, जो रूसको नीना एन्द्रिभाद्वारा नेतृत्व गरिएको -अल यूनीयन कम्युनिष्ट पार्टी अफ बोल्शेभिक्सका सचिव हुनुहुन्छ। क. व्यारिचेभले आफ्नो भाषणमा सोभियत संघमा नोभेम्बर क्रान्तिले स्थापित गरेको समाजवाद ढल्नुका मुख्य मुख्य कारणहरू प्रस्तुत गर्नुभयो। मुख्य कारणको व्याख्या गर्दै उहाँले भन्नुभयो- "राजनीतिक क्षेत्रमा पार्टी नेतृत्वको उत्तराधिकारीको समस्या समयमै हल गर्न नसक्नु र क. स्तालीनको मृत्युपछि स्तालीनवादीहरूको पंक्तिमा अन्तर्विरोध चर्किनु र ख्रुश्चोभ र उनका अनुयायीहरूमा संशोधनवादको खतरा देख्न नसक्नु र जनसमुदायलाई अपील गरेर उनीहरूलाई निर्णायक तवरले अस्वीकार गर्न नसक्नु प्रमुख कारण हो।"

"विचारधारात्मक क्षेत्रमा वर्ग संघर्ष सम्बन्धी मार्क्सवादी-लेनिनवादी सिद्धान्त र लेनिन र स्तालीनका चेतावनीहरूको उपेक्षा गर्नु प्रमुख कारण हो। उहाँहरूले चेतावनी दिनुभएको थियो कि, जति हामी समाजवादी दिशामा अघि बढ्छौं, प्रतिक्रान्तिकारी शक्तिहरूको पूँजीवाद पुनर्स्थापना गर्ने प्रयत्न अरू तीव्र र कडा बन्दछ"- क. व्यारिचेभको विश्लेषण यस्तो थियो।

क. व्यारिचेभले भन्नुभयो- "आर्थिक क्षेत्रमा समाजवादका आर्थिक सिद्धान्तहरूको उपेक्षा गर्नु, स्तालीनले 'सोभियत संघमा समाजवादका आर्थिक समस्याहरू' मा प्रस्तुत गर्नुभएको राष्ट्रिय अर्थतन्त्र कसरी निर्माण गर्ने भन्ने सम्बन्धी योजनाहरूलाई पूरै उपेक्षा गर्नु, समाजवाद ढल्नुको मुख्य कारण हो।"

"परराष्ट्र नीतिका क्षेत्रमा पूँजीवादी राज्यहरूसितको शान्तिपूर्ण सहअस्तित्वको सिद्धान्तलाई वर्ग संघर्षका रूपमा बुझ्न पूरापूर असफल हुनु र समाजवादी राज्यको संचालन गर्ने आधारभूत सिद्धान्तका रूपमा सर्वहारा अन्तर्राष्ट्रियवादलाई लिने लेनिनवादी-स्तालीनवादी सिद्धान्तलाई कम महत्त्व दिनु वा उपेक्षा गर्नु विफलताको प्रमुख कारण हो" क. व्यारिचेभले भन्नुभयो।

"सोभियत संघमा समाजवाद ढल्नुका माथि उल्लिखित कारणहरू इतिहासद्वारा नै निर्धारित वस्तुगत प्रकृतिका कारणहरू थिएनन्। ती ख्रुश्चेभ नेतृत्वमा आएयता सोभियत नेतृत्वले लिएका अलोकप्रिय नीतिहरूका कारण पैदा भएका परिणामहरू थिए", व्यारिचेभले आफ्ना विश्लेषणहरूको निचोड यसरी निकाल्नु भयो।

यसबाट सिक्नुपर्ने सबैभन्दा महत्वपूर्ण पाठका रूपमा उहाँले यस्तो विचार प्रस्तुत गर्नुभयो : "अवसरवाद, संशोधनवाद र राष्ट्रिय अहंकारवादविरूद्ध कम्युनिष्ट आन्दोलनमा सफलतापूर्वक संघर्ष गरेर नै पूँजीवाद र साम्राज्यवादविरूद्धको लडाईमा सफलता प्राप्त गर्न सकिन्छ।"


भाषण पछि क. व्यारिचेभले लेनिनलाई सबैभन्दा धेरै मनपर्ने गीतको केही अंश गाएर सुनाउनु भयो। त्यो गीतको शीर्षक थियो- "कमरेडहरू हो, बहादुर होऊ र अघि बढ।" गीतले पूरै हललाई भावविह्वल बनायो।

त्यसपछि टर्कीको डिएचकेपी-सी का प्रतिनिधि **स्क्याडर हेइके**ले अति छोटोमा आफ्नो भनाइ प्रस्तुत गर्नुभयो। उहाँको भनाइ थियो- "नोभेम्बर समाजवादी क्रान्ति मानव जातिको इतिहासमा एउटा नयाँ युगको सूत्रपात थियो। यसले नै विश्वमा सर्वहारा क्रान्तिको युग ल्यायो र क्रान्तिको आँधीबेहरी विश्वभरि सिर्जना गऱ्यो। अहिले प्रतिक्रान्तिकारी शक्तिको हात माथि परेको छ र अस्थायी रूपमा हामीले पछि हट्नु परेको छ। तर कुनै पनि प्रतिक्रान्तिले इतिहासमा अक्टोबर क्रान्तिको स्थानलाई परिवर्तन गर्न संभव छैन। रूसमै क्रान्तिको हावा फेरि बहन थालेको छ।"

बेल्जियमको श्रमिक पार्टी- पि.टी.बी.का प्रतिनिधि कमरेड **डर्क दि ब्लक**ले अरू संक्षिप्तमा आफ्नो विचार प्रस्तुत गर्नुभयो। उहाँले नोभेम्बर क्रन्ति र त्यसले स्थापित गरेको समाजवादको विफलता सम्बन्धमा बोल्दै भन्नुभयो- "आन्दोलनमा अहिले आएको गतिरोधले इतिहासको बाटोलाई हेरफेर गर्नु संभव छैन। अहिले साम्राज्यवादीहरू, पूँजीवादीहरू जेसुकै सोचून् र गरून्, संसारको वस्तुगत परिस्थिति आफैंले त्यस्ता सामाजिक शक्तिहरू साथसाथै जन्माउँदैछ, जसले समाजलाई समाजवादकै ऐतिहासिक रूपले निर्धारित बाटोमा लैजानेछ।... सामन्तवाद पूँजीवादमा संक्रमण गर्न चार सय वर्ष लागेको थियो। अहिलेको पूँजीवादी समाजलाई समाजवादमा रूपान्तरित गर्ने क्रान्तिकारी संघर्षले दिगो सफलता हासिल गर्न ७० वर्ष पर्याप्त छैन, अरू ज्यादा समय लाग्न सक्छ। संघर्ष चाहिं जारी राख्नु पर्छ।"

संयुक्त राज्य अमेरिकाको- श्रमिकहरूको संसार (Worker's World) पार्टीकी नेतृ कमरेड **सारा फ्लाउण्डर्स**ले त्यो दिनको कार्यक्रमलाई बडो आकर्षक शैलीमा संबोधित गर्दै भन्नुभयो, "आज विश्व पुनः पूँजीवाद र साम्राज्यवादको हालीमुहालीमा फर्कन लागे


बीलमान दर क्लिफट
(निदरल्याण्ड)



क. निहार मुखर्जी
(भारत)



क. ए.पी. व्यारिचेभ
(रुस)



स्क्याण्डर हेइके
(टर्की)



डर्क दि ब्लक
(बेल्जियम)



# साम्राज्यवादविरोधी राष्ट्रिय मंच नेपालका महासचिव श्याम श्रेष्ठको भाषणको सम्पूर्ण अंश



*सभापति कमरेड, मंचमा रहनुभएका नेतागण, कमरेडहरू र मित्रहरू,*

*यस महत्त्वपूर्ण ऐतिहासिक समारोहमा बोल्ने अवसर दिनुभएकोमा म आयोजकहरूलाई हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।*

*मानव जातिको इतिहासमा नोभेम्बर समाजवादी क्रान्ति गुणात्मक रूपले नै एकदमै भिन्न क्रान्ति थियो । यो विश्वमा एउटा सिंगो मुलुकमा गरीखाने वर्गले सम्पन्न गरेको पहिलो सफल क्रान्ति थियो । इतिहासमा पहिलो पटक यही क्रान्तिले गरीखाने वर्गलाई सफलतापूर्वक आफ्नो भाग्यको मालिक आफै बनायो । यही क्रान्तिले चुसाहा वर्गको शासनलाई अन्त गऱ्यो, आर्थिक र राजनैतिक क्षेत्रमा मान्छेबाट मान्छेलाई हुने शोषण खत्तम गऱ्यो, मानव जातिमा लिंग, धर्म र जातिका आधारमा विद्यमान असमानतालाई उन्मूलन गऱ्यो ।*

*यो क्रान्तिले के देखायो भने, वैज्ञानिक विचारधारा, दृष्टिकोण र संस्कृतिले लैश हुने हो भने, गरीखाने वर्ग पनि क्रान्ति सम्पन्न गर्न समर्थ छ, संसारका कुनै पनि पूँजीपति वर्गभन्दा कता हो कता राम्ररी शासन सत्ता चलाउन समर्थ छ र संयुक्त सोभियत समाजवादी गणतन्त्र जस्तो विशाल राष्ट्रको व्यवस्थापन गर्न समर्थ छ । यो क्रान्तिले विश्वका अनेकौं देशमा श्रमिक वर्गीय क्रान्तिको बाँधको ढोका छताछुल्ल हुने गरी उघाऱ्यो । यसले सम्पूर्ण पूँजीवादी विश्वको भित्री मुटुसम्म थर्कमान पाऱ्यो ।*

*गरीबी उन्मूलन गरियो । बालक कालको, विरामी अवस्थाको र बृद्धकालको असुरक्षालाई यसले स्वाहा पाऱ्यो । गाँसविहीनता र बासविहीनतालाई समाप्त पारियो ।*

*तर कहाँनेर गल्ती भयो त ? किन अहिले त्यही सोभियत संघमा समाजवाद अस्तित्वमा छैन र सोभियत संघ आफै अस्तित्वमा छैन ? के हो अवसानको जरो कारण ?*

*यसको जरो कारण के हो भने, त्यहाँ आर्थिक ढाँचा र राजनीतिक ढाँचालाई कब्जा गर्ने र बदल्ने काम त भयो, तर पुरानो मानसिक ढाँचालाई बदल्ने काममा पर्याप्त ध्यान दिइएन । जनतालाई आर्थिक र शारीरिक रूपले तन्दुरूस्त त पारियो, तर उनीहरूलाई विचारधारात्मक र नैतिक सांस्कृतिक रूपले पनि तन्दुरूस्त पारिरहने मामलामा पर्याप्त र निरन्तर ध्यान दिइएन । पार्टीभित्र र बाहिर समाजवादी विचारधारात्मक संघर्ष निरन्तर रूपमा चलाइएन । पार्टीभित्र र बाहिर सर्वहारा जनवादको खडेरी रह्यो । जनवादी केन्द्रीकरणको सट्टामा नोकरशाही केन्द्रीकरणको अभ्यास गरियो । यसको परिणाम के भयो भने, सोभियत संघमा गरीखाने वर्गको सट्टा एउटा नयाँ नोकरशाही वर्ग शासकको रूपमा उदायो । ख्रुश्चेभ, ब्रेझ्नेभ, गोर्वाचेभ सबै यस्तै नयाँ पार्टी नोकरशाही वर्गका ज्वलन्त उदाहरणहरू थिए । गरीखाने जनता र वर्गहरू यिनै तानाशाही नोकरशाही वर्गबाट वाक्कदिक्क हुनुको कारणले सन् १९९० मा समाजवादी व्यवस्था नै धराशायी हुँदा समेत उनीहरू यसको रक्षार्थ खडा भएनन् ।*

> **तर कहाँनेर गल्ती भयो त ? किन अहिले त्यही सोभियत संघमा समाजवाद अस्तित्वमा छैन र सोभियत संघ आफै अस्तित्वमा छैन ? के हो अवसानको जरो कारण ?**

*जब जब कुनै गंभीर प्रयत्न हुन्छ, त्यहाँ गल्ती हुने सभावना त हुन्छ नै । इतिहासको कुनै एउटा बिन्दुमा कुनै देशमा एकथरि मान्छेले समाजवादको प्रयोगमा गल्ती गरे भन्दैमा समाजवाद नै सधैंको लागि पराजित भयो भन्नु गलत हो । यो अस्थायी पराजय मात्र हो, किनकि, पूँजीवादी र साम्राज्यवादी शोषणबाट मुक्ति प्राप्त गर्ने अर्को कुनै बाटो विश्वमा छँदैछैन । मानिसका आधारभूत समस्याहरूको समाधान पूँजीवादसित छँदा पनि छैन ।*

*अब हामी विश्वको पहिलो समाजवादी राज्यको प्रथम प्रयोगको दौरानमा भएका दोष र कमजोरीहरूको समीक्षा गर्न थालौं र त्यसबाट पाठ सिक्न थालौं । यदि हामी यथार्थवादी ढंगले विगतका गल्तीलाई ठम्याउन र सच्याउन सक्छौं भने, समाजवादी क्रान्तिको बाढीलाई पुन: विश्वको कुनै पनि तागतले रोक्न सक्नेवाला छैन । त्यो प्रक्रिया हामी अहिलेदेखि नै शुरू गरौं, अर्को शताब्दी समाजवादी क्रान्तिको शताब्दी हुनेछ ।*

*समाजवादी क्रान्ति अमर रहोस् !* ❑

जस्तो देखिन्छ । तर उनीहरूसित मानव जातिको कुनै पनि आधारभूत समस्याको समाधान छैन । चाहे न्यूयोर्कको होस् वा कलकत्ताको, उनीहरू जीवनका कुनै पनि समस्याको समाधान गर्न असमर्थ छन् । त्यसैले, सोभियत संघको विफलता विश्वका तमाम श्रमिकहरूको संघर्षको विफलता होइन, यो साम्यवादको आकांक्षा गर्दै श्रमिकहरूको हृदयभित्र गहिरोमा बलिरहेको आशाको बत्तीको विफलता होइन । हामीले हाम्रो वर्गको पहिलेका बहुमूल्य अनुभवहरूलाई बलियोसित पक्रनु जरूरी छ र अक्टोबर क्रान्तिका मूल्यवान अनुभवहरूलाई सिक्न र फेरि सिक्न जरूरी छ, नयाँ पुस्तालाई यो सिकाउनु जरूरी छ ।"


उहाँ पछि जमघटलाई संबोधन गर्न मंचमा डाकियो, **क. माइकल ओपर्कल्स्की**लाई, जो जर्मनीको साम्राज्यवादविरोधी मंचका उपाध्यक्ष हुनुहुन्छ । निकै हंसमुख क. ओपर्कल्स्कीले सम्बोधनका क्रममा भन्नुभयो- "साम्राज्यवादविरोधी सहयोद्धाका रूपमा हामीले अध्ययन र विश्लेषण गर्न जरूरी भएको छ, किन यो अग्रगामी समाजवादी मुलुक (सोभियत संघ) धराशायी भयो ? हाम्रो लागि प्रगतिशील क्रान्तिकारी आन्दोलनहरू र समाजवादी राज्यहरूलाई ध्वंश गर्नका लागि साम्राज्यवादको स्वार्थअनुकूल काम गर्ने आन्तरिक शत्रुलाई पराजित गर्ने सवाल कहिल्यै बिर्सन नहुने पाठ भएको छ । र, सबैभन्दा महत्वपूर्ण कार्य जो हामी अहिले पूरा गर्न सक्छौं, त्यो के हो भने, हामीले महान् अक्टोबर क्रान्तिका पाठहरूलाई व्यवहारमा लागू गर्न जारी राख्नु पर्छ ताकि एक्काइसौं शताब्दी, जुन अब टाढा छैन, साम्राज्यवादमाथिको विजयको र मानवजातिको मुक्तिको शताब्दी हुनेछ ।"

श्रीलंकाको नयाँ जनवादी पार्टीका पोलिटव्यूरो सदस्य **क. ई. थाम्बिया** सभाको जोशिलो वातावरणबाट निकै भावुक हुनुभयो र भावुकतावश उहाँले आफ्नो भाषणको सारा जस्तो समय एस.यू.सी.आई. पार्टीको सराहनामा लाउनु भयो । अक्टोबर क्रान्तिको सन्दर्भमा उहाँले यति मात्रै भन्नुभयो- "हामीले कम्युनिष्ट घोषणा पत्रलाई अध्ययन र पुनर्अध्ययन गर्नेछौं र बढीभन्दा बढी अक्टोबर क्रान्तिहरू सम्पन्न गर्नेछौं ।"


त्यसपछि बोल्ने पालो थियो नेपालको । नेपालका प्रतिनिधित्व गर्दै श्याम श्रेष्ठले बोलेको कुरा बक्समा हेर्नुहोस् ।

बंगलादेशका तर्फबाट बंगलादेशेर समाजतान्त्रिक दलका संयोजक **क. खलेकुज्मान**ले बंगाली भाषामै आफ्नो जोशिलो भाषण प्रस्तुत गर्नुभयो । नोभेम्बर क्रान्तिको महत्वबारे भाषणको क्रममा उहाँले भन्नुभयो- "नोभेम्बर क्रान्तिमार्फत् नै मानव जातिले इतिहासमा पहिलो पटक मान्छेमाथि मान्छेको शोषण, बेरोजगारीको समस्या, समाजमा महिलाहरूको निम्न स्थान र मगन्तेपन जस्ता अमानवीय अभ्यासहरूलाई अन्त गर्दै मानव जातिले


सारा फ्लाउण्डर्स (अमेरिका)




क. माइकल ओपर्कल्स्की (जर्मनी)




क. इ थाम्बिया (श्रीलंका)



क. खलेकुजमान (बंगलादेश)



प्रीतिश चन्दा (भारत)



> जे भएको छ, त्यो गलत अभ्यासको पराजय हो, यो कुमार्गको पराजय हो, समाजवादी अर्थतन्त्रलाई मजबूत पार्ने नाममा पूँजीवादी अर्थतन्त्र लागू गर्ने प्रयत्नको पराजय हो यो । यो समाजवादको विज्ञान मार्क्सवाद-लेनिनवादको पराजय होइन ।

मुक्तिको बाटो लियो ।...... इतिहासको पानाबाट यो तथ्यलाई कहिल्यै मेट्न संभव छैन ।"

सोभियत संघमा समाजवादी व्यवस्था धराशायी भएको सवालमा बोल्दै उहाँले भन्नुभयो- "...एउटा सभ्यताले मान्छेको विचारधारा र संस्कृतिको स्तर साथसाथै माथि नउठाइकन आफ्नो सामाजिक आर्थिक ढाँचालाई नयाँ उचाईमा उठाउन र यसलाई दिगो जगमा टिकाउन सक्दो रहेनछ । जब एउटा सभ्यताले नै ठक्कर खान्छ, यसले मान्छेको भौतिक सुखसुविधामा मात्र असर गर्दोरहेनछ, यसले त मानवीय मूल्यको भावनालाई नै केही कदम तल झार्दोरहेछ । त्यसैले, हामी यो (नोभेम्बर क्रान्तिको) वार्षिक उत्सव मानव मूल्य र मान्छेका महान् उपलब्धिहरूको रक्षा गर्ने सवालबाट चिन्तित भएर मनाउँदैछौं ।".

"समाजवादी विचारधारा स्वीकार गर्ने अधिकांश मानिसहरूले सैद्धान्तिक-वैचारिक कोणबाट बस्तुको कारण र परिणामको सम्बन्धबारे विश्लेषण गरेर यसलाई स्वीकार गरेका थिएनन् । बरू उनीहरूले नोभेम्बर क्रान्तिको सफलताबाट प्रभावित भएर यस्तो गरेका थिए । त्यस्तै गरेर, साजवाद 'विफल' भएको परिणामले पनि उनीहरूलाई उल्टो दिशातिर प्रभावित पार्दैछ । यस्तो समयमा नोभेम्बर चेतनालाई अगाडि बढाउने हो भने, समाजवादी आन्दोलनको वर्तमान धक्काको कारण र परिणामसम्बन्धी सम्बन्धको चेतना हामीमा हुनु अपरिहार्य कुरो भएको छ ।"- उहाँको भनाइ यस्तो थियो ।

क. खलेकुज्मानको भाषणपछि नोभेम्बर क्रान्तिको अस्सीऔं वार्षिक उत्सवको कार्यक्रमको लगभग अन्त भयो । सभाको समापन गर्दै क. प्रीतिश चन्दाले भन्नुभयो- "...जब तात्कालीन सोभियत संघ र पूर्वी यूरोपमा प्रतिक्रान्ति सफल भयो, ... हामी, कमेकम एस.यू.सी.आई.का सारा कार्यकर्ताहरू आश्चर्यचकित भएनौं, हामी सारै स्तब्ध र अत्यन्त दुःखित जरूर भयौं, तर अरू धेरै जस्तो चकित भएनौं । किनकि, यसका निम्ति हामी पहिलेदेखि नै तयार थियौं । ... हाम्रा शत्रुहरू जेसुकै भनून्, तर हामी विश्वस्त छौं, यो एउटा अस्थायी चरण मात्रै हुनेछ । जे भएको छ, त्यो गलत अभ्यासको पराजय हो, यो कुमार्गको पराजय हो, समाजवादी अर्थतन्त्रलाई मजबूत पार्ने नाममा पूँजीवादी अर्थतन्त्र लागू गर्ने प्रयत्नको पराजय हो यो । यो गलत कुराहरूको पराजय हो । यो समाजवादको विज्ञान मार्क्सवाद-लेनिनवादको पराजय होइन । ... यसको प्रमाण तपाई यहीं हलमा पाउनु सक्नु हुन्छ । रूसको, प्रमुख साम्राज्यवादी मुलुक अमेरिकाको, पश्चिम यूरोपका केही मुलुकहरूको... र तीनवटा छिमेकी मुलुकहरूको श्रमिक वर्गका प्रतिनिधिहरू यहाँ आउनु भएको छ । उहाँहरू सबै एउटै आवाजमा भन्दै हुनुहुन्छ कि, मानव जातिको एउटै आशा अक्टोबर क्रान्तिको बाटो हो ।"

क. प्रीतिश चन्दाको समापन भाषणपछि उहाँले हलमा इन्क्लाव- जिन्दावाद ! को नारा घन्काउनु भयो । पूरै हल नाराले गुञ्जायमान भयो ।

अन्तमा, विश्व-प्रसिद्ध इण्टरनेशनल गीतको प्रस्तुतिपछि नोभेम्बर क्रान्तिको औपचारिक समारोहको समाप्ति भयो । ❑

## उत्पीडित चौतारी

# दाइजोको आगोमा जल्दैछन् मैथिलानी महिलाहरू

◆ सुजीतकुमार झा

महोत्तरी जिल्लाको डाम्ही गाउँकी चञ्चलादेवी झाको विहे जलेश्वर नगरपालिकाको बजराही गाउँमा राजनारायण झासंग भएको थियो । सुनौलो भविष्यको कल्पनामा चञ्चलाले दाम्पत्य जीवनमा प्रवेश गरिन् । तर केही दिनमै चञ्चलाको झुण्डिरहेको लास घरमा पाइयो । दाइजोको लागि उनको हत्या गरेर त्यसलाई आत्महत्याको रूप दिने प्रयास स्वयं उनका लोग्ने र ससुरा आदिले गरेका थिए ।

आजभोलि समाचारपत्रहरूमा यस्ता समाचार प्रशस्त मात्रामा पढ्न पाइन्छन् । संभवतः यसैकारण मानिसहरू यस्ता घटनाप्रति खासै ध्यान पनि दिँदैनन् ।

समाजमा जीवनका मूल्य कुन किसिमबाट विलुप्त भइरहेका छन् भन्ने कुराको स्पष्ट उदाहरण हुन्- यी दाइजो उत्पीडनका घटनाहरू । मिथिलामा दाइजोको यो कुप्रथा नयाँ होइन, न त यो भारतबाट आयातित विकृति नै हो । औद्योगिकीकरणको यस युगमा एक नवसंस्कृतिका रूपमा उपभोक्तावादको उदय भएको छ । ठूला कम्पनीहरू विज्ञापनको माध्यमले आफ्नो उत्पादनको बढ्दो माग उत्पन्न गरिदिन्छन् । त्यसैको प्रभावमा परेर मानिस आफ्नो सामर्थ्यभन्दा बाहिर गएर बस्तुलाई खरिद गर्दछन् । तर पनि यस्ता बस्तुप्रति लालसाको कुनै अन्त हुँदैन । एकपछि अर्को गरी यस्ता बस्तुले बजार ढाकेका हुन्छन् । मानिसको क्रयशक्ति सीमित हुनुको कारण त्यसको लालसा अधुरो रहिरहन्छ । त्यसैले, उपभोक्तावादको शिकार भएका मान्छेहरू त्यसलाई पूरा गर्न भ्रष्टाचार र दाइजोजस्ता चोर-बाटोहरू अप्नाउँछन् । यसैकारण, दाइजो लिने प्रवृत्ति समाजमा बढेको छ तथा दाइजो एउटा गम्भीर समस्या बन्न पुगेको छ ।

नेपालमा नव धनाढ्य वर्ग ठूलो गतिले बढेका छन् । उचित अनुचित उपायले अकूत पैसा जम्मा गर्न सफल व्यक्ति यस वर्गमा आउँछन् । उनीहरू विहे जस्ता उत्सवमा राम्रो रकम खर्च गर्ने स्थितिमा आइपुगेका छन् । यिनीहरू नै समाजमा झूठो प्रतिष्ठा प्राप्त गर्न बढीभन्दा बढी दाइजो दिन तत्पर हुन्छन् र दाइजोको सधैं नयाँ मापदण्ड बनिरहोस् भन्ने कामना गर्छन् ।

यस दुष्चक्रमा त्यस्ता व्यक्ति पिल्सिन्छन्, जसको आयको साधन सीमित छ र कठिन जीवनयापन गर्नुपर्ने बाध्यता हुन्छ । परिणामस्वरूप, धेरै केटीहरू आजन्म कुमारी बस्न बाध्य हुन्छन् भने कतिपयले बाध्य भई भनेजस्तो केटा नपाएर पनि विवाह गर्नुपर्ने परिस्थिति आइपर्दछ ।

दाइजोको समस्या धेरै व्यापक भइसकेको छ । यस समस्याले त्यही व्यक्ति मात्र विवश भएको छैन, जो यसको कारणले उत्पीडित भइसकेको छ वा भइरहेको छ । प्रायः प्रत्येक परिवार यस्तो प्रथाको कारण दुःखी हुनुपरेको छ । दाइजोलाई सामाजिक प्रतिष्ठाको मापदण्ड बनाइएको कारण सुयोग्य केटाले बिहे गर्नको लागि दाइजो अनिवार्य नै जस्तो भइसकेको छ । 'जति बढी दाइजो, त्यति राम्रो केटा'को सिद्धान्त बनेको हुन्छ । हरेक व्यक्ति आफ्नी छोरीको उज्वल भविष्य र सुखको लागि समर्थ्यभन्दा बढी धन दिने कोशिश गरिरहेछन् । परिणामस्वरूप, उनीहरू ऋणमा डुब्न बाध्य भइरहेछन् ।

> संघर्ष नै दाइजो समस्याको समाधानको एक भरपर्दो उपाय हो ।

समाजशास्त्रीहरूद्वारा गरिएको अध्ययनअनुसार, अधिकांश दाइजोसम्बन्धी समस्याले ग्रस्त भई हत्या र उत्पीडन भोग्नुपर्ने बाध्यता अपेक्षाकृत सम्पन्न वर्गमा बढी हुन्छ । यसको कारण उपभोक्ता संस्कृतिको प्रभावमा आएर निम्नवर्ग मध्यमवर्गमा, मध्यमवर्ग उच्चवर्गमा जाने प्रयास गर्दछन् । साथै, यिनै वर्गले अरू अनुचित साधनका साथसाथै चाँडै र सजिलै धनी बन्ने भऱ्याङको रूपमा दाइजोलाई पनि प्रयोग गर्ने गर्दछन् ।

उदाहरणको लागि, उपभोक्ता संस्कृतिको पहुँचभन्दा टाढा रहेको आदिवासी क्षेत्रमा दाइजोको समस्या देख्न पाईंदैन । त्यस्तै गरी, अर्को एउटा अध्ययनअनुसार, बेरोजगारीको कारणले पनि आफ्नी पत्नीको हत्या गरेर दोस्रो बिहेको माध्यमबाट पुनः दाइजो प्राप्त गर्ने प्रवृत्ति बढिरहेको पाइएको छ ।

दाइजोको विषयलाई लिएर गरिने हत्यामा संयुक्त परिवार पनि जिम्मेवार रहेको हुन्छ । सयुक्त परिवारमा रूढीवादी मान्यता अधिक प्रभावी हुन्छ । ९० प्रतिशतभन्दा बढी दाइजोसंग सम्बन्धित हत्या संयुक्त परिवारमा हुने गरेको छ । दाइजोको समस्यालाई अझ बढी गम्भीर रूप दिन नेपालको न्याय व्यवस्था पनि जिम्मेवार छ । पीडित महिलाले न्याय पाउन यति धेरै भौंतारिनु पर्छ कि, अधिकांशले बीचैमा हिम्मत हार्नुपर्ने अवस्था आउँछ र नियतिको अगाडि आफूलाई समर्पण गर्नुपर्ने हुन्छ ।

दाइजो हत्या र उत्पीडनलाई बढावा दिनमा केटीका आमाबुबा पनि उत्तिकै जिम्मेवार छन्, किनकि, दाइजोकै कारण उत्पीडन शुरू भएको थाहा पाउँदा-पाउँदै पनि उनीहरू केटीलाई केटाको घरमा बस्न बाध्य गर्दछन् । यो पनि सत्य हो कि, परित्यक्ता महिलालाई हाम्रो समाजमा राम्रो आँखाले हेरिन्न तथा त्यसको पुनर्वासमा अनेक समस्याहरू आइपर्दछन् ।

यो कुरा पनि उल्लेखनीय छ, दाइजो-लोभीमाथि केटी पक्षकाले मुद्दा दिनाले र संघर्ष गर्नाले नै केटा पक्षको स्थिति नाजुक हुन्छ । साथै, उनीहरूको दोस्रो बिहे गरेर दाइजो प्राप्त गर्ने इच्छा पनि पूरा हुँदैन । अतः केटा पक्षले पनि यस स्थितिबाट बच्ने प्रयास गर्दछ । जब केटी र त्यसको अभिभावक समर्पण गर्नको सट्टा संघर्षमा उत्रन्छन्, दाइजो लोभीहरू निरूत्साहित हुन्छन् । त्यसैले संघर्ष नै समाधानको एक भरपर्दो उपाय हो ।

दाइजोको यस हत्यारा प्रथाविरूद्ध एकातिर मिथिला समाजको जगसम्म सबै तहमा संघर्ष हुनु जरूरी छ । अर्कोतिर, यो प्रथाविरूद्ध सांस्कृतिक जागरूकता अभियान छेड्नु पनि जरूरी छ । हात बाँधेर बसेर यो कुप्रथा आफै सिद्धिनेवाला छैन । यो उपभोक्तावादसंग, सजिलो सम्पत्ति आर्जनसंग जोडिएको समस्या हो । त्यसैले, दाइजो प्रथा अन्त गर्न उपभोक्तावादविरोधी सांस्कृतिक आन्दोलनको जरूरत छ । ❑



# के गर्भपतनलाई बैध गरिनु जरूरी छ ?

-मुक्ता श्रेष्ठ

*यहाँ 'गर्भपतन गर्नु अमानवीय ठहरिन्छ र, गर्भपतनले कानूनी मान्यता पाएमा समाजमा विकृति बढ्छ, स्वास्नी मानिसहरू छाडा हुन्छन्' भनेर कुर्लिरहने मानिसहरू असंख्य छन् ।*

*मध्यरातको समय थियो । गाउँ सुनसान थियो । कहीं कतै कुकुर भुकेको आवाज सुनिन्थ्यो । सावित्री मस्त निन्द्रामा थिइन् । आफूसंगै कोही मानिस सुत्न आएको उनले महसुस गरिन् । जुरूक्क उठ्न खोजिन्, तर उठ्न सकिनन् । कुनै पुरूषको बलिष्ठ हातले उनलाई थिचिरह्यो । पछि उनले थाहा पाइन्- आफ्नै ससुरा रहेछ । लोग्ने परदेशमा, यो दुःखेसो कसलाई पोख्ने ? आखिर उनी गर्भवती भइन् । गर्भको बच्चा फाल्न निक्कै कोशिस गरिन् । सफल भइनन् । महिना पुगेपछि मरेको बच्चा जन्मियो । शिशुहत्याको आरोपमा उनी जेल परिन् ।*

*❑ शोभा गाउँकी गरीब परिवारकी एक महिला हुन् । तीन बच्चाहरू छोडेर लोग्ने भारत पस्यो । आफ्नो खेतबारीबाट खान लाउन पुग्दैनथ्यो । केटाकेटी पाल्नको लागि उनले अरूको घरमा घाँस दाउरा गर्ने काम र घरेलु काम गर्न थालिन् । यसैबीच, त्यसै घरको पुरूषबाट उनी बलात्कृत भइन् । खान, लाउन र केटाकेटी पाल्नको बाध्यताले त्यस पुरूषसामु नै उनले आफ्नो शरीरलाई समर्पण गरिन् । अन्ततः बच्चा जन्मियो । शिशुहत्या गरेको अभियोगमा उनी जेल परिन् ।*

*❑ सरिता गाउँकै एकजना केटाको प्रेममा फसिन् । शारीरिक संसर्ग भयो । उनी गर्भवती भइन् । पहिले त उनको प्रेमीले उनलाई विवाह गर्ने आश्वासन दियो । तर पछि ऊ एकाएक गाउँबाट बेपत्ता भयो । गाउँमा होहल्ला हुन थाल्यो । गर्भको बच्चा फाल्न उनले प्रयास गरिन् । सफल नभएपछि एक दिन उनले रूखमा झुण्डिएर आत्महत्या गरिन् ।*

*❑ गंगाको परिवार राम्रैसंग चलिरहेको थियो । लोग्ने स्कूलको प्रा.वि. शिक्षक । आफू घरको सानोतिनो खेतबारी स्याहार्ने । दुइटा छोराहरू स्कूल पढिरहेका । अकस्मात उनी फेरि गर्भवती भइन् । दुई सन्तानभन्दा बढी अरू सन्तानलाई हुर्काउन सक्ने क्षमता उनीहरूसंग थिएन । गर्भको बच्चा फाल्नको लागि शहरमा गएर उनीहरूले चिकित्सकसंग सल्लाह गरे । तर चिकित्सकले गर्भपतन गर्न दश हजार रूपियाँ चाहिने कुरा बताए । त्यति पैसा उनीहरूसंग थिएन । गाउँकै एकजना सुँडेनीले दिएको जडीबुटी प्रयोग गरेर गंगाले गर्भपतन गराइन् । तर रगत बग्न नरोकिनाले उनको मृत्यु भयो ।*

**यी** यस्ता घटनाहरू हुन्, जुन घटनाहरू गाउँघरमा अक्सरतया भइरहन्छ । यी घटनाहरू गर्भपतनलाई कानूनी मान्यता प्राप्त नभएको कारणले गर्दा नै भइरहेका छन् ।

तर पनि यहाँ 'गर्भपतन गर्नु अमानवीय ठहरिन्छ र, गर्भपतनले कानूनी मान्यता पाएमा समाजमा विकृति बढ्छ, स्वास्नी मानिसहरू छाडा हुन्छन्' भनेर कुर्लिरहने मानिसहरू असंख्य छन् ।

गर्भपतन एउटा सामाजिक समस्या हो । गर्भपतनले कानूनी मान्यता पाउँदा समाजमा बढी फाइदा हुन्छ कि बढी नोक्सानी हुन्छ ? अथवा, गर्भपतन गर्नु मानवीय हुन्छ कि अमानवीय हुन्छ ? भन्ने कुरा तुलनात्मक रूपले हेरिनु पर्दछ ।

केही मानिसहरूले गर्भपतनलाई दुरूपयोग पनि गर्न सक्छन् । तर आम मानिसहरूको लागि गर्भपतन रहर होइन, यो बाध्यता हो । सारमा भन्दा, गर्भपतन भनेको नचाहेको अवस्थामा रहन गएको अवाञ्छित गर्भ वा लादिएको गर्भको समस्या हो । त्यसैले समाजमा जबसम्म अवाञ्छित र थोपरिएको गर्भको समस्या रहिरहने छ, तबसम्म, गर्भपतनलाई जतिसुकै अवैध घोषित गरिएता पनि, गर्भपतन भइ नै रहनेछ । यो अहिले पनि आम रूपमा भइनै रहेको छ ।

कानूनी मान्यता पाइसकेपछि र अहिले नपाउँदाको स्थितिमा के मात्र फरक हुन्छ भने- अहिले केही डाक्टरहरूले गर्भपतन गर्दा जथाभावी मोल असूल गरेर गर्भपतनलाई निकै नाफादायक व्यापार बनाइरहेका छन् । र, गाउँघरमा अदक्ष मानिसद्वारा लुकीछिपी जथाभावी वस्तुहरूको प्रयोग गरेर गर्भपतन गराउँदा महिलाहरू अकालमा मृत्युको मुखमा पुगिरहेका छन् । गर्भपतनले कानूनी मान्यता पाएपछि जायज गर्भपतन गराउन चाहनेहरू सबैले दक्ष चिकित्सकहरूद्वारा हेल्थपोष्ट वा अस्पतालमै गर्भपतन गराउन पाउने छन् र अकालमा कसैले मर्नुपर्ने छैन ।

अवाञ्छित र लादिएको गर्भको समस्या समाजमा ठूलो मात्रामा विद्यमान हुनाले गर्भपतन अहिले पनि भइरहेको छ । त्यो लुकीछिपी भइरहेको छ र अवैध तरिकाले भइरहेको छ ।

गर्भपतनले कानूनी मान्यता पाएपछि जीवहत्या हुन्छ भनेर कुर्लनेहरूले यसरी लुकीछिपी भइरहेको गर्भपतनलाई जीवहत्या भन्ने कि नभन्ने त ?

त्यसैले, जीवहत्या त अहिले पनि भइरहेको छ । गर्भपतनबाट हुने जीवहत्या त चेतना नआइसकेको भ्रुणको हत्या हुनु मात्र हो । तर यहाँ त चेतना आइसकेका शिशुहरूको नै हत्या भइरहेको छ । जन्म दिने आमाहरूको हत्या भइरहेको छ । नेपालमा जिउँदा जन्मेका एक हजार बच्चाहरूमध्ये ११८ जना बच्चाहरूको शिशु अवस्थामै मृत्यु भइरहेको छ । त्यो मृत्यु कुपोषण र आवश्यक उपचार पाउन नसक्नुले भइरहेको छ । के खान लाउन दिन नसकेर र उपचार गराउन नसकेर बच्चाहरूको मृत्यु हुनु भनेको जीवहत्या गर्नु भएन र ? के चेत नभइसकेको भ्रुणको हत्या हुनुभन्दा बढ्ता अमानवीय र दर्दनाक हत्या भएन र ?

नेपालमा ४० प्रतिशत महिलाहरूले १५-१९ वर्षभित्रमा पहिलो बच्चा जन्माइसकेका हुन्छन् । यो उमेर उनीहरूको बच्चा जन्माउने उमेर नै होइन । यही उमेरमा महिलाहरूको एउटा न एउटा बच्चा खेर गइरहेको हुन्छ ।

मानिसहरूको उत्पादनशील उमेर भनेको १५-४९ वर्ष सम्मको उमेर हो । तर यही उमेरमा नै नेपाली महिलाहरूको सम्पूर्णजसो समय बच्चा जन्माउनमा र हुर्काउनमा नै गइरहेको छ । यस उमेरका महिलाहरूमध्ये २१ प्रतिशत महिलाहरू मात्र साक्षर छन् र २९ प्रतिशत महिलाहरू मात्र परिवार नियोजनका साधनहरू प्रयोग गरिरहेका छन् । ७१ प्रतिशत महिलाहरूले परिवार नियोजनका साधनहरू प्रयोग गरिरहेका छैनन् । यही कारणले पनि उनीहरू नचाहँदा नचाहँदै पनि लादिएको गर्भ बोक्न बाध्य छन् । यसकारणले पनि यी उमेरका नेपाली महिलाहरूले औसत ६ जना बच्चाहरू जन्माउने गरेका छन् । र, घरको सम्पूर्ण कामको जिम्मेवारी पनि तिनै महिलाहरूले बहन गर्नुपर्ने स्थिति नेपालमा विद्यमान छ ।

यसले गर्दा, एकातिर महिलाहरूको आफ्नो उत्पादनशील उमेर त्यत्तिकै खेर गइरहेको छ र यसले उनीहरूको

## नेपालमा आमाको मृत्युदर

*अरू छिमेकी देशको तुलनामा/प्रतिहजार जीवित शिशुको जन्ममा*

| | |
|---|---|
| भूटान | १६.० |
| बंगलादेश | ८.५ |
| भारत | ५.७ |
| पाकिस्तान | ३.४ |
| श्रीलंका | १.४ |
| चीन | ०.९ |
| नेपाल | ५.३ |

व्यक्तित्वको विकासमा बाधा परिरहेको छ भने, अर्कोतिर गरीबीले गर्दा गर्भवती समयमा र सुत्केरीको समयमा महिलाहरू खान नपुगेर कुपोषणको शिकार हुने, रक्तअल्पता हुने जस्तो रोगबाट ग्रसित हुनु परेको छ । नेपालमा जीवित बच्चाहरू जन्माउने एक हजारजना आमाहरूमध्ये १५ जना आमाहरूको बच्चा जन्माउँदा नै मृत्यु हुने गरेको छ । दक्षिण एशियाली देशहरूमध्ये सबभन्दा बढी मातृ मृत्युदर भएको देशमध्ये एक नेपाल पनि भएको छ । सुत्केरी अवस्थामा रगत बढी बहनु, सुत्केरीपछि किटाणुको संक्रमण हुनु नै नेपालमा मातृमृत्युको प्रमुख कारक तत्वको रूपमा देखिएको छ । यसको साथै, नेपालमा असुरक्षित गर्भपतन पनि आमाको मृत्युको एउटा प्रमुख कारण बनेको देखिन्छ । के यसरी आमाको मृत्यु हुनु चेतना नै नआइसकेको भ्रुणको हत्या हुनुभन्दा निकै अमानवीय जीव हत्या भएन र ?

जीवहत्या गर्नु अमानवीय हुन्छ भन्ने कुरा नै गर्ने हो भने, विश्वको हरेक कुना कुनामा हरेक पल पलमा जीवहत्या भइरहेको छ । अहिले त वीर्यमा र थुकमा समेत जीव हुन्छ भन्ने कुरा वैज्ञानिकहरूले पत्ता लगाइसकेका छन् । जीव विज्ञानका अनुसार, एक मिलिलिटर वीर्यमा करीब १ लाख ६० हजार शुक्रकीटरूपी जीव हुन्छ र एक पटक वीर्य स्खलन हुँदा ५ मिलीलिटर वीर्य स्खलन हुन्छ । यस हिसाबले प्रत्येक पटक वीर्य स्खलन हुँदा लाखौं लाख जीवहरूको हत्या हुन्छ । त्यसैले जीवहरूको हत्या गर्दा अमानवीय हुन्छ भन्ने तर्क गर्ने हो भने वीर्य स्खलन गर्न र थुक्न समेत भएन नि !

त्यसकारण यहाँ जीवहत्या गर्नु मानवीय हुन्छ कि अमानवीय हुन्छ भन्ने मुख्य प्रश्न होइन । मुख्य प्रश्न हो- भ्रुण हत्या, शिशु हत्या र मातृहत्यामध्ये कुन चाहिं हत्या बढी अमानवीय हुन्छ र समाजको लागि बढी नोक्सानदायी हुन्छ ?

समाज परिवर्तनशील छ । पहिलेको समाज अहिले छैन । पहिले त्यो समय पनि थियो, जुन समयमा जग्गा जमीन प्रशस्त थियो । जनसंख्या ज्यादै कम थियो । जन्मदरभन्दा मृत्युदर बढी थियो । खेतीपातीको युग थियो । खेती गर्नको लागि प्रशस्त श्रमको आवश्यकता थियो । मानिसहरूको आवश्यकता कम थियो, आम्दानी बढी थियो । शिक्षाको लागि खर्च त्यति गर्नु आवश्यक थिएन । 'सन्तानले डाँडा काँडा ढाकियोस्' भन्ने आशिष त्यतिखेर उपयुक्त थियो । रामायण र महाभारत कालमै आफ्नो लोग्नेबाट सन्तान नभएमा वंश थाम्न अरू कुनै पुरूषको सहयोगबाट समेत गर्भाधान गर्न (नियोग प्रथा) त्यतिबेला समाजबाट मान्यता प्राप्त थियो । त्यतिबेला शायद भ्रुणहत्या गर्नु बढी अमानवीय हुन्थ्यो होला !

तर अहिले त्यो समय छैन । विश्वमै जनसंख्या तीव्र मात्रामा बढिरहेको छ । आवश्यकता असीमित छ । आम्दानी सीमित छ । वैज्ञानिक विकासले गर्दा सैयौं मजदूरहरूले गर्ने काम एउटै मेसीनबाट हुन थालेको छ । बेरोजगारीको समस्या तीव्र रूपमा बढिरहेको छ । यही कारणले

# गर्भपतनलाई वैध गर्न जरूरी छ कि छैन ?

**यी तथ्यांक हेर्नुहोस् र आफैं विचार गर्नुहोस्**

### नेपालमा बलात्कार कसरी बढ्दैछ ?

| साल | सन् १९९२ | १९९३ | १९९४ | १९९५ | १९९६ |
|---|---|---|---|---|---|
| बलात्कारको संख्या | ६२ | १४६ | १११ | १६३ | १७७ |

### नेपालमा नाबालक बलात्कार कसरी बढ्दैछ ?

| साल | सन् १९९२ | १९९३ | १९९४ | १९९५ | १९९६ |
|---|---|---|---|---|---|
| बलात्कार संख्या | २६ | ५९ | ५४ | ६० | ७३ |

*स्रोत: INSEC (मानव अधिकार वर्ष पुस्तकहरू)*

विश्वका कैयौं देशहरूले एउटै मात्र सन्तान जन्माउनु पर्ने कानूनी व्यवस्था गरिसकेका छन् ।

नेपालकै स्थितिलाई हेर्ने हो भने- नेपालको जनसंख्या बृद्धिदर २.१ प्रतिशत छ, तर कृषि उत्पादन बृद्धिदर भने १ प्रतिशतभन्दा पनि कम मात्र छ । नेपालका औसत आमाबाबुहरू एउटाभन्दा दुईवटा सन्तान पाल्न सक्ने अवस्थामा छैनन् । आफूले धान्न सक्ने सन्तान भइसकेपछि पनि कहिलेकाहीं असावधानीवश गर्भ रहन जान्छ । त्यो बच्चा जन्माउने बित्तिकै पहिले जन्मिसकेका सन्तानलाई समेत राम्ररी खान-लाउन र शिक्षादीक्षा दिन नसकिने समस्या उत्पन्न हुन जान्छ । यस्तो अवस्थामा चेतना नै नआइसकेको भ्रुणको हत्या गर्नु बढी अमानवीय हुन्छ कि जन्मिसकेको सन्तानलाई अभाव, रोग कुपोषण र अशिक्षाको शिकार बनाउनु बढी अमानवीय हुन्छ ?

गर्भपतनलाई कानूनी मान्यता दिइयो भने सामाजिक विकृति फैलिन्छ भन्ने हल्ला पिट्नेहरू पनि हाम्रो समाजमा छन् । तर के सामाजिक विकृति अहिले छैन ? बलात्कार तीव्र रूपमा बढिरहेको छ । बृद्धादेखि नाबालकहरूलाई समेत बलात्कार गर्न छोडेका छैनन् । के यो सामाजिक विकृति होइन ? प्रेमीले धोका दिएर कति गर्भवती प्रेमिकाहरूले आत्महत्या गर्नु परिरहेको छ । गाउँघरमा घाँसदाउरा गर्न वनमा जाँदा कति महिलाहरू बलात्कारको शिकार भएर मृत्युको मुखमा पर्नु परिरहेको छ । कति महिलाहरू ससुरा, जेठाजु वा अरू पुरूषहरूबाट बलात्कृत भएर गर्भवती हुँदा शिशुहत्या गरेको आरोपमा जेल जीवन बिताइरहनु परेको छ । के यो सामाजिक विकृतिभित्र पर्दैन र ?

त्यसैले, गर्भपतनलाई कानूनी मान्यता दिंदा सामाजिक विकृति बढ्ने होइन । विकृति बढ्नुको मुख्य स्रोत अर्कै छ र त्यो स्रोत अहिले पनि समाजमा विद्यमान छ । अश्लीलता र नग्नताले भरिएका चलचित्रहरू र पुस्तक-पत्रिकाहरू यहाँ खुल्लमखुल्ला रूपमा बजारमा बिक्री भइरहेछ । नेपालमा वैज्ञानिक यौन शिक्षाको व्यवस्था छैन । तर सडक सडकमा विकृत यौनका कुराहरूले भरिएका पुस्तक, पत्रिकाहरू खुल्लमखुल्ला रूपमा बिक्री भइरहेका छन् । विकृतिको अन्त गर्ने हो भने, यी



*नेपालमा जिउँदा जन्मेका एकहजार बच्चाहरूमध्ये ११८ जना बच्चाहरूको शिशु अवस्थामै मृत्यु भइरहेको छ । त्यो मृत्युको कारण कुपोषण र आवश्यक उपचार पाउन नसक्नुले भइरहेको छ ।*



कहिलेकाहीं असावधानीवश गर्भ रहन जान्छ । त्यो बच्चा जन्माउने बित्तिकै पहिले जन्मिसकेका सन्तानलाई समेत राम्ररी खान-लाउन र शिक्षादीक्षा दिन नसकिने समस्या उत्पन्न हुन जान्छ ।

विकृतिका मुख्य स्रोतहरू नै बन्द गर्नुपर्दछ । तर मूल स्रोत नै थुन्नतिर कसैको आँखा पुगेको देखिएको छैन । विकृतिका मूल स्रोतहरू यथावत राख्ने, तर विकृतिको शिकार भएकालाई गर्भपतन गर्ने कानूनी मान्यता चाहिं नदिने !

यो त सारै नै नमिल्दो र अन्यायपूर्ण कुरा भएन र ? अपराधी हत्यारालाई घरभित्र पस्ने सारा ढोका खुल्ला राख्ने, तर यसको शिकार हुनेलाई चाहिं उम्कने

> अपराधी हत्यारालाई घरभित्र पस्ने सारा ढोका खुल्ला राख्ने, तर यसको शिकार हुनेलाई चाहिं उम्कने ढोका बन्द गरिदिने हो भने उत्पीडित शिकारको हविगत के हुन्छ ?

ढोका बन्द गरिदिने हो भने उत्पीडित शिकारको हविगत के हुन्छ ?

त्यसो त गर्भपतनलाई कानूनी बनाएपछि थोरै विकृति नबढ्ला भन्न सकिन्न । केही मान्छेले यसको दुरूपयोग पनि गर्लान् । तर मुख्य कुरा के हो भने, यसले ल्याउने विकृतिको तुलनामा यसले ल्याउने सामाजिक उपलब्धि कता हो कता धेरै हुन्छ । अवाञ्छित र थोपरिएको गर्भ व्यहोर्न परेका लाखौं महिलाहरूको यसबाट ठूलो कल्याण हुनेछ, खासगरी गरीब र ग्रामीण गर्भवती महिलाहरूको । शहरका धनी महिलाहरूको लागि सुरक्षित गर्भपतन अहिले पनि सजिलै उपलब्ध छ, नर्सिङ होमहरूमा । अवाञ्छित (थोपरिएको) गर्भको मूल शिकार त असंख्य गरीब र ग्रामीण महिलाहरू न भइरहेका हुन् ! सुरक्षित गर्भपतन गराउन नसकेको उनीहरूले मात्रै हो । गर्भपतनलाई वैध बनाएपछि उनीहरूको ठूलो कल्याण हुनेछ ।

फेरि, कुनै पनि राम्रो कुरा थाल्दा थोरै विकृति त आउँछ नै । स्वतन्त्रता र प्रजातन्त्र आउँदा थोरै विकृति आउँदैन ? के त्यसो भन्दैमा स्वतन्त्रताको सट्टा बन्धन र प्रजातन्त्रको सट्टा एकतन्त्र राम्रो कुरा हुन्छ र ?

त्यसैले, यी सबै समस्याहरूलाई हेर्दा नेपालमा गर्भपतनलाई कानूनी मान्यता दिइनु पर्दछ । तर यो सम्झनु हुँदैन कि गर्भपतनलाई कानूनी मान्यता दिँदैमा यी अवाञ्छित गर्भाधानका सबै समस्याहरू स्वतः समाधान हुन्छन् । यी समस्याहरू समाधान गर्ने उपायहरूमध्ये गर्भपतन पनि एउटा बाध्यताको उपाय मात्र हो । गर्भपतन गराउनु नै नपर्ने अवस्थाको सृजना गर्नु नै सबैभन्दा बेस उपाय हो । यसको लागि समाजमा अहिले बढ्दै गएको बलात्कारका घटनाहरूलाई सृजित गर्ने मुख्य स्रोतको अन्त्य गर्ने, बलात्कारीहरूलाई कडाभन्दा कडा दण्ड सजाय दिने, परिवार नियोजनका साधनहरूबारे प्रत्येक व्यक्तिहरूलाई आवश्यक ज्ञान दिने र प्रत्येक ठाउँहरूमा ती सामग्रीहरू सजिलै उपलब्ध गराउने व्यवस्थालाई सशक्त बनाउने जस्ता कामहरू हुनु पर्दछ । अनि मात्र अनावश्यक गर्भपतनलाई केही हदसम्म भए पनि रोक्न सकिन्छ ।

गर्भपतनलाई कानूनी मान्यता दिइँदा पनि के कुरा याद गरिनु पर्छ भने- गर्भपतन गर्ने वा नगर्ने भन्ने अधिकार महिलाको स्वविवेकीय अधिकारमा छोडिनु पर्छ । कसैको जबरजस्तीमा परेर गर्भवती महिलालाई गर्भपतन गराउन बाध्य पारिनु हुँदैन । किनभने, गर्भको बच्चासंग आमाको भावनात्मक सम्बन्ध हुन्छ । गर्भवती हुँदा, सुत्केरी हुँदा र बच्चा हुर्काउँदा कष्ट सहनु पर्ने तीनै महिलाले हुन्छ । अर्को कुरा, नेपाली समाज पुरूषप्रधान समाज हो । यहाँ छोरीको भन्दा छोराको बढी चाहना हुन्छ । गर्भपतनलाई कानूनी मान्यता दिइयो भने 'अल्ट्रासाउण्ड' तथा 'अम्नियो सेन्टेसीस' को माध्यमबाट गर्भमा रहेको भ्रूण छोरा हो कि छोरी हो भन्ने कुरा पत्ता लगाएर छोरी भएमा गर्भपतन गर्ने संभावना पनि हुन सक्छ । यसबाट कतै छोरीहरूले जन्मने अधिकारबाट वञ्चित हुनु नपरोस् । त्यसैले गर्भमा रहेका छोराछोरी छुट्याएर हेर्ने कामलाई पूर्ण रूपमा बन्देज लगाइनु पर्दछ । ❑

## केही जरूरी ताजा तथ्यांकहरू

- ❑ नेपालमा २८.८ प्रतिशत मानिसले मात्र परिवार नियोजनका साधन प्रयोग गर्छन् ।
- ❑ नेपालमा स्वास्थ्य विज्ञहरूद्वारा स्वास्थ्य केन्द्रमा गराइने शिशु जन्म ७.६ प्रतिशत मात्रै छ । ९२.५ प्रतिशत शिशु-जन्म त घरमै गराइन्छ ।
- ❑ नेपालमा एउटी महिलाले १५ देखि ४९ वर्षको उमेरसम्ममा सरदर पाँच वटा बच्चा जन्माउँछिन् ।
- ❑ नेपालमा १५ देखि ४९ वर्षका महिलाहरूमा ७९ प्रतिशत असाक्षर छन् ।
- ❑ नेपालमा उत्पादन उमेरका महिलाहरूको उत्पादनशील उमेरको २५ वर्ष बच्चा जन्माउनु र हुर्काउनुमा गइरहेको छ । यो भनेको उनीहरूको उत्पादनशील समयको ६० प्रतिशत हो ।
- ❑ नेपालमा प्रति वर्ष बच्चा जन्माउने सिलसिलामा एक हजारमा ५.३५ आमाको मृत्यु हुन्छ ।

स्रोत: Family Health Survey, 1996 ◆ UNICEF, Chidren and Women in Nepal 1991, 1992

मूल्यांकन मासिकको सहकर्मी

युवा



◆ के तपाईंले पढ्ने गर्नुभएको छ ?

❑ के तपाईंले आफ्ना छोराछोरीहरु, भाइबहिनीहरुको निम्ति किनेर घर लगिदिने गर्नु भएको छ ?

युवा पुस्ताको निम्ति स्वस्थ र सार्थक पाठ्य सामग्री

हाम्रा हरेक अंक तपाई निम्न सामग्रीहरुले भरपूर पाउनु हुनेछ !

- ◆ विज्ञान/प्रविधिका आश्चर्यजनक आविष्कारहरु
- ◆ प्रकृतिका अनेकौं रहस्यहरुको रहस्योद्घाटन
- ◆ नेपाल र विश्वका विभिन्न मुलुकका रोचक र ज्ञानवर्द्धक जानकारीहरु
- ◆ संसारका र नेपालका महत्त्वपूर्ण मानिसका जीवनीहरु
- ◆ आई. क्यू. बढाउन मद्दत गर्ने सामग्रीहरु
- ◆ वैज्ञानिक सोच र असल चरित्र निर्माण गर्न मद्दत गर्ने रचनाहरु
- ◆ इतिहासका रोचक र प्रेरक प्रसंगहरु
- ◆ खेलकूद, फिल्म, रंगमञ्चका ताजा गतिविधिहरु र तिनीहरुको ज्ञानबर्द्धक समीक्षा
- ◆ सामान्य ज्ञानहरु
- ◆ विभिन्न विषयमा पाठकहरुको सक्रिय सहभागितामूलक सामग्रीहरु
- ◆ मुक्तक, कविता र कथाहरु आदि ।

हरेक अंक विशेष अंक !



# धार्मिक कर्मकाण्डहरूबारे बनाउनु पर्ने धारणा के ?

**हाम्रो समाजमा प्रचलित अनेकथरि तिथि, चाड-पर्व, जात्रा-मेला, पूजा, ब्रत, श्राद्ध, किरिया आदिबारे प्रगतिशीलहरुले बनाउनु पर्ने धारणा के र कस्तो हुनुपर्छ ?- भन्नेबारे र यिनीहरुका सन्दर्भमा अप्नाउनु पर्ने व्यवहारबारे खोजबीन र अन्तर्क्रिया हुनु अत्यन्त जरुरी भएको छ ।**

**यों महसुस गरी साहित्यकार खगेन्द्र संग्रौलाले लेख्नु भएको एक लेखबाट हामीले शुरु गरेको बहस र अन्तर्क्रियाका क्रममा हामी यसपटक प्रस्तुत गर्दछौं: हाम्रा चार जना शुभेच्छुकहरु हरि ए.सी., डमरु पौडेल, शशिधर भण्डारी र रविकिरण निर्जीवबाट प्राप्त विचारका मुख्य अंशहरु ।**

**-मूल्याङ्कन**

## *हरि ए.सी., डमरू पौडेल, शशिधर भण्डारी र रविकिरण निर्जीवका विचारहरू*

मूल्यांकन मासिक अंक ५२ को नीति/संस्कृति स्तम्भमा 'धार्मिक कर्मकाण्डहरूबारे बनाउनु पर्ने धारणा के ?' शीर्षकका लागि कथाकार खगेन्द्र संग्रौलाको के विद्रोह विकल्प खोज्ने दिशातर्फको चेष्टा होइन ?' टिप्पणी र 'ठाडै इन्कार गर्ने शैलीले जनताको मनलाई नरम हातले स्पर्श गर्न सक्दैन' शीर्षकमा जगन्नाथ खतिवडाको प्रतिक्रिया-लेख छापिएको छ । यी दुवै लेखहरू पढेपछि मलाई पनि मूल्यांकनले निर्धारण गरेको शीर्षकमा केही लेख्ने प्रेरणा मिलेको छ ।

जहाँसम्म 'धार्मिक कर्मकाण्डहरूबारे बनाउनु पर्ने धारणा के ?' भन्ने सवाल छ, त्यसमा म संग्रौलाजीको धारणासंग सहमत छु । नयाँ रीतिथिति र नयाँ चलन, समग्रमा नयाँ संसारको निर्माण, त्यसबेला गर्न सकिन्छ, जुनबेला विद्यमान पुराना र मक्किएका रीतिथिति र चलनलाई निर्ममतापूर्वक प्रहार गरिन्छ र भत्काइन्छ । संग्रौलाजीले आमाको मृत्युपछिका कर्मकाण्डहरूमाथि निर्मम प्रहार गर्नुभयो र कपाल खौरने, नून बार्ने, छाक छोड्ने, कोरा पस्ने जस्ता मक्किएका चलनहरूलाई भत्काइदिनुभयो ।

तर नभत्किइकन सुरक्षित रहन गयो- आमाको सम्झना । संग्रौलाजीले आमाको स्मृतिलाई भने भत्काउन चाहनु भएन । त्यसैले आमाको जन्मजयन्ती मनाउन सकिन्छ र त्यस दिन दाजुभाइहरू जम्मा भएर उहाँको स्मरण गर्न सकिन्छ भन्ने धारणा लिनुभयो । तर खतिवडाजी लेख्नु हुन्छ- 'यो जनताको साथी हुने शैली होइन, नेतृत्वकर्ताको शैली होइन ।'

खतिवडाजीको यो धारणासंग सहमत हुन सकिन्न । जनताको साथी हुनु भनेको उनीहरूका समस्याहरू समाधान गर्न इमान्दार भएर लाग्नु हो । जनताको हितलाई सर्वोपरी हित ठानी उनीहरूलाई माया गर्नु र संकटका बेला संकटबाट मुक्त हुने उपायहरू निकालीदिनु हो। जनतालाई माया गर्नुको मतलब उनीहरूका रूढीग्रस्त रीतिथितिलाई आफूले अनुशरण गर्नु कदापि होइन । जनताको साथी हुनु भनेको उनीहरूमा रहेको अवैज्ञानिक र परम्परागत मान्यताबाट माथि उठाउन हरतरहले प्रयत्नरत रहनु हो । यसरी एकजना मानिस जनताको साथी र विश्वासपात्र बन्न सक्छ । उसले आफ्नो इमान्दारिता र असल कामहरूद्वारा जनतामा प्रभाव पारिसकेको छ भने, निसंकोच त्यस्ता मान्यतामाथि प्रहार गर्न सक्छ, जुन मान्यताहरू जनताका असचेत र अशिक्षित दिमागमा जरा गाडेर बसेका छन् । जनताको सहानुभूति लिनुपर्छ, उनीहरूको मन कुढाउनु हुँदैन भन्दै समाजमा रहेका कुरीतिहरूबाट निर्देशित हुने व्यक्ति नेतृत्वकर्ता हुँदै होइन । नेतृत्वकर्ता भनेको परिवर्तनको प्रवाह ल्याउने अगुवा हो, जसले असल मान्यताहरू आफूमा स्थापित गरेको हुनैपर्छ र समाजमा स्थापित गराउन हमेशा प्रयत्नशील रहनुपर्छ । तर हाम्रो देशमा आमूल परिवर्तन ल्याउन र नवीन वैज्ञानिक मान्यताहरू स्थापित गर्न प्रतिबद्धता देखाउने गरेका नेतृत्वहरू तत्कालीन फाइदाका लागि आफू निर्देशित भएको सिद्धान्तलाई विकृत पार्न समेत पछि परेका छैनन् । नेकपा एमालेको नेतृत्वले मदन भण्डारीको अवसानपछि विद्या भण्डारीलाई विधुवा-पहिरनमा विभिन्न ठाउँहरू घुमायो र जनताको सहानुभूति बटुल्ने काम गर्‍यो । आफूलाई ठूलो पार्टी बनाई सत्तामा पुग्न सफल पनि भयो । तर यसले जनतामा भ्रम उत्पन्न गरायो । जनतालाई परम्परागत मान्यतामै जकडिइरहन सिकायो । यसरी परम्परागत मान्यतामा विश्वास नराख्ने पार्टीले त्यही मान्यतालाई सत्तामा पुर्‍याउने भर्‍याङ बनाउनु प्रगतिशील धारणा हुन सक्छ ? एकातिर, पुराना र अवैज्ञानिक रीतिथिति फेरेर नयाँ रीतिथिति पनि ल्याउँछौं भन्ने, अर्कोतिर तिनै रीतिलाई प्रयोग गरी आफ्नो निहित स्वार्थ सिद्ध गर्न पनि पछि नपर्ने । यो गञ्जागोललाई कुनै स्पष्ट धारणा मान्न सकिन्छ र ? वा यसले कुनै विकल्प देखाएको छ भन्न सकिन्छ र ?



◆ हरि ए.सी.

जुन मान्यता वा रीतिथितिमाथि आफ्नो विश्वास छैन र त्यसलाई फेर्नु पर्छ भनी संकल्प गरिएको छ, त्यस्ता मान्यताहरूलाई जनता रिसाउँछन् वा उनीहरूमाथि हाम्रो विचार लाद्नु हुन्न भन्दै लुरूलुरू अनुशरण गर्नु भनेको जनतालाई धोखा दिनु हो र आफ्नो स्वार्थ पूरा गर्न देखाइएको ढोंग मात्र हो ।

खतिवडाजी लेख्नु हुन्छ- 'संग्रौलाजीको जस्तै व्यवहार हामी प्रगतिशीलहरूले गर्दै गयौं भने, हामी हिँडेको बाटोमा लाग्ने मानिसहरू बढ्ने होइन, घट्दै जानेछन् भन्ने खरेलजीको चिन्तासंग म सहमत छु ।' खरेलजीको यो चिन्ता डरपोकपना नै हो र विसंगति, विकृतिविरूद्ध जुध्ने आँट नभएको कायर दिमागको मनोगतवादी सोच हो । कार्ल मार्क्सले 'धर्म अफिम हो' भनी उद्घोष गर्नुभएको थियो । के त आज कार्ल मार्क्सका विचारलाई पछ्याउने मानिस नै छैनन् ? तसलिमाहरूले गरेको विद्रोह पनि फगत बहादुरी मात्रै हो त ? जगन्नाथजीले आफ्नो विचारमा संग्रौलाजीको कुरीति र अन्ध-विश्वासमाथिको निर्घात आक्रमणलाई प्रशंसनीय कार्य माने तापनि सारमा उहाँको विचारले खरेलजीकै भाग्यवादी विचारसंग सामञ्जस्यता गरेको छ ।

❑ *बर्दिया, हाल: नयाँबस्ती, काठमाडौं*

## धार्मिक कर्मकाण्डहरुमाथि निर्मम प्रहार नै प्रगतिशीलहरुले अपनाउनु पर्ने धारणा हो

# कर्मकाण्डको विद्रोह विकल्पको खोजी हो, सुधारको होइन

◆ डमरु पौडेल



मलाई लाग्छ, कर्मकाण्डको शान्त पोखरीमा खगेन्द्र संग्रौलाले हानेको विद्रोहको सानो ढुंगाले हाम्रो परम्परावादी कोँथर मनस्थिति हल्लियो । कतै समाजको संरचना नै भत्किने पो हो कि भनेर हामी कतिपय व्यक्तिहरू खगेन्द्र संग्रौलाका कृयाकलापहरूलाई मर्मत तथा संभार गर्नेतिर लाग्यौं । त्यसमध्ये पुण्यप्रसाद खरेल र जगन्नाथ खतिवडा अगाडि सर्नुभयो । पुण्यप्रसाद खरेल र जगन्नाथ खतिवडाका भनाइहरू आफैंमा बलियो धरातलमा उभिएका परिवर्तनगामी छैनन् । बरू दुवैका सारभूत कुराहरू- "सल्लाह गरेर, मिलेर सुधार गर्दै लैजानु पर्छ । एक्लाएक्लै केही गर्न हुन्न र सकिन्न । एउटा सर्वमान्य नयाँ संस्कार तयार गरेर एकैसाथ थालनी गर्नुपर्छ । कारण, एक्लै विद्रोह गरेमा जनताबाट एक्लिने डर हुन्छ' भन्ने आशयका छन् । खगेन्द्र संग्रौलाले आफ्नी आमाको काजकृया गरेन रे भनेर झट्ट सुन्दा हाम्रो कर्मकाण्डी परम्परावादी चिन्तन तर्सियो । डरायो । किन गरेन ? भनेर सोध्ने कमै मात्र देखा परे । परम्परा बिग्रिएकोमा, तोडिएकोमा हिन्दू पुरेतहरू रिसाए । अनर्गल गाली गरे । 'बामेहरू यस्तै हुन्छन्' भन्दै आफ्नो शोषण कायम राख्न फेरि गरूड पुराण काखी च्यापेर अर्को मृतकको घरमा पुगे ।

कुरो प्रायः धेरैलाई थाहा छ, गरूड पुराणको एउटा किताब च्यातेमा या एकजनाले काजकृया नगर्दैमा हाम्रो समाजमा मृतकको नाममा गरिने यो शोषण र अत्याचार नष्ट हुँदैन । तर सामाजिक विकृतिका विरूद्ध केही गर्दै नगर्ने, सल्लाह गरेर गरौंला भन्ने र राम्रो परिष्कृत नयाँ संस्कार आएपछि एकैचोटी थालौंला भनेर पर्खिनेहरू भन्दा खगेन्द्रजी एक पाइला अगाडि हुनुहुन्छ । उहाँको विद्रोह, उहाँको साहस र उहाँले चलाउनुभएको वैचारिक आन्दोलनलाई म पूर्ण समर्थन र प्रशंसा गर्दछु ।

पद्धति मिलेन । काजकृयाको कुनै शैली मिलेन । पुरानोलाई विस्थापित गर्दा नयाँ स्थापित हुन सक्नु पर्थ्यो । नयाँ स्थापित नभएर शून्य कायम भयो । शून्यभन्दा त पुरानै ठीक छ नि ! आखिर केही न केही संस्कार त गर्नै पर्छ नि ! आदि इत्यादि तर्कहरू हाम्रा संस्कार छाड्न नसकेका मानसिकताका अभिव्यक्तिहरू हुन् । शोषणयुक्त कर्मकाण्ड र अन्धविश्वासी संस्कार फाल्नु पर्ने कुरा हुन् । सुधार गर्नुपर्ने, परिष्कार गर्नुपर्ने कुरा होइनन् । पुरेत्याइँको माध्यमबाट धर्म संस्कारको नाममा विष्मात्मा परेको घरपरिवारलाई लुट्नु आफैंमा जघन्य शोषण हो । यसमा के को सुधार ?

हिन्दू समाजमा एउटा कुलीन व्यक्तिका सोह्र संस्कारहरू (जीवनभरिमा १६ कर्महरू) हुने गर्थे । प्रायः कर्महरू त्याग्दै-छाड्दै अहिले अनिवार्य रूपमा दुईवटा कर्महरू समाजमा स्थापित छन्: १) न्वारान (नामकर्म) र २) अन्त्येष्टी (मृतककर्म) । कर्मकाण्डको इतिहासमा चौधवटा कर्महरू नमान्दा-नगर्दा पनि समाजको संरचना र मानवजीवनमा कुनै उतारचढाव आएन । अब यो दुईवटा बाँकी रहेका कर्महरूमध्ये पछिल्लो कर्म (मृतक कर्म) विवादास्पद र बोझिलो हुँदै गइरहेछ ।

मरेपछि स-सम्मान घाटसम्म लगेर जलाउने, गाड्ने कुरामा कसैको विवाद छैन । विवाद दानक्रिया र भोजकृयाको मात्र हो । विवाद छ, तेह्र दिनको कठोर व्रतको नाममा हुने गरेका क्रियाकर्म र शोषणयुक्त व्यवहारको ।

शोक आफैंमा प्रेमको कारणबाट उत्पन्न भएको इन्द्रीयजन्य विकार हो, जसलाई समयले क्रमशः उपचार गरेर आराम प्राप्त हुन्छ । तेह्र दिनमा शोक चंगा हुँदैन र समस्या टर्दैन । शोकको सीमा ठीक १३ दिन होइन । मृत्यु स्वभाविक हो भनेर बुझ्नेलाई शोकले कम सताउँछ भने मायामा आशक्त हुनेलाई वर्षौं पिरोल्छ ।

यसर्थ, मृत्युपछि परिवारका सदस्यरूले बेहोर्नु परेको समस्या र चिन्तामा व्यक्तिगत र सामाजिक तवरले आड-भरोसा दिनु, सहयोग गर्नु मानवीय कर्तव्य हो । विपद्मा परेकालाई टेवा पुऱ्याउन, गरीखाने साहस र आँट दिनु हाम्रो संस्कार र दायित्व हुनुपर्छ । मर्नेका नाममा, काजकृयाको बहानामा त्यही घरलाई लुट्ने, शोषण गर्ने गर्नु राम्रो संस्कार हो र ? यस्तो परिपाटीको विरूद्ध खगेन्द्र संग्रौलाले विद्रोह गर्दा मैले कुनै अर्घेल्याई देखिनँ ।

कर्मकाण्डमा परिवर्तन ल्याउनु भनेको, नयाँ निर्णयसिन्धु लेख्नु, नयाँ गरूड पुराण लेख्नु, नयाँ मृतककर्मको किताब लेख्नु, नयाँ श्राद्धको किताब लेख्नु होइन । त्यो त त्यही कर्मकाण्डलाई, त्यही अन्धपरम्परालाई रंग-रोगन गरेर 'यो त बैज्ञानिक पद्धति हो' भन्ने पार्नु मात्रै हो । सारमा, यो प्रकृया प्रतिगामी नै हो । मानव समाजमा स्थापित धर्म र संस्कार मान्छेले चलाएका चलनहरू हुन् । त्यसमा विश्वास र श्रद्धा हुन्जेल विद्रोह हुन्न । जब त्यसप्रति विश्वास र श्रद्धा हराउँछ, तब विद्रोह शुरू हुन्छ । विद्रोह गलत कुराहरूबाट छुट्कारा पाउने एउटा पद्धति हो । आफूलाई शोषण भइरहेको छ, आफूमाथि अन्धविश्वासी अत्याचार भइरहेको छ भन्ने थाहा हुँदाहुँदै सामाजिक डरको कारणले विद्रोह नगरी बस्ने हो भने, कुपरम्पराको विरूद्ध प्रगतिशील परम्परा कसरी स्थापित हुन सक्छ र ?

**मरेपछि स-सम्मान घाटसम्म लगेर जलाउने, गाड्ने कुरामा कसैको विवाद छैन । विवाद दानक्रिया र भोजकृयाको मात्र हो ।**



परम्परा तोडेर सर्वप्रथम विद्रोह गर्नेहरूको उदाहरण प्रशस्त पाइन्छ । उनीहरूलाई परम्पराविरूद्ध धावा बोल्दा तत्कालीन समाजका प्रतिगामीहरूले फूलको माला लगाएर स्वागत गरेका थिएनन् । नौलो तथा सत्य कुरो स्थापित गर्न सर्वप्रथम जोखिम बेहोर्नै पर्छ ।

कर्मकाण्डको विरोध गर्दा समाजमा धर्म र संस्कारको ठेक्का लिएर बसेका पंडित र पुरोहित वर्गलाई ठूलो चोट पर्छ । उनीहरूको पेशा र जीविका नष्ट हुन्छ । उनीहरूले व्याख्या गरेको धर्म र कर्मको तालमेल भत्किन्छ । यसर्थ, धर्मका पंडितहरूले हाँगा बिंगा छाँटुन्जेल त सहेर बसे, जब पेशाको मूलमा नै प्रहार हुन्छ, तब उनीहरू धर्म नष्ट हुन आँट्यो भनेर आफ्नो ढाँट पेशा जोगाउन जाग्नेछन् । सवाल पेटको हो, जीवन उद्धारको सवाल होइन । दर्शन बिग्रने डर पनि होइन । किनकि, अध्यात्म दर्शनलाई वैज्ञानिक-भौतिकवादले मेरूदण्डमै प्रहार गरिसकेको छ । यसर्थ, धर्म र संस्कारको नाममा पेट पालिरहेका, सम्पत्ति कमाइरहेका, आम जनतालाई ठगिरहेका धूर्त पंडित र पुरोहितवादको विरूद्ध विद्रोह बोल्नै पर्छ ।

आस्था भाँचिन्छ भन्ने डरले, भोट घट्छ भन्ने डरले, नेता भइरहन पाइन्न भन्ने डरले अन्धविश्वासलाई पनि जोगाएर राख्ने हो भने, धर्मको आडमा हुने शोषणलाई पनि नष्ट नगर्ने हो भने, प्रगतिशील र आमूल परिवर्तन भन्ने कुरा ठग र ढाँटका नयाँ शब्दहरू मात्र साबित हुनेछन् । ❑

*धुलावारी, झापा*


# आशिष भने प्रगतिवादलाई, समर्थन भने आदर्शवादलाई ?

◆ शशिधर भण्डारी
केन्द्रीय सदस्य
अखिल नेपाल युवक संघ

खगेन्द्र संग्रौलाले भनेजस्तै माता पिताको मृत्युमा कथित लोकापवादका पाखण्डसामु विनाप्रश्न, विनातर्क, विनाअर्थ, चुपचाप शिर झुकाउँदै जुल्फी मुण्डन गरेर कोरो परालमाथि पसारिने खालको विकृत आधुनिक नयाँ पुस्ताको बीचमा खडा भएर, सामाजिक कुरीति र अन्धविश्वासी चिन्तन प्रणालीका बीचबाट उठेर उहाँ स्वयंले सामाजिक कुरीति र अन्धविश्वासी चिन्तनधाराका विरूद्ध द्वन्दात्मक भौतिकवादी विश्व दृष्टिकोणको हतियारले निर्घात आक्रमण गर्नुभयो । संग्रौलाजीको यो आक्रमणले वि.पि. कोइराला, चित्रबहादुर के.सी. रेशम श्रीस, देवीप्रसाद उप्रेती, राजेश वि.क. र कृष्ण अधिकारी आदिको रूढीगत कुरीतिविरोधी संघर्षलाई व्यवहारिक रूपमा पछ्याएको छ । यस अतिरिक्त, यसले कुराले धेरै दर्शन छाँट्ने तर व्यवहारमा भने सिन्को पनि नभाँच्नेहरूलाई राम्रै प्रहार गरेको छ । त्यसले यसरी रोमाण्टिक नक्कल, सस्तो र उत्ताउलो रूपमा सिंगो प्रगतिवादी आन्दोलनलाई बुझ्ने र त्यसैअनुरूप प्रगतिवादको नारा दिनेहरूलाई गतिलै झापट दिएको छ ।

वर्तमान परिस्थितिमा संग्रौलाजीको यो कदमलाई आफूलाई प्रगतिवादी हुँ भन्न चाहने जो कोहीले पनि अनुशरण गरेर अगाडि जानुपर्ने हो । तर विडम्बना यो भइरहेको छ कि, यथास्थितिवादीहरूले मुण्टो बटारेका छन्, त्यसमा केही लिनु दिनु छैन । तर प्रगतिवादीहरूकै पक्षबाट दुई जना योद्धाहरू पुण्यप्रसाद खरेल र जगन्नाथ खतिवडाले संग्रौलाको वैचारिक दृढता र आस्थालाई पचाउन नसकेर त्यसको प्रतिवाद गर्न खोज्नु भएको छ । त्यसका विरूद्ध संग्रौलाजी महाभारतमा जरासन्धसंग भीम लडेको कथामा जस्तै एक्लै प्रतिवाद गरेर लडिरहनु भएको मैले देखेको छु ।

पूण्यप्रसाद खरेलजीले काजकृया गर्ने सवालमा के के गर्ने र के के नगर्ने भन्ने एउटा नीतिशास्त्र बनाउनु पर्ने तर्क अगाडि सारेर विद्रोहको स्थानमा विकल्पको पनि माग मात्र गर्नुभएको छैन । खगेन्द्र संग्रौलाले आफ्नी आमाको मृत्युमा सामान्य दुःखसम्म नमानेको तर्क अगाडि सारेर हिन्दू धार्मिक काजकृया गरे मात्रै दुःख माने जस्तो हुने विचारलाई आधारस्तम्भको रूपमा पेश गरेर एक वा दोस्रो प्रकारको संस्कारको अधीनमा रहनै पर्ने दब्बुपनामा आधारित आस्तिकताको प्रतिनिधित्व गर्नु भएको छ ।



**हिन्दूहरुको मृत्यु संस्कारको सबभन्दा पाको ग्रन्थ गरुड पुराण कत्तिको मूल्यवान, वैज्ञानिक र जोगाउन लायक छ ?**

अनेरास्ववियूका केन्द्रीय महासचिव जगन्नाथ खतिवडाजी पनि पूण्यप्रसाद खरेलजीकै हाराहारीमा उभिनु भएको छ । उहाँले खगेन्द्र संग्रौलाको सामाजिक कुरीति र अन्धविश्वासमाथिको निर्घात हमलालाई शुरूमा समर्थन गर्नुभएको छ । र, पछि माओको 'पुराना विचार र संस्कृतिमा रहेका मूल्यवान पक्षहरूलाई जोगाउने र उपयोग गर्ने' भन्ने भनाइलाई आधार बनाएर संग्रौलाको व्यवहारमाथि कडा आलोचना गर्नुभएको छ । उहाँले माओको भनाइलाई उपयोग गरेर आफ्नो विचार सफा पार्ने प्रयत्न त गर्नु भएको छ तर हिन्दूहरूको मृत्यु संस्कारको सबभन्दा पाको ग्रन्थ गरूड पुराण कत्तिको मूल्यवान, वैज्ञानिक र जोगाउन लायक छ ? अथवा त्यसलाई संशोधन गरेर वा उहाँकै शब्दमा, ठाडै इन्कार नगरेर अगाडि बढ्ने गोरेटोको दृष्टान्त कुन हो ? त्यसबारे उहाँले कुनै वस्तुगत विकल्प प्रस्तुत नगरेर जनतालाई क्रान्तिको आधार बनाउन कुनै विषय लाद्न नहुने तर्क अगाडि सार्दै विचार शक्ति जागृत गराउने निष्कर्ष निकाल्नु भएको छ । उहाँले माओको त्यो भनाइलाई यान्त्रिक ढंगले बुझेर गलत ठाउँमा प्रयोग गर्नु भएको छ । र गहिरिएर बुझ्दा, उहाँले हिन्दू धार्मिक मृत्यु-संस्कारलाई सामान्य सुधारको घेराभित्र मात्रै नियन्त्रित बनाउन खोज्नुभएको छ ।


महाभारतको कुरुक्षेत्रको लडाईको कथामा भीष्म पितामह सबैभन्दा पाका सेनानी हुन् । उनले 'तिम्रो विजय होस्' भनेर अर्जुनलाई आशिष दिने र युद्धमा चाहिं धनुवाण बोकर दुर्योधनको ऋण खाएको कारण जनाई पाण्डवहरूको विरूद्ध वाण वर्षाउँथे । ठीक त्यस्तै ढंगले पुण्यप्रसाद खरेलजी र जगन्नाथ खतिवडाजीको द्वन्दात्मक र भौतिकवादी विश्व-दृष्टिकोणको कसीलाई हेर्ने प्रश्नमा छिपछिपे र सतही चिन्तन प्रणालीले प्रगतिवादलाई आशीष त दिएको छ तर आदर्शवादको ऋण खाएको कारण फेरि यसले प्रगतिवादकै विरूद्ध सिङ नारेको छ ।

❑

# सांस्कृतिक बहिष्कार कि सुधार र रुपान्तरण ?

◆ रविकिरण निर्जीव

**'मूल्यांकन'** को 'नीति/संस्कृति स्तम्भ'मा खगेन्द्रजीको एउटा लेख छापियो । त्यसमा उहाँले आफ्नी आमाको किरिया बहिष्कार गरेको विवरण थियो । वैचारिक दृष्टिले त्यो लेख महत्वपूर्ण र सामयिक थियो । भावनात्मक र व्यावहारिक दृष्टिले भने, त्यो खोटी थियो । आफ्नी ममतामयी आमाको दुःखद् मृत्युमा जूठोसम्म नबार्नु तथा सेतो टोपीसम्म नलगाउनु वर्तमान जनचेतनाको स्तर र मान्यतासित नमिल्ने काम थियो । उहाँले तर्कसंगत रूपले किरिया बहिष्कार त गर्नुभयो तर सुधार र विकल्पको कुरा उठाउनु भएन । मेरो चेतनाको पाकस्थलीमा यो सुपाच्य भए पनि सामान्य जनमानसमा त्यसो हुन सक्तैन, बरू अजीर्ण र अपच हुन्छ । उहाँले विद्रोह त अवश्य गर्नुभयो, तर समाधान र उपाय प्रस्तुत गर्नु भएन । उहाँको विद्रोह जनसम्मत हुनु पर्नेमा उग्रवादी भइदियो । अहिलेको जन-चेतनाको स्तर तथा अवस्थालाई हेर्दा उहाँको किरिया बहिष्कार सांस्कृतिक उग्रवाद हो । विद्रोह सँधै सापेक्ष रहँदैन । त्यो कुनै बेला पलायन र निराशा पनि प्रतीत हुन्छ र उग्रवादमा परिणत हुन्छ । उहाँको विद्रोह यस्तै भयो ।



खगेन्द्रजीको उक्त लेखको प्रतिक्रियामा यसै पत्रिकामा पुण्यप्रसाद खरेलजीको एउटा लेख पनि छापियो । खरेलजीले खगेन्द्रजीका सबै मत तथा विचारलाई समर्थन त गर्नुभयो तर विकल्पबिनाको बहिष्कारको विरोध गर्नुभयो । दाहालजीको यो विचारमा मेरो पनि सहमति रह्यो, तर उहाँको किरियाको सूक्ष्म समर्थनप्रति भने मेरो विमति रह्यो ।

मूल्यांकनको अर्को अंकमा अन्तर्क्रियाकै रूपमा खगेन्द्रजी र जगन्नाथ खतिवडाजीका लेखहरू आए । ती लेखका कतिपय तर्क र विचारहरूलाई समर्थन गर्दै थप केही कुराहरू व्यक्त गर्ने उत्कट इच्छा भएकोले यहाँ आफ्ना प्रतिक्रियाहरू प्रस्तुत गरेको छु ।

म किशोरावस्थामा नास्तिक थिएँ । समस्त संस्कार तथा संस्कृतिप्रति मभित्र नास्तिकता व्याप्त थियो । समाजभित्र बसेर त्यसलाई बुझ्दै जाँदा म नास्तिकताबाट विद्रोही बन्दै गएँ । 'नास्तिकता' भन्दा 'विद्रोह'ले बढी कुरा बुझ्छ र अझ 'क्रान्ति' ले सबैभन्दा बढी कुरा बुझ्छ । मेरो चेतनाको धरातल सघन हुँदै गयो । जन चेतनाको स्तर पनि उँचो हुँदै थियो । अतः २०२५ सालमा मेरी ठूली छोरी जन्मँदा मैले उनी विवाहयोग्य भएपछि तिनको अन्तर्जातीय विवाह गर्नेछु भन्ने प्रतिज्ञा गरें । तर सांस्कृतिक परिवर्तनमा अपेक्षित गति नआएको-नआउने हुँदा त्यो प्रतिज्ञाले मूर्त रूप लिन सकेन ।

समय अगाडि बढ्दै गयो । म पनि मानिसहरूसंगै त्योसित हिंडें । मैले पूजा-

आजा, साइत-समय, घरपैंचो केही गरिनँ, केही हेरिनँ । ग्रह काट्ने, रूद्री-पुटिल गर्ने जस्ता रूढीवादी कर्म पनि मैले गरिनँ ।

पिताजी ०५४ भाद्रमा बित्नुभयो । काजकिरिया कसरी गर्ने भन्ने प्रश्न मेरो अगाडि उभियो । म प्रगतिउन्मुख पुरानै समाजको सदस्य थिएँ । समाजको विचार र मान्यतालाई नाघ्ने हिम्मत मसित थिएन । यो संभव पनि थिएन । अतः पिताजीको किरिया कसरी सम्पन्न गर्ने भन्ने बारेमा मैले मलामी र भाइहरूसंग सर-सल्लाह गरें । न म किरिया बहिष्कार गर्ने अवस्थामा थिएँ, न त समाज त्यसलाई आत्मसात गर्ने अवस्थामा थियो । केही सुधारका साथ किरिया सम्पन्न गर्ने कुरामा मेरो र समाजको सम्झौता भयो । यही आधारमा किरिया पूरा भयो ।

यो किरिया-पद्धतिप्रति मानिसहरूबाट तीन थरिका प्रतिक्रियाहरू आए- किरियामा नास्तिकता आयो, किरियामा राम्रो सुधार भयो, किरियामा आशा गरिए जति सुधार भएन ।

> **समाजलाई छाडेर सांस्कृतिक परिवर्तन वा आन्दोलन भयो भने विष्फोटन हुन सक्छ ।**

परिवार, इष्टमित्र, पुरेत र समाजको आग्रह र ढिपीले गर्दा मैले किरिया कर्ममा आशातीत सुधार गर्न नसकेको कुरा सत्य हो । अतः आमाको आज्ञा लिएर मैले किरियाको १३ औं दिन तथा श्रद्धाञ्जली सभामा आमाको किरिया बाको भन्दा परिष्कृत रूपले गर्ने कबोल पनि गरें ।

संस्कृति तथा संस्कारमा सुधार र परिवर्तन गर्ने सन्दर्भमा मानिसहरूमा अझै तीन खाले; पुरातन, सुधारवादी र उन्नत चिन्तनहरू छन् भन्ने कुरा किरियापति व्यक्त गरिएका प्रतिक्रियाहरूले बताउँछन् । अतः यी सबै विचारहरूलाई कदर गरी वा तिनमा सन्तुलन ल्याई किरिया गर्नु संभव र बुद्धिमानी हुने भएकोले मैले पिताजीको किरिया सुधारवादी ढंगले गरें । क्रान्ति तथा आमूल परिवर्तन गर्न सकिएन, किनकि संभव रहेनछ । गरेको भए पनि समर्थन पाइने रहेनछ ।

संस्कृति राजनीतिभन्दा धेरै बलियो रहेछ । यो अरूभन्दा बढी कठोर र अनुदार हुन्छ । अरू झैं यो सहजै बदलिंदैन । अरूको परिवर्तनमा दशाब्दी लाग्दा, यसको परिवर्तनमा शताब्दी लाग्न सक्छ । अरू घोडाको, यो कछुवाको गतिमा हिंड्छ । अरूको द्रुत परिवर्तन मानिसको निम्ति ग्राह्य हुन सक्छ, तर यसको हुँदैन । समाजलाई छाडेर सांस्कृतिक परिवर्तन वा आन्दोलन भयो भने विष्फोटन हुन सक्छ । २०४६ सालमा राजनीति फेरियो, तर संस्कृति त्यही गतिमा फेरियो र ? संस्कृति चल्मलाएको मात्र छ । २०५२ पछि देशको राजनीतिक क्षितिजमा भूकम्प आएको छ । त्यसले मानिसहरूमा नयाँ आशा र आकर्षण पैदा गराएको छ तर संस्कृतिमा कम्पन मात्र आएको छ ।

सांस्कृतिक परिवर्तन तथा सुधार कार्यमा जनमानसको कुरै छोडौं, विद्वान, मार्क्सवादी, शिक्षक तथा नेता आदिहरूमा पनि हिच्किचाहट पाइन्छ । जन्म, न्वारान, छैंठी, विवाह, ब्रतबन्ध, मृत्यु आदि संस्कारहरूमा तिनीहरू अझै सुधार गर्न चाहदैनन् । ती संस्कार तथा चाँडपर्व आदिमा तिनीहरू आफ्नो धन, प्रतिष्ठा, पद, अभिमान आदिको प्रदर्शन गर्न चाहन्छन् । ती पर्व तथा कर्महरूलाई सामान्य रूपले सम्पन्न गर्नु हीनता तथा अपमान हो भनी तिनीहरू संझन्छन् । यो तिनीहरूको संकीर्णता र ढोङ हो । यो तिनीहरूको प्रतिगमन हो ।

हाम्रा संस्कृति तथा संस्कारहरूमा के विकल्पहरू हुन सक्छन् वा तिनीहरूलाई कसरी रूपान्तरण गर्न सकिन्छ त ? वर्तमानमा भए गरेका सुधारहरू के -कति समयोपयोगी वा सार्थक छन् त ? यो छलफल र खोजको विषय हो । सांस्कृतिक सुधारहरू सामान्य किसिमले भएका छन्, तर विकल्प वा रूपान्तरणका लक्षणहरू मात्र देखापरेका छन् । रुपान्तरण र विकल्प पदावलीले भिन्दाभिन्दै अर्थ दिने भए तापनि मैले यहाँ करीब समान अर्थमा लिएको छु । मेरो छोटो र मोटो विचारमा हामीले थालनी गर्न सकिने सांस्कृतिक विकल्प तथा रूपान्तरणहरू यस्ता हुन सक्लान्-

विभिन्न संस्कार तथा संस्कृति अन्तर्गत सम्पन्न गरिने कर्म तथा क्रियाकलापहरू भव्यतासाथ नगरी सादा तथा सामान्य रूपले पूरा हुन सक्छन् । तिनीहरूलाई नयाँ ढंगले चलाउन सकिन्छ । विवाह तथा मृत्यु संस्कार संचालन गर्दा नव वर-वधु तथा प्रियजनको मृत्युको स्मरणमा छात्रवृत्तिकोश स्थापना गर्न पनि सकिन्छ, कुनै साहित्यिक पुरस्कार स्थापना गर्न पनि सकिन्छ । ती अवसरहरूमा कुनै विद्यालयमा दलित तथा पिछडिएका विद्यार्थीहरूको लागि अक्षयकोशको थालनी गर्न पनि सकिन्छ । अथवा पुस्तकालय तथा वाचनालय जस्ता समाजोपयोगी संस्थाहरूको निर्माणमा चन्दा प्रदान गरेर संस्कृतिमा रूपान्तरण गर्न पनि सकिन्छ । चाड पर्वहरूमा खर्च हुने धनलाई कटाएर गरीब तथा प्रतिभाशाली विद्यार्थीको अध्ययनमा सदुपयोग गर्न पनि सकिन्छ । रोगी र असहाय मानिसहरूको उपचार तथा कल्याणमा पनि यस्तो रकम प्रयोग गर्न सकिन्छ । या अन्तर्क्रिया चलाएर यस्तै र अरू उत्कृष्ट विकल्पहरू खोज्न पनि सकिन्छ ।

वर्तमान समाज तथा राज्यव्यवस्था क्रान्ति र आमूल परिवर्तनउन्मुख, पूँजीवादी तथा सामन्तवादी समाज र राज्यव्यवस्था हो । यस्तो समाजमा सांस्कृतिक सुधार व्यापक रूपमा हुनुपर्छ र विकल्प र रूपान्तरणको थालनी हुनुपर्छ । समाज र राज्यव्यवस्थाको प्रगतिशील ढंगले उन्नति हुँदै जाँदा सांस्कृतिक रूपान्तणलाई पनि गति दिँदै जानुपर्छ । क्रान्तिकारी सामाजिक परिवर्तनका साथसाथै प्रगतिशील सांस्कृतिक रूपान्तरणलाई पनि लैजानुपर्छ र अरू उन्नत र अरू उत्कृष्ट संस्कृतिको पनि आरम्भ गर्नु पर्छ । अतः आजको खाँचो सांस्कृतिक बहिष्कारको होइन, क्रमशः सुधार र रूपान्तरणको हो ।

❑

---

आँखीझ्याल

# कुन विकसित पूँजीवादी मुलुकमा बेरोजगारी दर कति छ ?

-विकास पोखरेल

अहिले पूँजीवादी मुलुकको टाउको खाइरहेको समस्या त्यहाँको उच्च बेरोजगारी दर हो । कुनै पनि पूँजीवादी मुलुकले बेरोजगारीको समस्या हल गर्न सकेको छैन । विश्वमा सबैभन्दा कम बेरोजगारी दर हुने मुलुकहरू सन् १९७० र १९८० को दशकमा जापान र स्विटजरल्याण्ड थिए । त्यहाँ त्यस अवधिमा १ देखि २ प्रतिशत मानिसहरू मात्र बेराजगार थिए । तर यही अक्टोबरमा त्यही जापानको बेरोजगारी दर ३.५ प्रतिशत पुगेको छ । अझ स्विटजरल्याण्डको त ४.९ प्रतिशत पुगेको छ ।

अहिले पूँजीवादी मुलुकहरूमध्ये सबैभन्दा ज्यादा बेरोजगारी दर स्पेनमा छ । त्यहाँको काम गर्न सक्ने उमेरका नागरिकहरूमध्ये २०.६ प्रतिशत मानिसहरू बेरोजगार छन् ।

काम नपाएकाहरूको दोस्रो सबैभन्दा ज्यादा दर बेल्जियममा देखिएको छ । त्यहाँ यही नोभेम्बरमा १३.१ प्रतिशत मानिसहरू बेरोजगार छन् ।

अहिले तेस्रो सबैभन्दा ज्यादा बेरोजगारी दर भएको मुलुक इटाली भएको छ । त्यहाँ १२.८ प्रतिशत मानिसहरू अहिले कामबाट वंचित छन् ।

फ्रान्स अहिले बेरोजगारी समस्याबाट निकै आक्रान्त भएको छ । त्यहाँ अहिले १२.४ प्रतिशत मानिसहरू पूर्ण बेरोजगार छन् । यो बेरोजगारी दर सबैभन्दा ज्यादा भएका विकसित मुलुकमध्ये चौथो भएको छ । त्यहाँ ३१ लाख मानिसहरू कुनै पनि रोजीरोटीको काम नपाएर उत्तिकै भौतारिँदैछन् ।

जर्मनीमा एकीकरणअघि बेरोजगारी दर निकै कम थियो । तर अहिले नोभेम्बरमा त्यो बढेर ११.८ प्रतिशत पुगेको छ । सबैभन्दा ज्यादा बेरोजगारी दर भएका विकसित मुलुकहरूको लाममा यो पाँचौं त्यस्तो देश भएको छ । त्यहाँ अहिले ४५ लाख मानिसको रोजीरोटीको कुनै उपाय छैन ।

> *जर्मनीमा अहिले ४५ लाख मानिसको रोजीरोटीको कुनै उपाय छैन !*

विकसित पूँजीवादी मुलुकको बेरोजगारीको चित्र छर्लंग हेर्ने हो भने, यो सूची नियाल्नु राम्रो हुनेछ :

| देश | बेरोजगारी दर प्रतिशतमा | कुन महिना-सम्मको तथ्यांक |
|---|---|---|
| अष्ट्रेलिया | ८.४ | नोभेम्बर, १९९७ |
| अष्ट्रिया | ७.१ | अक्टोबर |
| बेल्जियम | १३.१ | नोभेम्बर |
| ब्रिटेन | ५.१ | नोभेम्बर |
| क्यानाडा | ९.० | नोभेम्बर |
| डेन्मार्क | ७.६ | अक्टोबर |
| फ्रान्स | १२.५ | अक्टोबर |
| जर्मनी | ११.८ | नोभेम्बर |
| इटाली | १२.८ | जुलाई |
| जापान | ३.५ | अक्टोबर |
| नेदरल्याण्ड | ५.२ | नोभेम्बर |
| स्पेन | २०.६ | तेस्रो त्रैमासिक |
| स्वीडेन | ६.५ | नोभेम्बर |
| स्विटजरल्याण्ड | ४.९ | नोभेम्बर |
| अमेरिका | ४.६ | नोभेम्बर |

◆ स्रोत: *The Economist Dec-20, 1997 * The Economic Times, New Delhi, 31, December, 1997*

घटना र प्रवृत्ति

# अखिल नेपाल जनवादी युवा लिगको राष्ट्रिय सम्मेलन



## युवाहरूले राष्ट्रवादी स्वर घन्काए !

"भारतीय सेना नेपाल छोड" र "भारतीय विस्तारवाद नेपाली भूमि छोड्" भन्ने नारा र तुलसहितको जुलूस र सभा गरी गत पुस २६ देखि २८ सम्म "अखिल नेपाल जनवादी युवा लिग" ले आफ्नो दोस्रो राष्ट्रिय सम्मेलन सम्पन्न गऱ्यो । चितवन जिल्लाको नारायणगढ बजारमा सम्पन्न सो सम्मेलनको उल्लेखनीय पक्ष थियो- प्रमुख रूपले मुलुकको जल्दोबल्दो राष्ट्रिय समस्याप्रति युवाहरूको ध्यानाकर्षण गरिनु । सम्मेलनको मूल नाराले "आमूल परिवर्तनको निम्ति व्यापक युवा शक्तिको परिचालन र राष्ट्रिय स्वाधीनता एवं मातृभूमिको रक्षा" लाई समेटेको थियो ।

भारतबाट आमन्त्रित विभिन्न जन-संगठनहरूका प्रतिनिधिसमेत भई यस सम्मेलनको अवसरमा एक संयुक्त विज्ञप्ति निकालिएको छ । यसमा नेपालको दार्चुला जिल्लामा रहेका भारतीय सेनाहरूलाई तुरुन्त फर्काई लैजाने माग गरिएको छ । विज्ञप्तिमा भनिएको छ- "सर्वप्रथम, हामी सबै प्रजातान्त्रिक शक्तिहरूलाई विश्व-साम्राज्यवाद र विस्तारवादका पीडादायक दवाबहरूविरूद्ध लड्न आव्हान गर्दछौं ।

यसै सन्दर्भमा, नेपालको सार्वभौमिकता र स्वतन्त्रता हनन् गर्दै भारतीय विस्तारवादले नेपालको दार्चुला जिल्लामा अकारण आफ्नो सैनिक शक्तिलाई तैनाथ गरेको छ । हामी भारतीय सरकारसंग आफ्ना सैनिकहरू नेपालबाट तुरुन्त फिर्ता गर्न माग गर्दछौं ।"

विज्ञप्तिमा सही गर्नेहरूमा निशान्त नाट्य मंच दिल्लीका समशुल ईश्लाम, भारतीय नौजवान सभाका क. शंकर दयाल, सर्वहारा चेतना केन्द्र भारतका पार्थ सरकार, एस.यु.सी.आई. का प्रतिनिधि अरूणकुमार सिंह, नेपाली श्रमिक एकता संगठन भारतका हर्क के.सी. लगायत डाचाराज वाग्ले, (अनेरास्ववियू 'क्रान्तिकारी'का अध्यक्ष) तथा रणेन्द्र बराइली, जीवन शर्मा, खगेन्द्र संग्रौला, निनु चापागाई, सरिता महर्जन र रामहरि श्रेष्ठ हुनुहुन्थ्यो ।

सम्मेलनको दोस्रो दिन 'साम्राज्यवाद तथा विस्तारवादविरोधी आन्दोलनमा युवाहरूको भूमिका' विषयमा एक सेमिनारको आयोजना गरिएको थियो । सो सेमिनारमा उक्त लिगका भू.पु. अध्यक्ष तथा केन्द्रीय सदस्य गिरीराजमणि पोखरेल, संजमो महासचिव लीलामणि पोखरेल लगायतका देशीविदेशी अतिथिहरूले आ-आफ्ना विचारहरू प्रस्तुत गर्नुभएको थियो ।

देशका ४८ जिल्लाबाट भाग लिन आएका ३६९ प्रतिनिधिहरूले सो सम्मेलनबाट ईश्वरी भट्टराईको अध्यक्षतामा एक ३१ सदस्यीय केन्द्रीय समिति निर्माण गरेका छन् । स्मरणीय छ, सो युवा लिगले गत राष्ट्रिय सम्मेलनमा युवाहरूको समस्याका रूपमा बेरोजगारी र विषाक्त संस्कृतिलाई ठहर गरेको थियो ।

सुसंस्कृति र राष्ट्रियताको पक्षमा युवाहरूको ध्यानाकर्षण गर्न यस लिगले गरेको प्रयत्नबाट मुलुकका अरू युवा संघहरूले पनि सिक्नु जरूरी छ भन्ने हामीलाई लाग्दछ । ❑

# मित्र शक्तिका विरुद्ध पनि माओवादी 'जनयुद्ध' ?


नेकपा माओवादीले हाल संचालन गरिरहेको 'जनयुद्ध' को क्रममा त्यस पार्टीका सशस्त्र डफ्फाहरूले संयुक्त जनमोर्चा नेपाल र नेकपा मसालका मानिसहरूलाई पनि शारीरिक आक्रमण गर्न थालेका छन् । नेकपा मसाल पक्षधरहरूलाई त पहिले पनि आक्रमण हुने गरेको थियो । यसरी अब 'माओवादी' हरूको शिकार हुन थालेका छन्- संजमो नेपालका कार्यकर्ताहरू पनि ।

गत पुस १४ गते सिन्धुलीमा संजमोका त्यस जिल्ला पार्टी अध्यक्ष क. गणेश बुढाथोकीलाई १०-१२ जना माओवादीहरूले लात्ती र घुस्साले निर्घात कुटेका छन् । ती माओवादीहरूले त्यतिखेर पेस्तोल पनि बोकेका थिए । क. गणेश बुढाथोकीलाई 'मार्ने' धम्की उनीहरूले दिएको कुरा उहाँले 'मूल्यांकन' लाई बताउनु भएको छ । यो घटना घटेको दिनको तीन दिनअघि पुष ११ गते सिन्धुलीको महादेवस्थान गाविसको कपिलाकोटमा स्कूलको प्रांगणमा क. लिलामणि पोखरेल समेतको उपस्थितिमा माओ-जयन्तीको उपलक्ष्यमा भव्य मार्चपास, जुलूस र आमसभा भएको थियो । यो देखेर त्यस क्षेत्रका 'माओवादी'हरूले आफ्नो क्षेत्रमा क. लिलामणिहरूको प्रभाव बढ्ने भयो भन्ने डरले सो प्रभाव बढ्न नदिन क. गणेशमाथि आक्रमण गरेको खबर हामीलाई प्राप्त भएको छ । 'माओवादी'हरूले त्यस माओ-जयन्तीको कार्यक्रम सफल हुन नदिन अघिल्लो दिनदेखि नै धम्की, डर र त्रास फैलाएको कुरा संजमो सूत्रले जनाएको छ । कल्पवृक्ष गा.वि.स.बाट कार्यक्रममा आएका सय जनाभन्दा बढी मानिसहरूलाई उनीहरूले कार्यक्रम स्थलमै आउन नदिएको कुरा पनि सो सूत्रले जनाएको छ ।

क. गणेश बुढाथोकी भन्नुहुन्छ- "पुस १४ गते बिहान ६ बजे ओछ्यानबाटै म र डाँडीगुराँसे गाविसका अध्यक्ष साइतबीर माझीलाई उनीहरूले 'कुराकानी गर्नुछ' भनी बोलाउन आए । हामीलाई वाइबाटार लगियो । गाविस अध्यक्षको राजीनामाको माग गरियो । मैले पार्टीको जिल्ला अध्यक्षको हैसियतले भनें- 'हाम्रो पार्टीले राजीनामा दिने नीति लिएको छैन, त्यसैले यो संभव छैन ।' मेरो कुरा उनीहरूले सुनेनन्, २ घण्टासम्म धम्की दिए, हतियार देखाए र आफूले ल्याएको एउटा कागजमा साइतबीरजीको सही गराए । म त्यहाँबाट हिंड्न खोजें । उनीहरूले भने- 'तपाईलाई त बाँधेर लडाउने हाम्रो योजना छ ।' त्यसपछि दुई मिनेट पर गएपछि मलाई 'माओवादीको नाममा धान किन उठाइस् ?' भनी लात्ती, मुड्की र बक्सिङ्ग समेत प्रहार गरे । एउटाले त पेस्तोल तेर्स्याएर 'सिद्धयाइदिन्छु' समेत भन्यो । अहिले चाहिं मैले पुलीस बोलाएँ भन्ने भूठो हल्ला फैलाउने काम उनीहरूले गरिरहेका छन् ।"

"सिन्धुली जिल्लाका विभिन्न गाउँहरूमा मौसमी चन्दाका रूपमा हामीले बिनाकरकापले र राजीखुसीले जनताबाट चन्दास्वरूप धान उठाएका हौं । त्यो हामीले आफ्नो पार्टी र पार्टीको राजनीति प्रष्ट बुझाएर जनताबाट उठाएको चन्दा हो । उहाँहरूको नाममा हैन, बरू उहाँहरूको 'उग्र' लाइनको राजनीतिक र तर्कसम्मत विरोधसमेत गरेर हामीले जनताबाट त्यो चन्दा उठाएका हौं ।"

क. गणेश बुढाथोकी भन्नुहुन्छ- "ममाथि कुटपीट भएको खबर सुनेर



क. गणेश बुढाथोकी

**दुई मिनेट पर गएपछि मलाई 'माओवादीको नाममा धान किन उठाइस् ?' भनी लात्ती, मुड्की र बक्सिङ्ग समेत प्रहार गरे । एउटाले त पेस्तोल तेर्स्याएर 'सिद्धयाइदिन्छु' समेत भन्यो ।**

**माओवादी मित्रहरु नै हिजोका स्थानीय फटाहाहरुलाई सुराकीको रुपमा प्रयोग गरी आज हामीविरुद्ध खनिन खोज्दै हुनुहुन्छ ।**

गाउँतिर स्वाभाविक रूपले पुलीस गएछ, यसलाई आधार मानेर उहाँहरू मलाई 'पुलीसलाई उजुरी गरेको' आरोप लगाइरहनु भएको छ । यथार्थ यो हो कि- म पुलीसकहाँ गएकै छैन । म त आफ्नो पार्टीलाई खबर गर्नेतिर लागें, अहिले पनि म आफ्नो पार्टीको सम्पर्कमा छु । बरू माओवादी मित्रहरू नै हिजोका स्थानीय फटाहाहरूलाई सुराकीको रूपमा प्रयोग गरी आज हामीविरूद्ध खनिन खोज्दै हुनुहुन्छ ।

भिन्न मत राख्ने मित्रहरू समेतलाई प्रहार गर्ने उहाँहरूको यो प्रवृत्ति एकदमै गलत छ र सामाजिक फासीवादी प्रवृत्तिको रूपमा अघि बढ्दैछ भन्ने मलाई लाग्छ !"

यसै विषयमा संजमो नेपालको केन्द्रीय सचिवालयको विस्तारित वैठकले यही माघ १ गते एक प्रेस विज्ञप्तिमार्फत् माओवादीहरूको यो रवैयाको निन्दा र विरोध गरेको छ । वक्तव्यमा 'केही समययता माओवादीहरूले 'कथित जनयुद्ध' को नाममा हाम्रा संगठनका नेता-कार्यर्तामाथि आक्रमण गर्ने, कुटपीट गर्ने, जबरजस्ती पैसा असुल्ने, अपहरण गर्ने, घर भत्काइदिने, निर्वाचित जनप्रतिनिधिलाई जबरजस्ती राजीनामा गराउने, अनर्गल तथा निम्नकोटीका भ्रामक प्रचार गर्ने जस्ता कार्यहरू भइरहेको' र 'बारम्बार त्यस्ता गतिविधि नगर्न आग्रह गरिएको' कुरा जनाइएको छ । क. गणेश बुढाथोकीको प्रसंगका साथै विज्ञप्तिमा काभ्रे गोकुलेका संजमो समर्थक रामप्रसाद दुलाललाई पुस २२ गते अपहरण गरी सिन्धुलीको भिमान जंगलमा पुऱ्याइयो र उनको मीतको पैसा समेत लुटियो' भन्ने कुरा पनि जनाइएको छ । त्यो विज्ञप्तिमा क. लिलामणि पोखरेलले हस्ताक्षर गर्नुभएको छ ।

संजमोले यस घटनालाई गंभीरतापूर्वक लिएको र 'अब उप्रान्त हाम्रो संगठन चुप लागेर बस्ने छैन' भन्ने कुरा पनि सो वक्तव्यमा उल्लेख गरिएको छ ।

यसैबीच, हालै राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष तथा नेकपा मसाल समर्थक सांसद परि थापाले काठमाडौंमा एक पत्रकार सम्मेलन गरी 'माओवादी' हरूमा विकृति देखापरेको र उनीहरू गुण्डागर्दीको हदसम्म पतन भएको आरोप लगाउनु भएको छ । रूकुम जिल्ला महत गा.वि.स. निवासी शिक्षक शत्रुघन श्रेष्ठलाई राजमो समर्थक भएको आरोप लगाई पुस ८ गते साँझ माओवादीहरूको १०-१२ जनाको जत्थाले सख्त घाइते हुने गरी आक्रमण गरेको कुरा सांसद थापाले सो पत्रकार सम्मेलनमा बताउनु भएको थियो । ❑

१४ पेजको बाँकी

छन् । सम्बन्ध यस्तो नोकरशाही भएपछि तल गूटहरू बन्छन् । अनुशासन उल्लंघनका अनगिन्ती घटनाहरू घट्छन् र सांगठनिक अराजकता पैदा हुन्छ । अनुशासित हुनु पऱ्यो, गूटबन्दी गर्नु भएन, निर्णय उल्लंघन गर्न पाइँदैन भनेर जतिसुकै कडा नियम बनाए पनि त्यसले कुनै पनि समस्या हल गर्दैन । किनभने, जहाँ नोकरशाही चरित्रको केन्द्रीयता हुन्छ, जहाँ माथि टप्पूमा केही निरंकुश नोकरशाह पैदा भएका हुन्छन्, त्यहाँ त्यसको ध्रुवीय प्रतिक्रिया हुन्छ-हुन्छ । त्यो ध्रुवीय प्रतिक्रिया भनेको अराजकता हो, गूटबन्दी हो, अनुशासन उल्लंघन हो । कुनै कारवाहीको डण्डाले यो साम्य हुँदैन ।

एमालेमा अहिले भइरहेको अराजकता, गूटबन्दी र अनुशासन उल्लंघनका अनगिन्ती घटनाहरू पनि नोकरशाही केन्द्रीयताको ध्रुवीय प्रतिक्रिया मात्रै हो । नोकरशाही केन्द्रीयताको मूल मुहान ज्युँ कात्युँ बाँकी रहेसम्म यो ध्रुवीय प्रतिक्रिया कदापि रोकिनेवाला छैन ।

यसको समाधान अहिले विद्यमान केन्द्रीयताको चरित्र नै फेर्नुमा मात्र छ । सिर्फ जनवादी केन्द्रीयतामा मात्र समस्याको समाधान छ ।

जनवादी केन्द्रीयता भनेको माथिको निर्णय तलले मान्नु, बहुमतको निर्णय अल्पमतले मान्नु, संगठनको निर्णय व्यक्तिले मान्नु, केन्द्रको निर्णय सबैले मान्नु हो भनेर बुझ्ने बुझाउने चलन छ । यो बुझाइ गलत छ ।

हो, एउटा संगठनको संचालनका निमित्त यी नियमहरू चाहिन्छन् । तर याद राख्नुपर्ने कुरा के हो भने, यी नियमहरू केन्द्रीयतासम्बन्धी नियमहरू मात्रै हुन् । एउटा पार्टी संगठनमा केन्द्रीयता कसरी संचालित हुन्छ भन्ने नियमहरू मात्र हुन् यी । यो नै जनवादी केन्द्रीयता होइन ।

जनवादी केन्द्रीयता त निर्णय मान्नु पर्नेहरूको निर्णयमा पुग्ने प्रक्रियामै आलोचनात्मक सहभागिता हुने द्वन्दात्मक प्रक्रिया हो । जनवादी केन्द्रीयता त बेरोकटोक आलोचनात्मक मत राख्न दिने र आलोचनाात्मक मतलाई बिना पूर्वाग्रह अरू ज्यादा सत्यमुखी, पूर्णांगी र मूर्त बनाउन संश्लेषण गर्ने, सँगेट्ने जनवादी प्रक्रिया हो । छोटोमा भन्ने हो भने, जनवादी केन्द्रीयता जनवादको धरातलमा उभिएको केन्द्रीयता हो । यो द्वन्दात्मक, सहभागितामूलक र संश्लेषणकारी केन्द्रीयता हो ।

लेनिनले त यसलाई सर्वहारा जनवाद र केन्द्रीयताको योग भन्नुभएको छ । भनाइको मतलब, पूँजीपति वर्गको जस्तो निहित स्वार्थ बोकेर, जीत-हारको मानसिकता पालेर गरिने विचार-द्वन्दबाट जनवादी केन्द्रीयता हासिल नै हुन सक्दैन । जनवादी केन्द्रीयता हासिल गर्नको लागि सर्वहारा वर्गको जस्तो सत्य प्राप्ति गर्ने एकल उद्देश्य राखेर र एउटै बैज्ञानिक विश्व-दृष्टिकोणसहित विचार द्वन्द भयो भने मात्र जनवादी चरित्रको केन्द्रीयता हासिल हुन सक्छ ।



*एमालेको पाँचौ महाधिवेशनको दृश्य*

**अहिले एमालेमा गाउँका जाली फटाहाहरुले गर्ने अति न्यूनस्तरका जालझेल, षड्यन्त्र सबै आफ्नै मित्रहरुमाथि प्रयोग भइरहेछन् ।**

एमालेले अभ्यास गरिरहेको जनवादी केन्द्रीयतामा के दोष देखिन्छ भने, त्यहाँ आलोचनात्मक विचार राख्ने स्वतन्त्रता त छ, तर पहिले त्यहाँ निर्णय हुन्छ, अनि पछि आलोचनात्मक विचार राख्न दिइन्छ । निर्णय मान्नुपर्नेहरूले निर्णयमा पुग्ने प्रक्रियामै आलोचनात्मक सहभागिता राख्ने द्वन्दात्मक प्रक्रिया त्यहाँ छैन । जब निर्णय भइसकेको हुन्छ, तब घुमाइफिराइ, नेताहरूको इज्जतको, बचनको सवाल देखाएर जबर्दस्ती त्यसैलाई लाद्ने प्रक्रिया त्यहाँ पटक पटक लागू भएको देखिन्छ । महाकाली संझौताको निर्णय-प्रक्रिया त्यसको ज्वलन्त उदाहरण हो । त्यहाँ देखिएको अर्को गंभीर दोष के हो भने, त्यहाँ आलोचनात्मक मत त राख्न दिइन्छ, तर त्यसलाई बिनापूर्वाग्रह विश्लेषण गर्ने अथवा संगेट्ने र यसरी अरू ज्यादा सत्यमुखी, पूर्णांगी र मूर्त निर्णय पैदा गर्ने प्रक्रिया त्यहाँ छैन । पूँजीवादी संसदमा जस्तो भिन्न मत राख्न दिने, तर त्यसको सुनवाई नगर्ने, निर्णय त्यही गर्ने जुन बहुमतले ठीक ठान्छ- यस्तो प्रक्रिया त्यहाँ विद्यमान देखिन्छ । त्यसैले गर्दा सदाबहार बहुमत र सदाबहादर अल्पमतको सिर्जना पार्टीमा भइरहेछ । स्थायी गूटहरूको सिर्जना पार्टीमा भइरहेछ । त्यहाँ 'राम्रो जति हाम्रो' भन्ने मार्क्सवादी प्रवृत्ति होइन, 'हाम्रो जति राम्रो' भन्ने पूँजीवादी प्रवृत्ति सिर्जना भइरहेछ ।

एमालेभित्र विचार-द्वन्द पनि अरू ज्यादा पूर्णांग सत्य प्राप्ति गर्ने उद्देश्यले भएको देखिन्न । प्रत्येक विवाद जीत-हारको मानसिकता पालेर भइरहेको देखिन्छ ।

यी सबै त पूँजीवादी पार्टीका लक्षण हुन् । कुनै सर्वहारा वर्गीय पार्टीमा यस्तो लक्षण हुने गर्दैन । तर एमालेमा यस्तै भइरहेछ । अहिले कार्यनीतिमा भइरहेको विचार-द्वन्द यसैको ज्वलन्त उदाहरण हो । आलोचनात्मक मतलाई संश्लेषण गर्ने प्रक्रिया अप्नाइएको भए र शीर्षस्थ नेताहरू नै जीत-हारको मानसिकताबाट उत्प्रेरित नभएको भए, एमालेमा अहिले कार्यनीतिमा दुई कौडीको विवाद गरिराख्नु पर्ने कुनै जरूरी नै थिएन । यस्तो काम न काजको सवालमा पूरै पार्टी दुई फ्याँक पार्नु जरूरी नै थिएन । किनभने, दुईटाको बीचमा कार्यनीतिको सवालमा कुनै आधारभूत भिन्नता नै थिएन ।

पार्टी बाँडिनु पर्छ भने कुनै ठूलो सैद्धान्तिक सवालमा बाँडिनु स्वाभाविक र स्वीकार्य कुरो हो । यस्तो दुई कौडीको विवादमा पार्टी बाँडिनु सारै नै मूर्खतापूर्ण कुरो हो ।

अहिले एमालेमा जीत-हारको अहंकारजन्य सामन्ती मानसिकता तीव्र रूपले हावी भइरहेको छ । गाउँका जाली फटाहाहरूले गर्ने अति न्यूनस्तरका जालझेल, षड्यन्त्र सबै आफ्नै मित्रहरूमाथि प्रयोग भइरहेछन् । यो प्रवृत्तिले एमालेलाई पुऱ्याउँछ कता ? सबैले निधार खुम्च्याएर सोच्नु जरूरी भएको छ ।

सारमा कुरा के हो भने- एमालेभित्र संगठनात्मक पद्धतिमा देखापरेको विचलनको जरो कारण त्यहाँ हावी भइरहेको नोकरशाही केन्द्रीयता हो, जुन पार्टी नेतृत्वमै विद्यमान सामन्ती अहंकार र पूँजीवादी व्यक्तिवादले अरू ज्यादा तीव्र भएको छ । एमाले नेता-कार्यकर्ताहरूले यो महाधिवेशनबाट पार्टीमा विद्यमान यो नोकरशाही चरित्रको केन्द्रीयतालाई फेर्न सक्लान् ? यो ठूलै चुनौतीको विषय हो । ◆

आवरण कथा

## कस्तो छ एमालेको संगठनात्मक प्रस्ताव ?



*एमालेमा संगठनात्मक प्रस्तावका प्रस्तोता क. अमृत बोहरा*

एमालेको ४७ पेज लामो संगठनात्मक प्रस्तावले एमालेको पछिल्ला उपलब्धिहरूलाई पनि सूचीबद्ध गरेको छ, साथसाथै समस्याहरूलाई पनि। स्थायी समितिका सदस्य क. अमृत बोहोराद्वारा प्रस्तुत यस प्रस्तावका अनुसार, एमालेको पार्टी संगठन देशको पचहत्तरै जिल्लामा विस्तारित भएको छ। देशका अधिकांश नगर, गाउँ र वडाहरूमा एमालेको पार्टी-संजाल फैलिसकेको छ। यति ठूलो पार्टी संगठनको जालो देशको अर्को कुनै राजनैतिक पार्टीसित विद्यमान देखिन्न।

भारत प्रवाससमेत गरेर एमालेसित अहिले १६ वटा अंचल स्तरका कमिटीहरू र ९६ वटा जिल्ला स्तरका कमिटीहरू छन्। योसित अहिले देशको ४४ वटा नगरमा नगर स्तरीय कमिटीहरू छन् र २८५८ वटा गाउँमा गाउँ स्तरीय शाखा कमिटीहरू। सबैभन्दा तल्लो पींध स्तरमा एमालेका ७३९१ वटा वडा समितिहरू र ८७४ वटा सेलहरू अस्तित्वमा रहेको बताइएको छ। देशभित्र र बाहिर गरेर यी जम्मै कमिटीहरूलाई ८१,२५३ जना संगठित पार्टी सदस्यहरूले ज्यान भर्ने काम गरिरहेछन्। आजको एमाले भनेको यी जम्मै पार्टी संगठनका संजालहरूको कुल योग हो।

एमालेसित अहिले देशव्यापी रूपमा जनसंगठन र वर्गीय संगठनहरूको समेत जालो भएको तथ्य संगठनात्मक प्रस्तावले उजागर गरेको छ। पचहत्तरै जिल्लामा संगठन भएको अनेरास्ववियू, ७४ जिल्लामा संगठनको जालो भएको युवा संघ, ७२ जिल्लामा कार्यरत किसान संघ, सांस्कृतिक मंच, ६९ जिल्लामा संगठनको संजाल भएको महिला संघ र १८ वटा राष्ट्रिय स्तरका संघहरूको प्रतिनिधित्व भएको र ७०० वटा इकाईहरू भएको ट्रेड यूनियन महासंघ एमालेसित अहिले विद्यमान देखिएको छ। प्रवासी नेपालीबीच पनि यसको सर्वाधिक ठूलो संगठनात्मक जालो देखिएको छ।

यस हिसाबले हेर्दा एमाले अहिले देशकै सबैभन्दा व्यापक संगठनात्मक संजाल भएको राजनीतिक पार्टी हुनपुगेको छ। यति ठूलो र व्यापक संगठनको जालो नेपाली कांग्रेस लगायत देशको कुनै अर्को पार्टीसित देखिन्न। संगठनात्मक प्रस्तावले यो कुरालाई तथ्य तथ्यांकसहित स्पष्ट पारेको छ।

प्रस्तावले एमाले कति धेरै मोटाएको छ- त्यसको चित्र मात्र प्रस्तुत गरेको छैन, यो ज्यादा मोटोपन संगसंगै एमालेले आफूभित्र के के रोगहरू पाल्न पुगेको छ; त्यसको सूची पनि यसले नलुकाइकन बिस्कुन लगाएको छ।

सूची निकै लामो छ। तर त्यस सूचीमा लिपिबद्ध भएका एमालेभित्रका सबैभन्दा प्रमुख रोगहरू र विकृतिहरू चाहिं सबैले थाहा पाउन लायक छन्।

दस्तावेजले एमालेमा अहिले यी विकृति र प्रवृत्तिहरू फैलिरहेको बताएको छ :

- ❑ आम श्रमजीवी जनसमुदायलाई हेला गर्ने, उनीहरूका कुरा नसुन्ने
- ❑ जनताको शक्तिमा भरोसा नगर्ने र जनताबीच नजाने
- ❑ पार्टीको लक्ष्य र आधारभूत दायित्वबाट विमुख हुने
- ❑ आफ्नो क्रान्तिकारी वर्ग-दृष्टिकोण कमजोर पार्ने, शत्रु-मित्रुबीच भेद र भिन्नता नगर्ने
- ❑ पार्टी र जनताको निम्ति दायित्व र जिम्मेवारीको कुरा आउँदा पन्छिने, तर पद, अवसर र सुविधाको निम्ति भने मरिमेट्ने
- ❑ आफ्नो पद वा हैसियतको दुरूपयोग गर्ने, भ्रष्टाचार गर्ने तथा विशेष गरी सुविधाभोगी जीवनशैलीप्रति ज्यादा आकर्षित हुने
- ❑ आफूलाई चित्त नबुझ्नासाथ पार्टी निर्णय नमान्ने
- ❑ मानिसहरूलाई मापदण्डको वास्तै नगरी हूलहालमा र व्यापक रूपमा पार्टीभित्र प्रवेश चाहिं गराउने, तर उनीहरूलाई वैचारिक रूपले रूपान्तरित गर्न जोड नदिने
- ❑ बुर्जुवा पार्टीका रहनसहन, आचरण र शैली पार्टीभित्र हावी हुँदै जाने, पार्टीमा सर्वहारा वर्गीय दृष्टिकोण, शैली र चिन्तन अभिबृद्धि गर्ने काम राम्ररी नगर्ने
- ❑ पार्टीका आन्तरिक गोपनीयताहरू समेत आपत्तिजनक ढंगले सार्वजनिक गर्ने
- ❑ पार्टीको सदस्यता शुल्क र लेभी नियमित रूपले नतिर्ने, पार्टीलाई सहयोग गर्नेभन्दा उल्टो पार्टीबाटै सहयोग खोज्ने

(हेर्नुहोस्- संगठनात्मक प्रस्तावको पृष्ठ ८, ९, १२, १५, १६, ३८ र ३९)

दस्तावेजमा प्रस्तुत विकृतिहरूको सूची योभन्दा निकै धेरै र लामो छ। यहाँ त खालि तीमध्ये सबैभन्दा प्रमुखलाई मात्र उतार्ने काम भएको छ। तर मुख्य प्रश्न के हो भने, यी सबै पूँजीवादी चरित्रका विकृतिहरू र विचलनहरू पार्टीमा व्याप्त भएपछि त्यो पार्टी र बुर्जुवा पार्टीमा तात्विक भिन्नता नै के रहन्छ ? त्यो पार्टीमा सर्वहारा वर्गीय क्रान्तिकारी पार्टीको कुन गुणतत्व र चरित्र नै बाँकी रहन्छ ?

# एमालेको सर्वोच्च नेतृत्व तहमै क्रान्तिको जरूरी छ !



क. माधव नेपाल



क. खड्ग औली



क. वामदेव गौतम



क. सी.पी. मैनाली

**मूल नेतृत्व नै विकृति र विसंगतिले शिरदेखि पैतालासम्म अशुद्ध भएको स्थितिमा विकृति र विसंगति औंल्याउने कसले ? त्यसका विरुद्ध संघर्ष गर्ने को ?**

यहाँ त झण्डै एक दर्जन विकृति र विसंगतिको उल्लेख छ। कुनै पनि पार्टी सर्वहारा क्रान्तिकारी चरित्रको नरहनका लागि यति ज्यादा विकृति र विसंगति हुनै पर्दैन। माथिल्ला तीन विकृतिमध्ये कुनै एउटा विकृति व्याप्त हुनु नै यसका लागि पर्याप्त हुन्छ। जस्तो कि, आम श्रमिक जनसमुदायलाई हेलाँ गर्ने, उनीहरूका कुरा नसुन्ने विकृति। अथवा, जनताको शक्तिमा भरोसा नगर्ने प्रवृत्ति। अथवा, पार्टीको लक्ष्य र आधारभूत दायित्वबाट विमुख हुने प्रवृत्ति। के आम श्रमिक जनसमुदायलाई हेलाँ गर्ने प्रवृत्ति भएको नेतृत्व सर्वहारा क्रान्तिकारी

**एमालेसित अहिले सबैथोक छ, तर एउटै कुरा छैन । त्यो हो- क्रान्तिकारी कार्यदिशा र हुट्हुटी । त्यसैले, वैज्ञानिक समाजवादमा आधारित विचारधारात्मक र सांस्कृतिक क्रान्ति सर्वप्रथम एमालेभित्रै जरुरी भएको छ । के त्यो क्रान्तिको प्रक्रिया थाल्ने निर्णय एमालेको छैठौं महाधिवेशनले गर्न सक्ला ?**



चरित्रको हुन संभव छ ? के जनताको शक्तिमा भरोसा नगर्ने कुनै सामाजिक शक्ति सर्वहारा क्रान्तिकारी गुण भएको शक्ति हुन सक्छ ? के सर्वहारा पार्टीको लक्ष्य र आधारभूत दायित्वबाट विमुख हुने पार्टी- नेतृत्व सर्वहारा क्रान्तिकारी चरित्रको हुन सक्छ ?

त्यसैले, जुन विकृति र प्रवृत्ति एमाले पार्टीभित्र माथिदेखि तलसम्म मौलाएको छ भनेर संगठनात्मक प्रस्तावले औंल्याएको छ, त्यो सारै नै गंभीर विकृति र प्रवृत्तिको सूची हो । त्यसमध्ये, माथिल्लो तीनमध्ये एउटा दोष मात्र एमालेमा व्याप्त भयो भने पनि एमालेमा न त सर्वहारा-वर्गीय चरित्र बाँकी रहन्छ, न क्रान्तिकारी चरित्र नै । त्यहाँ त झण्डै एक दर्जन त्यस्ता दोषहरूको संगालो दिइएको छ, ती सबै दोष र विकृतिको कुल योग कुनै पार्टीमा एकैचोटी भएपछि त्यस्तो पार्टीको चरित्र कस्तो हुने ?

संगठनात्मक प्रस्तावको मूल दोष के देखिन्छ भने, त्यसले अत्यन्त गंभीर प्रकृतिका विकृति र विसंगतिहरूको एउटा लामो सूची नलुकाइकनै हाम्रो सामु पेश गरेको छ । तर ती विकृति र विसंगतिहरूको जरो कारण के हो ?- त्यो ठेगान गरेको छैन । त्यसले रोगका लक्षणहरूको लामो फेहरिस्त नै प्रस्तुत गरेको छ । तर ती लक्षणहरूका आधारमा रोगीको मुख्य रोग के हो, त्यो ठम्याएको छैन । यो एउटा क्वाँक डाक्टरले बिरामीलाई साँझ-साँझ ज्वर पनि आउँछ, खाना पनि अरूचि हुन्छ, खोकी पनि लाग्छ भन्ने लक्षणहरूका आधारमा मूल रोग नै निदान नगरीकन ज्वरोको अलग्गै ओखती, खोकीको अलग्गै ओखती र अरूचिको अलग्गै ओखतीको सूची बनाएर ख्वाएको जस्तै भएको छ । यसरी त कुनै पनि रोगी तन्दुरूस्त हुन सक्दैन । किनकि, यी सबै रोगका लक्षणहरूका पछाडि भित्री जरो कारण त अर्कै रोग हुन सक्छ, जस्तो कि क्षयरोग । भित्र क्षयरोग भएको छ, बाहिर सिटामोल, कफ सिरप वा भिटामीन खाएर क्षयरोग त कदापि निको हुन सक्दैन ।

संगठनात्मक प्रस्तावले त स्पष्ट रूपमा प्रश्न उठाउनु पर्थ्यो- एमालेमा जनताको शक्तिमा नै भरोसा नगर्ने प्रवृत्ति किन र कसरी पैदा भएको छ ? किन र कसरी त्यहाँ मुख्य नेतृत्वदायी क्रान्तिकारी वर्ग- आम श्रमिक जनसमुदायलाई नै हेला गर्ने मनोवृत्ति विकास भएको छ ? किन एमालेको नेतृत्वमा पार्टीको लक्ष्य र आधारभूत दायित्वबाटै विमुख हुने प्रवृत्ति हावी भएको छ ? र त्यो प्रवृत्ति कहिलेदेखि र कसरी हावी भएको छ ? किन त्यहाँ शत्रु र मित्रुबीचको भेद र भिन्नता नै भुल्ने प्रवृत्ति बढिरहेछ ? किन त्यहाँ वर्ग-दृष्टिकोण नै भुत्ते भइरहेछ ?

> **भित्र क्षयरोग भएको छ, बाहिर सिटामोल, कफ सिरप वा भिटामीन खाएर क्षयरोग त कदापि निको हुन सक्दैन ।**

हरेक समस्यामा यसरी किन ? कसरी ? र कहिलेदेखि ? को प्रश्न तेर्स्याउँदै समस्याको जरो नै पत्तो लाउने विधि नै द्वन्दात्मक भौतिकवादी विधि हो । यो विधिबाट कुनै पनि समस्याको वास्तविक जरो कारण नै ठेगान लाग्छ र समस्या वैज्ञानिक ढंगबाट हल गर्न संभव हुन्छ । यस विधिबाट रोगको अनेकौं लक्षणका आधारमा मुख्य रोग पत्तो लगाउनु सम्भव हुन्छ र मुख्य रोग पत्तो लागेपछि त्यसको सही उपचार गर्नु सरल हुन जान्छ ।

तर संगठनात्मक प्रस्तावमा बाहिरी लक्षणहरूका आधारमा भित्री मूल रोग पत्तो लाउने, समस्याको पातबाट हाँगा र त्यो जोडिएको फेद खोज्दै त्यसको जरासम्म जाने द्वन्दात्मक भौतिकवादी विधि अप्नाएको देखिन्न । प्रस्तावले समस्यालाई सारसंग्रहवादी ढंगले हेर्न खोजेको छ । सारसंग्रहवादले समस्यालाई गहिरोमा र जरोमा हेर्न खोज्दैन । यसले समस्यालाई तेर्सोमा मात्र हेर्न खोज्छ । यसले समस्याको कारण यो पनि हो, त्यो पनि हो, भनेर लक्षणहरूको लामो सूची मात्र तयार गर्न खोज्छ, तर लक्षणहरूको आधारमा मूल रोग ठम्याउने कोशिश गर्दैन । ठीक र बेठीकको बीचमा बसेर दुवैसित सहमत हुन खोज्ने यसको विशेषता हुन्छ । प्रस्तावले सारसंग्रहवादी विधि अप्नाएको हुनाले यसमा सुझाइएका समस्याका समाधानहरू पनि निकै छिपछिपे र उपरी तहका हुन गएका छन् । उपायहरू खालि पवित्र इच्छामा आधारित र प्रशासनिक चरित्रका हुन गएका छन् । अबदेखि यस्तो गर्नु जरूरी छ, उस्तो गर्नु जरूरी छ, यस्तो गर्न हुन्न, उस्तो गर्न हुन्न भनेर यसमा लामो सदीच्छाको सूची नै दिइएको छ । र, पालना नगर्नेलाई कडा अनुशासनको कार्वाही गर्ने कुरा पनि गरिएको छ । पार्टीमा शुद्धिकरण आन्दोलन चलाउने कुरा पनि गरिएको छ । तर मूल प्रश्न के हो भने यो शुद्धिकरण गर्ने कसले ? र के-का आधारमा ? कतै शुद्ध बचेको छ भने त्यहींबाट न शुद्धिकरण आन्दोलन थाल्नु संभव हुन्छ ! मूल नेतृत्व नै विकृति र विसंगतिले शिरदेखि पैतालासम्म अशुद्ध भएको स्थितिमा विकृति र विसंगति औंल्याउने कसले ? त्यसका विरूद्ध संघर्ष गर्ने को ? यस्तो स्थितिमा शुद्धिकरण आन्दोलन विपक्षी मास्ने आन्दोलन सिवाय केही हुन सक्दैन । फेरि, पवित्र इच्छाले नै समस्याको समाधान हुने भएको भए एमालेमा यतिविघ्न विकृति र विसंगतिहरू चुलिसक्ने नै थिएनन्, किनकि, त्यहाँ सदीच्छा राख्नेहरू त थुप्रै नै थिए ।

समस्याको समाधान नै गर्ने हो भने, संगठनात्मक प्रस्तावले एमालेभित्र अहिले देखापरेका पूँजीवादी विकृति र विचलनहरूको मुहान ठम्याउनु पर्‍यो । समस्याको मूल स्रोत के हो ?, त्यो साहसपूर्वक इंगित गर्नसक्नु पर्‍यो । हैन भने, अहिले प्रस्तावमा सूचीबद्ध सयौं सदीच्छापूर्ण उपायहरू कागतका खोस्टा सिवाय केही ठहरिनेवाला छैनन् । समस्याको मूल मुहान ज्यूँका त्यूँ राखेर कुनै पनि पवित्र इच्छा र दण्डविधानले एमालेभित्रको विकृति र विचलनले ल्याउने अधोपतनलाई रोक्न सकिने छैन ।

मेरो ठम्याइमा, एमालेभित्र जनताको शक्तिमा नै भरोसा नगर्ने, श्रमजीवी वर्गलाई नै हेला गर्ने, पार्टीको लक्ष्य र आधारभूत दायित्वबाटै विमुख हुने क्रान्तिकारी वर्ग दृष्टिकोण नै छोड्ने, पद र हैसियतको दुरूपयोग गर्ने, पूँजीवादी रहनसहन र जीवनशैली अप्नाउने, पार्टीभित्र जथाभावी मान्छे हुल्ने जस्ता सम्पूर्ण पूँजीवादी विकृतिका लक्षणहरूले घरजम गर्नुको मूल मुहान एउटै छ- एमाले नेतृत्वको ध्यान र ध्याउन्ना वैज्ञानिक समाजवाद उन्मुख जनक्रान्तिमा रहेन, येनकेन प्रकारेण पूँजीवादी सत्ता र सुविधा प्राप्ति नै उसको मुख्य ध्याउन्नाको विषय रह्यो । अहिलेका सारा समस्याको मुहान, सारा विकृतिको स्रोत नै यही हो । एमालेभित्रको अहिलेको खडेरी जुझारू कार्यकर्ताको पनि होइन, देशव्यापी संगठनको पनि होइन, व्यापक जनसमर्थनको पनि होइन, जनता, क्रान्ति र वैज्ञानिक समाजवादप्रति प्रतिबद्ध र समर्पित नेतृत्वको हो ।

के छैठौं महाधिवेशनले यो खडेरी अन्त गर्न सक्ला ? एमालेको भविष्य यसैमा निर्भर छ । एमालेसित अहिले सबैथोक छ, तर एउटै कुरा छैन । त्यो हो- क्रान्तिकारी कार्यदिशा र हुट्हुटी । त्यसैले, एमालेले बाहिर क्रान्ति सम्पन्न गर्न समर्थ बन्नुभन्दा पहिले एमालेभित्रै अझ त्यसको सर्वोच्च नेतृत्व तहमा नै क्रान्तिको जरूरी भएको छ । वैज्ञानिक समाजवादमा आधारित विचारधारात्मक र सांस्कृतिक क्रान्ति सर्वप्रथम एमालेभित्रै जरूरी भएको छ । के त्यो क्रान्तिको प्रक्रिया थाल्ने निर्णय एमालेको छैठौं महाधिवेशनले गर्न सक्ला ?

संगठनात्मक प्रस्तावले छुटाएको मुख्य कुरा नै एमालेको यही मुख्य रोग निको पार्न भित्री पार्टी विचारधारात्मक र सांस्कृतिक क्रान्तिको प्रक्रिया हो । दुनियाँ बदल्न हिँड्नुअघि नेतृत्व स्वयंले आफूलाई बदल्नु जरूरी छ । यो क्रान्तिको प्रक्रियाको खडेरी हुनाले एमालेसित अहिले देशव्यापी किसान संघ छ, तर त्यसले किसान आन्दोलन गर्दैन, नेपालव्यापी सांस्कृतिक मंच छ, तर त्यसले पूँजीवादी सांस्कृतिक प्रदूषणविरूद्ध कुनै आन्दोलन छेड्दैन । ८१ हजार पार्टी सदस्यता भएको देशव्यापी पार्टी छ, तर त्यसले एउटै जनसंघर्ष र वर्ग संघर्षको उठान गर्दैन । पार्टीको हालत यस्तो भएपछि त्यो जतिसुकै ठूलो भए पनि त्यसले क्रान्तिको अगुवाई कसरी गर्छ ?

❑ **श्याम श्रेष्ठ**

## १० पेजको बाँकी

कारण हटाउने सन्दर्भमा बहुलवाद र पूँजीवादी संसदीय प्रतिस्पर्धा नै समाधानको उपाय हो भन्ने कुरा गलत हो। नयाँ जनवाद र समाजवादमा बहुदल रहँदा पनि बहुदलीय संसदीय व्यवस्था वा बहुदलीय प्रतिस्पर्धाको पूँजीवादी राजनीतिक प्रणाली रहन्न। समाजको विकासको क्रममा प्रतिस्पर्धात्मक पूँजीवादको आवश्यकताले जन्माएको राजनीतिक प्रणाली हो- बहुदलीय संसदीय व्यवस्था। त्यसकारण, त्यो त वस्तुजगत्‌ले अधिरचना निर्माण गरेको, पदार्थले चेतना निर्माण गरेको कुरा हो। त्यसैले, बहुदलीय संसदीय प्रणाली भनेको पुँजीवादी अधिरचना हो। त्यो पूँजीवादी प्रजातन्त्र हो।

प्रतिक्रियावादी र साम्राज्यवादीहरूले लगातार के भनेर प्रचार गरे भने, यो बहुदलीय प्रतिस्पर्धा अर्थात्‌ पार्टी स्वतन्त्रता, आवधिक निर्वाचन, एउटा पार्टीले सरकार बनाउने र अर्कोले प्रतिपक्षको भूमिका खेल्ने भन्ने कुरा नै प्रजातन्त्रको मूल मन्त्र (Key theme) हो। प्रजातन्त्र छ कि छैन भनेर चिन्ने एउटै मात्र आधार यही हो भनेर उनीहरूले प्रचार गरे। तर, पूँजीवादी बहुदलीय संसदीय प्रजातन्त्र इतिहासको एउटा सन्दर्भमा, एउटा वस्तुगत जगमा निर्माण गरिएको राजनीतिक अधिरचना मात्र थियो। त्यसकारण, त्यो हामीले अप्नाउने भन्ने कुरा होइन।

त्यसकारण, समस्या अर्कै ठाउँमा थियो, त्यसको समाधान वर्गदृष्टिको आधारमा गर्नुपर्ने थियो। र; एमालेले यतातिर नलागी बहुदलीय संसदीय प्रतिस्पर्धालाई नै प्रजातन्त्रको निम्ति शास्वत प्रणाली भन्ने दिशातिर लाग्यो। अन्ततः यसले राज्यसत्ताको वर्गीय अधिनायकत्वको चरित्रलाई अस्वीकार गर्ने ठाउँमा आफूलाई पुर्‍याएको छ।

एमालेले अहिलेको क्रान्तिको चरणमा 'जनताको बहुदलीय जनवाद'को अर्थमा मात्र बहुदलीय संसदीय प्रतिस्पर्धाको कुरा गरेको होइन। त्यसले समाजवादको पतनको कारण खोज्ने सन्दर्भमा र त्यसको समाधान दिने सन्दर्भमा शाश्वत प्रणालीको रूपमा बहुलवाद र बहुदलीय संसदीय प्रतिस्पर्धाको कुरा गरेको छ। त्यसैले, उहाँहरूको अवधारणा बहुदलीय समाजवादी व्यवस्था पनि हो, बहुदलीय जनवादी व्यवस्था पनि हो। यो विचार मार्क्सवादसंगत छैन। यो क्रान्तिकारी मार्क्सवादबाट विचलन हो। यसले हामीलाई क्रान्तिको बाटोतिर लैजाँदैन। यसले पूँजीवादी संसदीय राजनीतिक प्रणालीलाई नै समाजवाद वा जनवाद भन्ने ढोंग मात्र गरिरहेको हुन्छ।



## बहुलवाद र बहुदलीय संसदीय प्रतिस्पर्धालाई शास्वत बनाउने सन्दर्भमा एमालेले दार्शनिक रुपमा दुईवटा तर्कलाई अगाडि सारेको छ।

हाम्रो दृष्टिकोणमा, वस्तुगत यथार्थ के हो भने- समाजवादी सत्ताहरूको अवसानपछि मार्क्सवादमाथि साम्राज्यवादीहरूले एक छत्र आक्रमण गरेका छन्‌ र तिनीहरूले मुख्य रूपमा राज्यसत्ताको वर्गीय अधिनायकत्वको चरित्रलाई नै प्रहारको केन्द्र बनाएका छन्‌। अर्थात्‌, तिनीहरूले सर्वहारा वर्गको अधिनायकत्वमाथि नै आक्रमण गरिरहेका छन्‌। त्यसकारण, यसबाट भयभीत र आतंकित भएर राज्यको चरित्रको सन्दर्भमा एमालेको विश्लेषणमा त्रुटीहरू पैदा भएका हुन्‌ भन्ने लाग्दछ। यसबाट के बुझिन्छ भने, पूँजीवादी संसदीय प्रजातन्त्रलाई प्रजातन्त्रको शास्वत रूपका रूपमा स्वीकार्ने कुरा साम्राज्यवादीहरूको आक्रमणको कारणले र मार्क्सवादलाई ठीक ढंगले पक्रन नसक्नाको कारणले गर्दा पैदा भएको विसर्जनवाद हो। तर, यो छद्म विसर्जनवाद हो भन्ने पनि हामीलाई लाग्छ। किनकि, यो खुल्लारूपले मार्क्सवादलाई परित्याग नगरिकन पैदा भएको विसर्जनवाद हो।

अर्को, बहुलवाद र बहुदलीय संसदीय प्रतिस्पर्धालाई शास्वत बनाउने सन्दर्भमा एमालेले दार्शनिक रूपमा दुईवटा तर्कलाई अगाडि सारेको छ। पहिलो तर्क हो- मार्क्सवाद भनेको नै द्वन्दवाद भएकोले द्वन्दको लागि पार्टीहरूको अस्तित्वलाई स्वीकार्नु पर्छ। त्यसैले द्वन्द सार्वभौम हो भने बहुदलीय प्रतिस्पर्धा पनि सार्वभौम हुन्छ। मलाई के लाग्छ भने- यो तर्क द्वन्दवादको अति भ्रष्टिकरण हो। किनकि, इतिहासले बहुदलीय संसदीय प्रतिस्पर्धा मानव समाज अस्तित्वमा भएदेखि थियो भन्ने कुरा पुष्टि गर्दैन। यथार्थमा, निरंकुश राजतन्त्रात्मक सामन्ती प्रणाली वा सामन्तवादको विरूद्ध संघर्ष गर्ने सन्दर्भमा पूँजीवादको युगमा यो विकसित भएको थियो। द्वन्दको निम्ति बहुदलीयता जरूरी हुने भएको भए यो बहुदलीय संसदीय प्रणाली मानव सभ्यताको शुरूदेखि नै अस्तित्वमा हुनुपर्थ्यो।

अर्को, द्वन्दवाद सार्वभौम भएपछि त उहाँहरूको तर्कअनुसार, बहुदलीयता साम्यवादमा पनि जरूरी हुने भयो। अझ त्यो तर्कले त पार्टीभित्र पनि बहुगुटहरूको अस्तित्वलाई स्वीकार्नु पर्ने ठाउँसम्म हामीलाई पुर्‍याउँछ, किनकि, द्वन्द त पार्टीभित्र पनि जरूरी हुन्छ। त्यसकारण, यो तर्क द्वन्दवादको सार्वभौम नियमको भ्रष्टिकरण हो भन्ने कुरा हामीलाई लाग्छ।

उहाँहरूको दोस्रो दार्शनिक तर्क के रहेको छ भने- सार र रूप भन्ने चिजहरू छुट्टाछुट्टै कुराहरू हुन्‌ र सार त हाम्रो क्रान्तिकारी छँदैछ नि, खालि रूप मात्रै पूँजीवादबाट लिएको हो।

हामीलाई के लाग्दछ भने, यो तर्क पनि सार र रूपको मार्क्सवादी वैज्ञानिक र द्वन्दवादी सम्बन्धसंग नमिल्ने कुरा हो। सारकै अभिव्यक्ति रूपमा हुन्छ। वस्तुगत सामाजिक आर्थिक संरचनाले जग निर्माण गर्छ। यसले सार निर्माण गर्छ र यसको अभिव्यक्तिको रूपमा अधिरचनाको क्षेत्रमा विभिन्न राजनीतिक प्रणालीहरूको जन्म हुन्छ। आ-आफ्नो वस्तुगत आर्थिक जगमा एउटा-एउटा अधिरचना निर्माण भएको हुन्छ। एउटा सारको एउटा रूप हुन्छ। सारले रूपको खोजी गरिराखेको हुन्छ। अन्ततः सार अनुसारको नै रूप हुन्छ। त्यसैले, सार एउटा हुने, तर रूप अर्को हुने भन्ने कुरा हुँदैन। अस्थायी र संक्रमणकालमा भने त्यो हुनसक्छ।

यी सबै कोणबाट हेर्दा 'जनताको बहुदलीय जनवाद' क्रान्तिकारी मार्क्सवादसंगत छैन भन्ने हामीलाई कुरा लाग्दछ।

मार्क्सवादको चुरो कुरो भनेको द्वन्दवादी पद्धति हो। त्यसले, वस्तुवादी या यथार्थवादी हुनुपर्छ भन्छ तर यथास्थितिवादी चाहिं होइन। उस्तै उस्तै लाग्ने एउटाले यथास्थितिवादी बनाइदिन्छ, तर अर्कोले यथार्थलाई पक्डेर क्रान्तिकारी रूपान्तरणको दिशातिर लैजान्छ।

एमालेले के भन्छ भने- अहिले यथार्थमा वर्गहरू र तिनीहरूका प्रतिनिधि पार्टीहरू अस्तित्वमा छन्‌ भने त्यसलाई किन स्वीकार नगर्ने ? त्यस्तै, पार्टीहरू अस्तित्वमा छन्‌ भने प्रतिस्पर्धामा किन नजाने ?

मार्क्सवादले वस्तुगत जगले निर्माण गरेको यथार्थलाई हेर्छ, तर त्यसले वस्तुगत जगले निर्धारित गरेको नियमलाई बुझ्ने र त्यसअनुसार परिवर्तनलाई प्रभावित गर्ने कुरा पनि सिकाउँछ। त्यसकारण, अहिले जे छ, त्यसैलाई सिद्धान्त बनाउने होइन। यथार्थले कुन दिशा लिन्छ भन्ने कुरा बुझ्ने र दिशालाई प्रभावित गर्नेगरी नीति तथा कार्यक्रम बनाउने हो। त्यसैले, यस सम्बन्धमा बुझ्न एमालेले गडबडी गरेको छ भन्ने लाग्छ। त्यो गडबडीले हामीलाई यथास्थितिवादी बनाइदिन्छ, प्रगतिमुखी बनाउँदैन। यस गडबडीले हामीलाई व्यवहारवादी बनाइदिन्छ र यसले कहिले पनि परिवर्तनको दिशामा हामीलाई लाँदैन। त्यसैले, 'जनताको बहुदलीय जनवाद' क्रान्तिकारी मार्क्सवादसंगत छैन।

'जनताको बहुदलीय जनवाद' नेपाली क्रान्तिको सिद्धान्त र कार्यक्रम हुन सक्छ कि सक्दैन त ? भन्ने सम्बन्धमा अब जाऔं।

नेपाल अझै पनि अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक अवस्थामा रहेको छ। सामन्तवाद र साम्राज्यवाद क्रान्तिका आधारभूत शत्रुहरू हुन्‌। नेपाली समाजलाई प्रगतिशील रूपान्तरण गर्नु भनेको स्वाभाविक रूपमा सामन्तवाद र साम्राज्यवादको उत्पीडनबाट यसलाई मुक्त गर्नु हो। र, स्वाधीन र जनवादी नेपालको निर्माण गर्नु हो। यसको लागि सामन्त, दलाल र नोकरशाही पूँजीपति वर्गको सत्ताको रूपमा रहेको वर्तमान राजनीतिक सत्तालाई पूर्णतः ध्वंश गर्नु जरूरी हुन्छ। यो भनेको नयाँ जनवादी क्रान्तिले मात्र गर्न संभव हुन्छ। त्यसैले, नयाँ जनवाद नै नेपाली क्रान्तिको सिद्धान्त र कार्यक्रम हो।

एमालेले 'जनताको बहुदलीय जनवाद' भनेको पनि नयाँ जनवादकै रूप हो भनेर व्याख्या गरेको छ। यहाँनिर के कुराको याद गरौं भने, मार्क्सवादी

## 'जनताको बहुदलीय जनवाद' नेपाली क्रान्तिको सिद्धान्त र कार्यक्रम हुन सक्छ कि सक्दैन त ?

> **शान्तिपूर्ण ढंगबाट अगाडि बढेर नै सामन्तवाद र साम्राज्यवादको अन्त्य हुन्छ भन्ने कुरा उहाँहरु भन्नुहुन्छ ।**

विश्लेषण अनुसार प्रजातन्त्र भन्नाले राज्यको एउटा रूप भन्ने कुरा बुझिन्छ । त्यसले राज्य र त्यस समाजको आधारभूत चरित्रलाई पनि इंगित गर्दछ । त्यसैले, पूँजीवादी प्रजातन्त्रले खाली बहुदलीय संसदीय व्यवस्था मात्र जनाउँदैन, यसले राज्यको चरित्र पूँजीवादी छ भन्ने कुरा पनि बुझाउँछ । र, त्यसले समाजको चरित्र पनि पूँजीवादी छ भन्ने जनाउँछ ।

साम्राज्यवाद र सर्वहारा क्रान्तिको युग शुरू भइसकेपछि जब पूँजीवादीहरूले सामन्तवादविरूद्धको क्रान्तिमा नेतृत्वकारी भूमिका खेल्न सकेनन्, तब पूँजीवादी प्रजातान्त्रिक क्रान्ति पनि सर्वहारा वर्गको नेतृत्वमा हुनुपर्ने भयो । र, त्यसैले त्यो क्रान्ति समाजवादउन्मुख पनि हुने भयो । यी दुईटा विशेषता भएको कारणले गर्दा त्यो क्रान्तिलाई नयाँ जनवाद भनेर भनियो । नयाँ जनवादले पनि राज्य र समाज दुवैको चरित्रलाई बुझाउँदछ । यसमा सर्वहारा वर्गको नेतृत्वमा सामन्तवाद-साम्राज्यवादविरोधी अन्य क्रान्तिकारी शक्तिहरूको संयुक्त अधिनाकत्वको राज्य सत्ता रहेको हुन्छ । समाजको हकमा त्यहाँ सामन्तवाद र साम्राज्यवादको निषेध गरिएको समाजवाद उन्मुख चरित्रको समाज हुन्छ ।

अर्को कुरो, २०४६ सालदेखि एमालेले अघि सारेका मूल नाराहरूलाई हेर्दा के देखिन्छ भने, क्रान्तिको बाटोको सन्दर्भमा उहाँहरू शान्तिपूर्ण रूपान्तरणको प्रक्रियाबाट अगाडि बढ्ने सवाल अगाडि राख्दै हुनुहुन्छ । र, शान्तिपूर्ण ढंगबाट अगाडि बढेर नै सामन्तवाद र साम्राज्यवादको अन्त्य हुन्छ भन्ने कुरा उहाँहरू भन्नुहुन्छ । अहिले उहाँहरू संसदीय संघर्षलाई प्रमुख मान्दै संसदीय सरकारमा जाने कुरा गरिरहनु भएको छ ।

यी कुराहरूबाट के बुझिन्छ भने, एमालेले क्रान्ति सम्पन्न गर्नको लागि अन्ततः बल प्रयोगको बाटो अनिवार्य रूपले अप्नाउनु पर्ने हुन्छ भन्ने ऐतिहासिक भौतिकवादले सिद्ध गरेको बाटोलाई अस्वीकार गर्छ । यसले क्रान्तिको लागि राज्यसत्ता र राज्यसत्ता कब्जा गर्नको लागि बल प्रयोगको क्रान्तिकारी हिंसा अनिवार्य छ भन्ने कुरालाई नकार्दछ ।

जन-नीति अख्तियार गर्ने क्रान्तिकारी पार्टीहरूले क्रान्तिको बाटोको सवालमा जनसमक्ष विभिन्न भाषाहरू अवस्था हेरी प्रयोग गर्न सक्दछन्, तर एउटा क्रान्तिकारी पार्टीले क्रान्तिको बाटोको सन्दर्भमा 'हुन पनि सक्छ, नहुन पनि सक्छ' भन्ने कुरा भन्दैन । यदि त्यस्तो भन्छ भने त्यो भनेको क्रान्ति नगर्ने भनेको हो भन्ने कुरा बुझिन्छ । एउटा क्रान्तिकारी पार्टीले त ऐतिहासिक भौतिकवादको आधारमा अहिलेसम्मका सबै घटनाहरूलाई अगाडि राखेर, इतिहासलाई अगाडि राखेर र समाज विकासका नियमहरूलाई अगाडि राखेर पो निष्कर्ष निकाल्नु पर्छ ! र, के ठीक हो के बेठीक हो छुट्याउनु पर्दछ ।

अहिलेसम्म एउटा पनि ऐतिहासिक घटनाले अस्वीकार नगरेको कुरा के हो भने, क्रान्तिको लागि राज्य र सत्ता कब्जा गर्न बल प्रयोग वा क्रान्तिकारी हिंसाको जरूरत पर्दछ । त्यसैले, यो कुरालाई स्पष्ट नगर्नु र अझ शान्तिपूर्ण उपायलाई नै परिवर्तनको सम्भावना छ भनेर देख्नुको अर्थ क्रान्ति नगर्नु भनेको हो । तसर्थ, यसरी क्रान्तिको दिशामा नजाने भइसकेपछि एमालेले राखेको कार्यक्रम नेपाली क्रान्तिको कार्यक्रम हुन सक्ला र ? हुन सक्दैन भन्ने कुरा सहजै भन्न सकिन्छ ।

२०४६ सालदेखि एमालेले मूल नारा के लगाउँदै आयो भने- संसदीय प्रजातन्त्रलाई संस्थागत गर्ने र सुदृढ पार्ने । एकातिर आमूल परिवर्तनको र क्रान्तिको दिशातिर समाजलाई लग्ने कुरा पनि गरिराख्ने, र अर्कोतिर संसदीय प्रजातन्त्रलाई संस्थागत गर्ने र सुदृढ पार्ने नारा पनि दिइराख्ने । के यी दुवै कुरा एकैसाथ गर्न सकिन्छ र ? यो अन्तर्विरोधपूर्ण कुरा हो कि होइन ?

अन्त्यमा, यो जनताको बहुदलीय जनवाद' मौलिक र नवीन हो कि होइन भन्ने कुरातर्फ म आफ्नो विचार व्यक्त गर्दछु ।

यो कुनै पनि कोणबाट मौलिक र नवीन छैन । यही रूपमा, यही तर्कको आधारमा, यही भाषामा दोस्रो अन्तर्राष्ट्रियका संशोधनवादी काउत्स्कीले यही प्रश्न उठाई लेनिनसित बहस गरेका थिए । त्यतिखेर यही प्रश्नमा लेनिनसंग बहस गर्नेमा अर्का हुन्- रोजा लक्जम्बर्ग ।


लेनिनसित बहसमा उत्रँदा रोजा-लक्जम्बर्गले सर्वहारा अधिनायकत्वको नाममा कहीं सर्वहारा जनवादलाई सही ढंगले पक्रन पो नसकिने हो कि भन्ने चिन्ता गरेको देखिन्छ । पछि व्यवहारमा हेरिसकेपछि उहाँले थप कुरा केही पनि भन्नु भएको देखिन्न ।

तर, काउत्स्कीको सन्दर्भ अलि भिन्नै छ । काउत्स्कीले त्यतिबेला, मदन भण्डारीले 'बहुदलीय जनवाद'को सन्दर्भमा जे भनेका छन्, त्यही भनेका थिए । उनले तीनवटा कुराको माग गरेका थिए- पार्टी स्वतन्त्रता, आवधिक बालिग मताधिकारद्वारा निर्वाचन र संसदीय प्रतिपक्ष । यो कुरा काउत्स्कीले आफ्नो 'सर्वहाराको अधिनाकत्व' भन्ने नामको १९१८ मा लेखिएको कृतिमा प्रष्ट माग गरेका छन् र सोभियत प्रजातन्त्रको विरोधमा लेनिनसित उनले बहस गरेका छन् । लेनिनले काउत्स्कीको त्यस विचारको विरोधमा 'सर्वहारा अधिनाकत्व र गद्दार काउत्स्की' नामक कृति नै निकाल्नु भएको छ ।

त्यसैले, एमालेको यो 'जनताको बहुदलीय जनवाद' लाई जसरी मौलिक र नवीन विचार भनेर भनिएको छ, त्यस्तो पूरै भ्रामक र गलत कुरा हो भन्ने मलाई लाग्दछ । ❑

> **काउत्स्कीले त्यतिबेला, मदन भण्डारीले 'बहुदलीय जनवाद'को सन्दर्भमा जे भनेका छन्, त्यही भनेका थिए ।**

# के छ मुख्य भिन्नता वामदेवको दस्तावेजमा ?



◆ **श्याम श्रेष्ठ**

कार्यनीतिको सवालमा र अन्य बुँदाहरूमा तपाईहरूको बीच जुन मतभेदहरू छन् भनिएको छ, वास्तविक रूपमा ती मतभेदहरू के के हुन् ?

◆ **क. वामदेव गौतम**

## किन प्रगतिशील सुधारको कार्यनीति जरुरी छ ?

अहिलेको संविधान २०४६ सालको जन आन्दोलनले सृजना गरेको राजनीतिक शक्ति सन्तुलनको उपज हो र त्यसमा जनताका मागहरू पूरा गर्ने केही त्यस्ता प्रावधानहरू छन्, जसबाट जनताले आफ्ना कुराहरू राज्यसम्म पुऱ्याउन सक्छन् । त्यस संविधानमार्फत् जनताका प्रतिनिधिहरू शान्तिपूर्ण बाटोबाटै संसदीय प्रतिस्पर्धामार्फत् राज्यसत्ताका माथिल्ला निकायहरूसम्म पुग्न सक्ने र राज्यसत्तामा तल र माथि दुवै ठाउँबाट हस्तक्षेप गर्न सक्ने संभावना पैदा भएको छ ।

यस दौरानमा जनताका प्रतिनिधिहरू, खासगरी श्रमजीवी जनताका प्रतिनिधिहरू संसदको बहुमतमा जाने संभावना देखा पर्न आएको छ ।

संयुक्त जन-आन्दोलनले नेपालको सामन्त, दलाल नोकरशाही पूँजीपति वर्गको प्रतिनिधिलाई एक हदसम्म तल झारेको छ र त्यसले पुरानो आफ्नो सत्तालाई पुनः प्राप्त गर्न सकेको छैन । जनताको शक्ति भने तुलनामा बढी विकसित भएको छ । त्यसैले यो स्थिति खास कालसम्म कायम रहन सक्छ । अर्थात् जबसम्म सर्वहारा श्रमजीवी जनताको विकास र प्रतिकृयावादी शक्तिसित यसको शक्ति सन्तुलनको स्थिति रहन्छ, त्यस बेलासम्म यो संभावनाको कुरा रहिरहन्छ ।

अहिले देशमा सामन्त वर्गकै प्रतिनिधिहरूबीच र दलाल नोकरशाही पूँजीपति वर्गकै प्रतिनिधिहरूबीच एकआपसमा विभाजनहरू छन् । र, राज्यसत्तामा पनि उनीहरूको फरक फरक किसिमको पहुँच छ । आफ्ना समूहगत स्वार्थहरूका कारणले गर्दा तिनीहरूबीच अन्तरविरोध बढेर गएको छ । यो स्थिति रहँदासम्म सर्वहारा वर्गले उनीहरूबीच विभाजन पैदा गर्दै प्रतिकृयावादी राज्यसत्ता हुँदाहुँदै पनि यसको सबभन्दा माथिल्लो निकाय सरकारमा आफ्नो पहुँच पुऱ्याउन सक्दछ । यसरी राज्य सत्तामा हस्तक्षेप गर्ने दुईटा सम्भावनाहरूमध्ये दुवै सम्भावनाहरू यथार्थ बनेका छन् । सडकबाट, तलबाट राज्यसत्तामा हस्तक्षेप गर्ने र माथिबाट सरकार बनाएर

**वास्तवमा उहाँहरू र मेरोबीच मैले पनि त्यस्तो ठूलो फरक देखिरहेको छुइन । तर, पार्टीमा बहुमत पक्षबाट फरक देखाउने कोशिस भइरहेको छ ।**

राज्यसत्तामा हस्तक्षेप गर्ने- यी दुई स्थितिहरू हाम्रो सन्दर्भमा स्पष्ट रूपले देखा परेका छन् । यो स्थिति भएकै कारणले गर्दा संसदीय र गैरसंसदीय क्षेत्रमा संघर्षहरू उठान गर्ने संभावना देखा परेको छ ।

यस अवस्थामा सर्वहारा वर्गले माथिल्लो तहबाट राज्य सत्तामा हस्तक्षेप गर्ने संभावना रहँदासम्मको निम्ति संसदीय क्षेत्रको संघर्षले बढी महत्व पाउँदछ । यसमा प्रभावकारी ढंगले प्रतिकृयावादी राज्यसत्तामा माथिबाट हस्तक्षेप गर्ने कार्य जारी राख्नु पर्दछ । यी कुराहरू हाम्रो पार्टीमा स्पष्ट रूपले अगाडि आएका छन् ।

यस सन्दर्भमा, मेरो के भनाइ छ भने, ती दुई क्षेत्रका संघर्षहरूमध्ये जुन बढी महत्वपूर्ण भएर अगाडि आएको छ, त्यो प्रमुख र अर्को सहयोगी हुन्छ । जब संसदीय संघर्ष प्रमुख हुँदैन, तब गैरसंसदीय संघर्ष प्रमुख हुन्छ र संसदीय क्षेत्रको संघर्ष त्यसको सहयोगी हुन्छ । तर अहिले गैरसंसदीय क्षेत्रको संघर्षले संसदीय क्षेत्रको संघर्षलाई सहयोग गर्नुपर्छ र यी दुवैको बीच तालमेल गरेर गैरसंसदीय क्षेत्रको संघर्षलाई पनि उठाउन सकिन्छ । त्यसैले यतिबेला कुन चाहिं क्षेत्रको संघर्षले प्रमुखता पाएको छ भन्ने कुराको आधारमा पार्टीले आफ्नो शक्ति विन्यास गर्न जान्नु पर्छ । यस्तो गरेमा मात्र संघर्षलाई ठीक किसिमले उठाउन सक्ने हुन्छौं ।

पार्टीले राज्यसत्तामा माथिबाट हस्तक्षेप गर्ने भन्ने कुरो सरकार निर्माण गर्ने र सरकारद्वारा सामाजिक र आर्थिक क्षेत्रमा परिवर्तन र विकास गर्ने भन्ने सवाल हो । यदि पार्टीले यस संघर्षलाई क्रान्तिकारी ढंगले अगाडि बढाउने हो भने मुलुकको अर्ध सामन्ती र अर्ध औपनिवेशिक अवस्थामाथि नै प्रहार गर्नु पर्दछ । र, त्यसलाई क्रमशः अन्त्य गर्ने कामको थालनी गर्नुपर्दछ । यी सबै कामहरू गरेर समाजका हरेक फाँटमा आमूल परिवर्तनको लागि शक्ति निर्माण गर्नुपर्छ । र, त्यो शक्तिलाई पार्टीद्वारा अर्को क्षेत्रबाट प्रशिक्षित गरेर पार्टीमा संलग्न गराउनु पर्छ । यस्तो गरियो भने समाजका हरेक क्षेत्रका, जस्तोः किसान, मजदूर, निम्न पूँजीपति वर्ग, राष्ट्रिय पूँजीपति वर्ग र देशभक्तहरूसम्म पार्टीको प्रभाव पुऱ्याउन सकिन्छ । साथै, तिनीहरूलाई गोलबन्द गरी संगठित रूपमा आमूल परिवर्तनको लागि तयार गर्न सकिन्छ ।

त्यति मात्र होइन कि, माथिबाट प्रभावकारी ढंगले हस्तक्षेप गर्न सकियो भने राज्यसत्ताका विभिन्न अंगहरूमा पार्टीको प्रभाव हुन्छ । त्यस्तो प्रभाव घूसपैठको आधारमा होइन, प्रजातान्त्रिक तरिकाबाट नै प्रहरी, प्रशासन, सेना र अदालतमा समेत योग्य र देशभक्त मान्छेहरू पठाएर गर्न सकिन्छ । यसरी ठूलो क्षेत्रमा हामीले क्रान्तिकारी शक्तिको निर्माण गर्न सक्छौं ।

त्यसैले, यस्तो महत्वपूर्ण काम गर्नको निम्ति पार्टीसित एउटा व्यवस्थित कार्यक्रम हुनुपर्छ भन्ने मेरो भनाइ हो । यो कार्यक्रम भनेको मात्रात्मक परिवर्तन गर्दै लैजाने प्रगतिशील सुधारात्मक कार्यक्रम नै हो ।

यसरी पार्टीको कार्यनीति प्रतिकृयावादी राज्यसत्तामा माथिबाट हस्तक्षेप गर्ने हुनुपर्छ । त्यो हस्तक्षेपलाई व्यवस्थित रूपले परिचालन गर्नको निम्ति एउटा व्यवस्थित प्रगतिशील सुधारको कार्यक्रम अगाडि सार्ने काम गर्नुपर्छ । यस्तो गरेर नै राष्ट्रलाई अगाडि बढाउन सकिन्छ । र, जनतालाई तात्कालीक विषयवस्तुमा राहत, उद्धार प्रदान गर्दै, उनीहरूका तात्कालिक समस्याहरू समाधान गर्दै आमूल परिवर्तनको गतिलाई अगाडि बढाउन सकिन्छ । यो स्थिति तबसम्म रहिरहन सक्छ, जबसम्म मुलुकको राजनीतिक शक्ति सन्तुलन अहिलेजस्तै क्रान्तिकारी शक्तिको पक्षमा विद्यमान रहन्छ ।

यस परिस्थितिमा पनि पार्टीले अर्को एउटा कुरामा सजगता अपनाउनु पर्दछः यो परिस्थिति भनेको कुनै पनि समयमा अन्त्य हुन सक्छ । अर्थात् कुनै पनि बेला प्रतिकृयावादीहरूले क्रान्तिकारीहरूमाथि आक्रमण गर्न सक्छन् । यदि त्यस्तो अवस्था आउँछ भने पार्टीले आफूले निर्माण गरेको सम्पूर्ण शक्तिलाई गोलबन्द गरेर अर्को नयाँ आक्रामक कार्यनीति अवलम्बन गरेर र नयाँ किसिमको कार्यदिशा तय गरेर प्रतिकृयावादी शक्तिमाथि हमला गर्ने किसिमले कामलाई अगाडि बढाउनु पर्छ ।

यसरी अहिले दुईटा कुराहरू हाम्रो अगाडि आएका छन् । पहिलो, यतिखेर संघर्षको मुख्य क्षेत्र संसदीय क्षेत्र हो र संघर्षको प्रमुख रूप संसदीय क्षेत्रको संघर्ष हो भन्ने कुरा । दोस्रो, गैरसंसदीय क्षेत्रको संघर्षलाई पनि उचित ढंगले ध्यान दिनु पर्छ भन्ने कुरा ।

बहुमतका साथीहरूले संसदीय क्षेत्रको संघर्ष प्रमुख भन्न मिल्दैन भनेर भन्नुभएको छ । उहाँहरू के भन्नु हुन्छ भने, संसदीय र गैरसंसदीय क्षेत्रका संघर्षहरू दुवै उत्तिकै महत्वका छन् ।

मलाई के लाग्छ भने, यसो भन्नु हाम्रो ठूलो भूल हुनेछ ।

संसदीय क्षेत्रको संघर्ष सधैंभरि प्रमुख रहेर बस्दैन । अहिले भने यो प्रमुख रहेको छ । यो स्थिति २०४६ सालको जनआन्दोलनले ल्याइदिएको हो ।

साम्राज्यवाद, एकाधिकार पूँजीवाद, राजतन्त्र, नेपाली कांग्रेस, राप्रपा गरी मुलुकमा जुन विभिन्न प्रतिकृयावादी राजनीतिक शक्तिहरू छन्, ती सबैले कुनै पनि बेला जनतामाथि दमन गर्ने गरी एकताबद्ध भएर अगाडि आए भने त्यस अवस्थामा संसदीय क्षेत्रलाई अहिले जस्तो प्रयोग गर्न सक्दैनौं । अहिले संसदीय क्षेत्रलाई प्रयोग गर्न सक्ने खास स्थिति भएकोले त्यसलाई प्रमुख संघर्ष मानेर प्रभावकारी ढंगले प्रयोग गर्नुपर्छ भन्ने मेरो भनाइ हो ।

बहुमतको भनाइ के रहयो भने, त्यसरी संसदीय क्षेत्रको संघर्षलाई प्रमुख बनाएर गऱ्यौं भने, हामी संसदीय भासमा जान्छौं ।

**संसदीय क्षेत्रको संघर्ष प्रमुख भएको बेलामा यसको उच्चतम अवस्था भनेको शान्तिपूर्ण संघर्ष र वैधानिक प्रतिस्पर्धाबाट सरकारमा पुग्नु हो ।**

**-वामदेव गौतम**



अर्को कुरो, संसदीय क्षेत्रको संघर्ष प्रमुख भएको बेलामा यसको उच्चतम अवस्था भनेको शान्तिपूर्ण संघर्ष र वैधानिक प्रतिस्पर्धाबाट सरकारमा पुग्नु हो । र, सरकारमार्फत् प्रगतिशील सुधारको कार्यक्रम लागू गर्नु हो ।

यो कुरा मैले अगाडि सारिसकेपछि बहुमत पक्षले मलाई सुधारवादी र दक्षिणपन्थी भनेर भनेको छ । मलाई भने त्यस्तो लाग्दैन ।

बहुमतका साथीहरू त्यही काम गर्नु हुन्छ, तर भन्नु हुन्न । म चाहिं गर्नु पनि पर्छ, भन्नु पनि पर्छ भन्ने पक्षमा छु । र, यही कुरो मैले भन्दै आएको छु । वास्तवमा उहाँहरू र मेरोबीच मैले पनि त्यस्तो ठूलो फरक देखिरहेको छुइन । तर, पार्टीमा बहुमत पक्षबाट फरक देखाउने कोशिस भइरहेको छ ।

अर्को कुरा, नेकपा (एमाले) ले आफ्नो स्थानीय निकायका पदाधिकारीहरूलाई र अरू धेरै त्यस्ता निर्वाचित जनप्रतिनिधिहरूलाई मार्गदर्शन गर्नको निम्ति पनि पार्टीसित एउटा खास किसिमको कार्यक्रम चाहिन्छ । क्रान्तिपूर्व लागू गर्नु पर्ने कार्यनीतिक चरित्रको कार्यक्रम भएको हुनाले त्यो सुधारको कार्यक्रम हो । र, यसलाई क्रान्तिकारी ढंगले लागू गर्ने भएको हुनाले यसको चरित्र क्रान्तिकारी हुन्छ ।

## पार्टी निर्माणको सवालमा

पार्टी निर्माणको सन्दर्भमा मैले के भनेको छु भने, यो भनेको रणनीतिक महत्वको सवाल हो । तर, कम्युनिष्ट पार्टीले कस्तो भूमिका खेल्ने, उसको संगठन कस्तो बनाउने, कुन बेलामा कस्तो रूप धारण गर्ने भन्ने जस्ता कुराहरू मात्र कार्यनीतिक कुराहरू हुन् ।

अहिले हामीले पार्टीलाई वैधानिक काममा लगाएका छौं । त्यसलाई संसदीय प्रतिस्पर्धामा जान लायक बनाउने काममा हामी लागिरहेका छौं । र, त्यही दिशामा दृढतापूर्वक हामी जानुपर्छ भनेर हामी भनिरहेका छौं । यस्तो काममा लाग्दा आइपर्ने नयाँ नयाँ समस्याहरूसंग जुधेर हामी अगाडि बढ्नुपर्छ । नयाँ संघर्षमा त्यसका नकारात्मक पक्षहरू पनि प्रवेश हुनु स्वभाविक छ र त्यसलाई उपयुक्त तरिका अपनाई खास प्रक्रिया तय गरेर सामना गरेर जानुपर्छ ।

## शुद्धिकरण आन्दोलनबारे

पार्टीभित्र अशुद्धी बढ्यो, विसंगति भयो र भ्रष्टाचार बढ्यो भनेर भनियो । यो कुरा पार्टीले जिम्मेवार ढंगले भन्नुपर्छ भन्ने मेरो भनाइ हो । पार्टीमा कुन ठाउँमा, कस्तो र कसबाट त्यस्ता विकृतिहरू प्रकट



बेलाबेलामा देखा पर्छ । त्यसैले, त्यो पनि नेपाली क्रान्तिको शत्रु हो ।

अतः उनीहरूप्रति हामीले नरम नीति अप्नाउँदा र तिनीहरूको चरित्रबारे नेपाली जनतालाई नबताउँदा कसरी त्यसको विरूद्ध नेपाली क्रान्ति सम्पन्न हुन्छ ?

हामीले समाजका आधारभूत अन्तर्विरोधका रूपमा चारवटा शक्तिहरूलाई उल्लेख गर्दै आएका छौं । ती हुन्- देशभित्रका दुई सामन्त वर्ग र दलाल नोकरशाही पूँजीपति वर्ग र देश बाहिर चाहिं साम्राज्यवाद र वैदेशिक एकाधिकार पूँजीवाद । बहुमतको दस्तावेजमा वैदेशिक एकाधिकार पूंजीवादसित नेपाली जनताको अन्तर्विरोध भन्ने कुरा हटाइएको छ ।

यसरी, बहुमतको दस्तावेजलाई तलदेखि माथिसम्म नियाल्दा देखिने यी त्रुटीहरूलाई भोलिका दिनहरूमा हामीले लिएर जाने हो भने, त्यसले हामीलाई एउटा भड्कावमा पुऱ्याउँछ भन्ने मलाई लागेको छ ।

### ◆श्याम श्रेष्ठ

तपाई आफै उप-प्रधानमन्त्री भएको बेलामा महाकाली सन्धिसंगै पारित संकल्प प्रस्तावलाई छोडियो । त्यसकारण, तपाईले महाकाली सन्धि सम्बन्धी उठाउनु भएको जम्मै कुराहरू ढोंग हो भन्ने अरोप तपाईमाथि छ । यसमा तपाईंको भनाइ के ?

### ◆ क. वामदेव

म सरकारमा भएको बेलामा भारत र नेपालमा प्रधानमन्त्रीहरूबीच महाकाली सन्धिका कागजपत्रहरू आदान-प्रदान भएका हुन् । मैले त्यसबेला कानूनविद्हरूसित सोद्धा, संकल्प प्रस्तावलाई कागजपत्र आदान-प्रदान गर्दाखेरि सन्धिको एउटा अभिन्न र महत्त्वपूर्ण कागजको रूपमा समाविष्ट गर्न सकिन्न भन्ने कुरा आयो । र, भारतका प्रधानमन्त्रीले त्यो हामी मान्दै मान्दैनौं पनि भने ।

अब नेपालको संयुक्त सदनले पारित गरेको त्यो संकल्प प्रस्ताव नेपालको निम्ति

**तपाई आफै उप-प्रधानमन्त्री भएको बेलामा महाकाली सन्धिसंगै पारित संकल्प प्रस्तावलाई छोडियो ।**

महत्त्वपूर्ण नै होला र छ पनि । तर अर्को देशको राष्ट्रप्रमुख आएको बेलामा हाम्रो संसदले पास गरेको कुनैपनि कागज वा प्रस्तावलाई यहाँको सरकारले जति मान्यता दिन्छ, त्यतिकै हामी पनि मान्छौं र पालना गर्नको निम्ति जिम्मेवार हुन्छौं भनेर मनाउन बाध्य पार्ने स्थिति विद्यमान थिएन । किनकि, सन्धि त संसदबाट पारित भइसकेको थियो । त्यस समयमा हामीले भारतका प्रधानमन्त्रीलाई नेपालको संकल्प प्रस्तावलाई डि.पि.आर. बनाउँदा समावेश गर्ने भन्ने कुरामा सहमत गरायौं । यद्यपि, त्यो सहमति एउटा कानूनसम्मत ढंगले प्रतिबद्ध बनाउने खालको नहुन सक्छ । तर पनि यसले भारतका प्रधानमन्त्रीलाई नैतिक रूपले जवाफदेही बनाएको छ । त्यसैले, संकल्प प्रस्तावलाई बिल्कुलै बेवास्ता गरियो भन्ने जुन कुरा छ, त्यो बिलकुलै गलत हो ।

### के क्रान्ति शान्तिपूर्ण बाटोबाट संभव छ भन्नेबारे क. सन्देश

कूटनीतिक चाल खेल्नका लागि अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादप्रति नरम बन्न पाइँदैन भन्ने कुरा त ठीकै लाग्यो । तर कूटनीतिक चाल खेल्नकै लागि नेपालको क्रान्ति शान्तिपूर्ण बाटोबाटै हुन सम्भव पनि हुन सक्छ, नहुन पनि सक्छ भन्नु कत्तिको ठीक हुन्छ ?

### क. बामदेव

'जनताको बहुदलीय जनवाद'को कार्यक्रम र सिद्धान्तलाई अप्नाउनुको अर्थ हाम्रो समाजको क्रान्ति शान्तिपूर्ण ढंगले सम्पन्न हुन सक्छ भन्नु नै हो भन्ने भनाइ उपयुक्त छैन । हामीले पाँचौं महाधिवेशनमा पनि यो कुरो भनेका छैनौं र अहिले पनि हामीले भन्न हुँदैन भन्ने मलाई लाग्दछ ।

हाम्रो समाजले क्रान्ति सम्पन्न गर्ने कामको प्रकृति मुलुकको वर्ग संघर्ष कसरी अगाडि बढ्छ भन्ने कुरामा निर्भर गर्दछ । भविष्यको कल्पना हामीले अहिलेको अवस्थालाई हेरी गर्नु पर्छ र दुनियाँका अनुभवहरूलाई पनि आधार बनाउनु पर्दछ । आजसम्म दुनियामा कहीं कतै पनि शान्तिपूर्ण ढंगबाट क्रान्ति सम्पन्न भएको छैन । यो कुरो स्पष्ट छ र हामीले नेपाली क्रान्तिको कार्यदिशा भन्ने बुँदामा यसलाई उल्लेख गरेका छौं ।

तार्किकताको आधारमा केही कुरा भन्न सकिन्छ, जस्तो कि मानिलिउँ, पटक पटक क्रान्तिकारी शक्तिले राज्यसत्तामा माथिबाट र जनताले तलबाट हस्तक्षेप गरिरहेको अवस्थामा त्यसले समाजको हरेक क्षेत्रमा मात्रात्मक परिवर्तन गरिरहेको अवस्थामा, कुनै बेला यस्तो स्थिति आयो (आउँदैन नै भनेर कसरी भन्ने ?) जस्तो कि, जनताका शत्रुहरूले प्रतिरोध गर्न छोडे, उनीहरू आफैं पनि क्रमशः परिवर्तित हुँदै गए भने, र यो कारणले क्रान्तिकारी शक्ति नै शक्तिशाली बन्दै गयो भने, त्यस्तो अवस्थामा क्रान्ति शान्तिपूर्ण ढंगले हुन संभव होला । यति मात्रै हो मेरो भनाइ । नत्र अहिलेसम्म दुनियाँमा कहीं कतै पनि शान्तिपूर्ण बाटोबाट क्रान्ति भएको इतिहास छैन ।

### एमालेको दस्तावेजमा संस्कृतिको पाटो नै छुटेको बारे हरिगोविन्द लुइँटेल

साम्राज्यवादी र पूँजीवादी संस्कृतिले आम जनताहरू विशेषतः युवाहरूमा र वाम कार्यकर्ताहरूमा पनि गंभीर नकारात्मक असर गरेको छ र यहाँको सामन्तवादी संस्कृतिको पनि असर अझै बाँकी छ, यसका विरुद्धमा दुवै दस्तावेजमा प्रगतिशील संस्कृतिको एक अक्षर पनि उल्लेख गरिएको छैन । अब तपाईंहरूको केन्द्रीय समितिले नै प्रगतिशील संस्कृति, कला लगायतका चीजहरू र मानवीय रूचि तथा जीवन शैलीको बारेमा सोच्न छोडेको हो ?

### ◆ क. वामदेव

फरक मतको दस्तावेजमा राज्यले निर्वाह गर्नु पर्ने भूमिकाका सम्बन्धमा केही कुरा उठाइएको छ । तर, जनताको संस्कृतिको निर्माण गर्ने, त्यसलाई विकास गर्ने र साम्राज्यवाद र सामन्तवादको विरूद्ध जनताको संस्कृति निर्माण गर्ने भनेर अलग बुँदाको रूपमा हामीले लेखेनौं । हामीबीच एक पटक कुरा चाहिं चलेको थियो ।

तर, अहिले मलाई के महसुस हुँदैछ भने, त्यसबारे छुट्टै बुँदा बनाएर एउटा छुट्टै कार्यनीति नै अगाडि सार्नु पर्छ भन्ने लागेको छ । छुटेको कुरा चाहिं कमजोरी हो, त्यसलाई सच्याइने छ । ◆

*(अन्तर्क्रियाका जम्मै फोटोहरू: सुन्दर वस्नेत)*



**यदि पार्टीभित्र विकृति र विसंगतिहरु साँच्चिनै हुर्केको भए....**

*एमालेका अध्यक्ष क. मनमोहन अधिकारी: एमालेभित्र विवादरत मतहरूमध्ये कुन पक्षमा ?*

फोटो: उषा

# "आगामी दिनमा नेकपा एमालेले कस्तो दिशा पक्रनु जरुरी छ ?

## पाठकहरूका विचारहरू

एमालेको पाँचौं अधिवेशनद्वारा परित "बहुदलीय जनवाद"को नीतिले ल्याएको खुल्लापनका कारण यो पार्टी संसदीय व्यवस्थाको सुविधाभोगी र सत्तालोलुप प्रवृत्तिमा अल्मलिइरहेको आभास पाउन थालिएको छ। सत्ताकै मोहमा अल्झिएर विगतको प्रमुख वर्ग-शत्रुसंग एमालेले साँठगाँठ मात्र गरेन, आफ्नै स्वार्थले पलायन भई माओवादी समस्या समाधानको बाहना पारेर 'आतंककारी विधेयक' ल्याउन खोज्ने जस्तो अनुचित काम समेत गर्न खोज्यो। यस्तै, राष्ट्रियता, जनजीविका, शैक्षिक र सांस्कृतिक जस्ता हर क्षेत्रका सवालमा प्रतिगामी शक्तिको कार्यशैलीभन्दा प्रगतिशील ढंगको छुट्टै आफ्नो पहिचान दिन नसक्नु यस पार्टीको महाभूल ठहर्छ।

दीर्घकालीन संघर्ष र नयाँ क्रान्तिविना वर्गीय-हितका वास्तविक नौला परिवर्तनहरू आउन नसकेका तथ्यहरू विश्व कम्युनिष्ट आन्दोलनको इतिहासले देखाएको छ। त्यसैले वर्ग-स्वार्थका सबल पक्षहरूलाई विशेष महत्व दिएर एमालेले संसदीय व्यवस्थाको क्रान्तिकारी उपयोग गर्नुपर्ने आजको आवश्यकता हो। नत्र भने, प्रतिकृयावादी शक्तिकै पूँजीवादी नीतिमा आधारित संसदीय दलदलमा फसेर उत्रन नै नसक्ने गरी सधैं कुर्सीको लागि सत्तामोहको दौडधूप गर्दैमा आफ्नो बहुमूल्य समय र अवसर खेर जानसक्ने प्रबल संभावना छ।

विगतमा भएका कमी-कमजोरीहरूलाई सच्याउँदै नयाँ अनुभवहरू बटुलेर आफ्नो स्पष्ट नीति, कार्यक्रम र योजना जनसमक्ष पुऱ्याउन र जनमुक्तिको लागि नयाँ मार्गदर्शन तय गर्न नेकपा एमालेले क्रान्तिकारी दिशातर्फ अग्रसर भई आगामी दिनमा संघर्षरत रहनुपर्ने जरूरी देखिन्छ।

**–कुमार 'अनाथ'**
हौम्ताङ्ग-६, भोजपुर

एमालेको लोकप्रियता उच्चस्तरमा पुगिरहेको बेलामा यसभित्र रहेका क्रान्तिकारी धारलाई निस्तेज पार्ने, अनुशासन उल्लंघन गर्ने काम यसै पार्टीका केन्द्रीय स्तरका नेताहरूबाट बारम्बार हुँदै आइरहेका छन्। काम गर्ने सवालको गल्ती त भनेर साध्यै छैनन्, राप्रपाको नेतृत्वमा सरकारमा जाने निर्णय, संग्रौला काण्ड, राजधानीमा महल ठड्याउने प्रतिस्पर्धा, यी सबै गलत नै छन्। नीतिगत सवालमा पनि जननेता क. मदनले हालको संविधानलाई दिएको आलोचनात्मक समर्थन फिर्ता गरी निःशर्त समर्थन गर्नु ज्यादै सोचनीय कुरा छ। शायद एमाले नेतृत्वले जन-नेताले किन हालको संविधानलाई आलोचनात्मक समर्थन दिनुभयो भन्ने भुल्यो या याद भए पनि बुझ पचायो। आजका पूँजीवादी सोचसंग नजिकिँदै गएका सुविधाभोगी नेतासंग कार्यकर्ता तथा जनताको दूरी बढ्दै छ। पूँजीवादी पार्टीमा जस्तै जो आए पनि प्रवेश गराउनाले समस्या थपिँदै गएको छ। चुनाव जित्ने लोभमा हिजोका कांग्रेसी-पंच चरित्रका गुण्डाहरूको परिचालनले तिनै व्यक्तिहरू आफ्नो चुनाव जिताएको नाममा नेता तथा जनप्रतिनिधिको अघि-पछि भएका छन् र नेताहरूले जनताको भन्दा उनीहरूको कुरालाई प्राथमिकता दिएका छन्। यो देखेर सबै छक्क छन्। यदि यस्तो क्रमलाई रोकिएन र पार्टी स्कूल विभागलाई चुस्त ढंगले परिचालन गरिएन भने यो पार्टीलाई पनि कांग्रेस-राप्रपा बन्न कसैले रोक्न सक्नेछैन।

**–सूर्यप्रकाश लामा**
भ.न.पा.-११, भोजाड, चितवन

नेकपा एमालेले गत स्थानीय निकायको निर्वाचनमा अत्यधिक स्थानबाट विजय हासिल गर्दा वामपन्थी खेमाका अन्य दलहरूलाई पनि खुशी लाग्नु स्वभाविकै हो। तर एमालेको सुधारवादी नीतिको कारण मार्क्सवादसम्बन्धी समझदारीमा आएको क्षयले वर्गीय हित छोडेर यो क्रान्तिकारी संघर्षबाट पन्छिन खोजेको प्रतीत हुन्छ। यथास्थितिवादलाई नै प्रश्रय दिएर पूँजीवादी चरित्र अवलम्बन गर्नु वामपन्थी खेमामा नै आफू रहेको हैसियतबाट महाभूल गरी अधिकांश गरीबीका रेखामुनि रहेको नेपाली जनताको भविष्यमा खेलवाड गर्न खोजेको आभास हुनथालेको छ। 'जुन जोगी आए पनि कानै चिरेको' भनेझैं पुरानै चिन्तन र कार्यशैलीबाट उत्साहको बदला जनतामा अझ निराशा छाएको छ। शायद यसैको कारण यहाँ माओवादीहरू लोकप्रिय हुनथालेका हुनसक्छन्।

वामपन्थी पार्टीहरूमा रहेको अन्तर्विरोधलाई सामूहिक सहमतिको आधारमा एकत्रित गर्दै आजको परिस्थिति अनुरूप नयाँ दिशातर्फ डोऱ्याउने पहल एमालेले गरेमा नयाँ नेपालको सृजना हुने वातावरण तयार हुनेछ। यही तथ्यलाई मध्यनजर गर्दै नेकपा एमालेले सुधारवादी र संशोधनवादी नीति त्यागेर क्रान्तिकारी दिशा पक्रनु जरूरी छ।

**–रामकुमार 'सोयोङ्ग'**
शनिश्चरे-५, मोरङ्ग

अहिलेको संसदको संरचनामा नेपालको सबैभन्दा ठूलो जनाधार भएको पार्टी नेकपा एमाले नै देखिएको छ। सम्पूर्ण राष्ट्रवादीहरूको आशाको केन्द्र हुन पाउनु यसका निम्ति ठूलो गौरबको कुरा हो। यसको नौ महिने शासनकालबाट केही सुधारको संकेत देखिएकोले नै यसले स्थानीय निकायमा सोचेभन्दा पनि धेरै सफलता हात पार्न सफल भएको छ। तर यसले राप्रपाका लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्रीको पगरी लगाइदिएर इतिहासमै कलंकको विजारोपण गऱ्यो। यसबाट के अनुमान लगाउन सकिन्छ भने, एमाले अब सत्ताको नशामा लट्ठीन पुगेको छ र आफूलाई सत्तासम्म पुऱ्याउने भऱ्याङ्गरूपी जनता र कार्यकर्ताहरूलाई विस्थापित गर्दैछ।

यो संसदीय दलदलमा फसिसकेको देखिन्छ र अब यसले त्यो सत्ताको नशाबाट कसरी छुटकारा पाउने भन्नेबारेमा र आफूलाई भोलिका दिनहरूमा कसरी प्रस्तुत गर्ने भन्नेबारे सोच्न ढीलो गर्नु हुँदैन। सर्वप्रथम एमालेले "जनताबाट जनताको लागि जनतासंग" मिलेर स्वच्छ राजनीतिको शुरूवात गर्नु पर्नेछ।

०४६ सालको जनआन्दोलनको मर्मलाई राम्ररी बुझी भविष्यको बाटो तय गर्नु पर्दछ। पुनरूत्थानवादी शक्तिसंग जथाभावी आत्मीय सम्बन्ध राख्नु हुँदैन।

एमाले अहिलेको अवस्थामा पुगेको नेताहरूको मीठा-मीठा वाणीले होइन, यो त कार्यकर्ताको अथक प्रयत्न र निरन्तर जनताको न्यानो मायाले गर्दा नै हो। त्यसैले यसले आफ्नो औकात हेर्ने गर्नु पर्दछ।

**–होम थापा**
बैंगाडावर-८, लालगढ, धनुषा

नेका जनताका दृष्टिमा अयोग्य सावित भएपछि जनताको आशा र विश्वासको केन्द्र एमाले भएको छ। तसर्थ, उसले पनि तदअनुरूपको उत्तरदायित्वपूर्ण आचरण देखाउनु उसको अपरिहार्य कर्तव्य हो। अहिलेसम्म उसले देखाएको चरित्रले अन्यौलको स्थिति सिर्जना गरेको छ। एकातिर, उसको आदर्श कम्युनिज्म हो भने व्यवहार भने घोर दक्षिणपन्थीको छ। सबैलाई थाहा भएकै कुरा हो- लक्षप्राप्तिको मार्ग कठीन र संघर्षमय हुन्छ। त्यसैले आत्तिएर एमालेले आफ्नो सिद्धान्तको प्रतिकूल आचरण गर्नु भएन। आफ्नो भविष्यको लागि उक्त पार्टीले निम्न कार्यहरू गर्नु आवश्यक ठानेको छु।

(क) नेताहरूमा देखिएको भ्रष्ट आचरण जस्तैः सत्तालिप्सा, व्यक्तिवादी चरित्र तथा पूँजीवादी दक्षिणपन्थी संस्कार त्यागनु पऱ्यो।

(ख) आस्थामा आधारित राजनीति गर्नुपऱ्यो।

(ग) महत्वपूर्ण राष्ट्रिय सवालहरूमा आफ्नो नीति र दृष्टिकोण स्पष्ट र सार्वजनिक गर्नुपऱ्यो।

(घ) सोझा-साझा जनतालाई झूठा आश्वासन दिएर द्वैध चरित्र निर्वाह गरेर उनीहरूलाई आफूप्रति वितृष्णा जगाउनु भएन। ढोंगी र दोधारे आचरण त्याग्नुपऱ्यो।

(ङ) वर्तमान संक्रमणको अवस्थाबाट देशलाई कसरी पार लगाउने भनेर पार्टीभित्रका समिति तथा नेताहरूबीच व्यापक अन्तर्क्रिया गराएर एउटा दीर्घकालीन र अल्पकालीन रणनीति बनाई पार्टीगत र व्यक्तिगत स्वार्थभन्दा माथि रहेर विभिन्न चरणको कार्यक्रम प्याकेजका रूपमा ल्याउनु पऱ्यो।

(च) प्रशस्त गृहकार्य गरेर मात्र ठोस नीति र अडानका साथ सत्तामा जानु पऱ्यो।

(छ) एमाले यदि पूँजीवादी भएर आउने हो भने नाम र झण्डा फेर्नु पऱ्यो।

**–दिपेश उपाध्याय**
जनकपुर, हालः काठमाडौं

वैज्ञानिक आधारमा उभिएको महान कम्युनिष्ट व्यवस्था स्थापित गर्ने उद्देश्य राखेको वर्तमान नेपालको सबभन्दा ठूलो पार्टी एमालेको हालमा आफ्नो सिद्धान्तभित्र देखापरेको फितलोपनतर्फ सर्वप्रथमतः पार्टीले ध्यान पुऱ्याओस्। जनताको समर्थन आंशिक रूपमा रहुन्जेलसम्म हालका दिनहरूमा पार्टीले अंगिकार गरेको बहुदलीय जनवाद र पूँजीवादी प्रवृत्ति कायम राखी, जनसमर्थन पूर्ण रूपमा आफ्नो पक्षमा आएपछि भने त्यसलाई त्यागी आफ्नो अन्तिम लक्ष्य अर्थात् नौलो जनवाद स्थापित गर्ने मार्ग अप्नाउनु नै वर्तमान समयमा एमालेको लागि आवश्यक छ। तर साँचो कम्युनिष्ट शासन स्थापित गर्नु अगाडि पूँजीवादी प्रवृत्तिका र प्रतिक्रियावादी पार्टीका शक्तिहरूसंग हात मिलाएर सरकारमा जाने, राष्ट्रघाती महाकाली सन्धि पारित गर्न सहयोग पुऱ्याएर बिस्तारवादी भारतको दासत्व स्वीकार गर्न चाहने, सासद सुविधाभोगी र मन्त्री भ्रष्टाचारी बन्ने जुन घृणित कार्य यस पार्टीका जिम्मेवार व्यक्तिहरूबाट हुन पुग्यो, त्यसतर्फ ध्यान दिई यस्ता गल्ती पुनः दोहरिन दिनु हुन्न। यस पार्टीप्रति रहेको जनविश्वासलाई ध्वस्त हुन नदिई बचाउन र अझ थप उर्जा प्रदान गर्न पार्टीको आन्तरिक कलह र गुटबन्दीलाई समाप्त पारी दरबारमुखी नभई आफ्नो वास्तविक छविद्वारा आउँदो निर्वाचनको लागि मध्यममार्गी बाटो अपनाउनु वर्तमानमा एमाले पार्टीलाई आवश्यक छ। ❑

**–उमेश पोखरेल**
इनरुवा न.पा.-९, सुनसरी

# पाठकको कुरा

## खगेन्द्रजीको विचार र कलकत्ताको रिपोर्टबारे

'मूल्यांकन' अंक ५३ पुस, २०५४ हात पऱ्यो । सामान्यतया सामग्रीको संयोजन पूर्ववत् नै पाइयो । 'मूल्यांकन'को नियमित पाठक भएको नाताले यस पत्रिकाको महत्तालाई अंगींकार गर्दै यसमा रहेका सबल-दुर्बल पक्षबारे आफ्नो अभिमत प्रकट गर्नुलाई आफ्नो दायित्व सम्झेर प्रतिक्रिया व्यक्त गर्ने जमर्को गर्दैछु ।

यसमा सामान्यतया सामग्री रोचक र ज्ञानबर्द्धक नै छन् । तर खगेन्द्र संग्रौलाको दलित जनसमाजको सम्मेलन हेरेपछि र श्याम श्रेष्ठको 'कलकत्तामा साम्राज्यवाद-विरोधी अन्तर्राष्ट्रिय गोष्ठी' र अन्य केही सामग्री पढेपछि मेरा मनमा केही जिज्ञासा र प्रश्नहरू उब्जे, जसलाई निम्नानुसार उल्लेख गर्न चाहन्छु ।

❑ खगेन्द्रजीले दलित जनसमाजको प्रथम राष्ट्रिय सम्मेलनमा आफूले देखेका र अनुभव गरेका कुरा व्यक्त गर्नुभएको रहेछ । उहाँले शुरूमा गैरसरकारी संस्थाहरूको जुन चित्र ज्यादै आलोचनात्मक र नकारात्मक रूपमा प्रस्तुत गर्नुभयो, त्यस्तै प्रकृतिको, त्यसमा पनि वर्णसंकर आत्मनिर्भर विकास मंचको चाहिं खुलेर प्रशंसा गर्नुभयो; केही सकारात्मक कामको दृष्टान्त दिएर (यद्यपि, सामान्य रूपमा हेर्ने हो भने, नेपालमा खुलेका गैससको एकादुई सकारात्मक काम भेटिन्छन्; भित्री नियत जस्तोसुकै भएपनि) किन यो विरोधाभास ? कतै खगेन्द्रजी आफू संलग्न रहेको संस्था भएर त होइन ? उहाँले 'मंच' को प्रेरणामा दलितहरूले हासिल गरेका उपलब्धिका सकारात्मक पक्षहरूका सूचीमा उनीहरूले 'मन्दिरमा पाइला टेक्ने हक'का लागि संघर्ष गरेर कहीं कहीं 'जीतबाजी पनि 'हातपारे'को कुरालाई पनि राख्नु भएको रहेछ । के उनीहरूले 'हात पारे'को त्यस प्रकारको 'जीतबाजी'- बाट प्रकारान्तरले उनीहरू 'ताइबाट फाल हाल्न खोज्दा भुंग्रामा' पर्ने त होइनन् ? तिनै देउता, मन्दिर, पूजा, पुरोहित आदि जस्ता कर्मकाण्डीय प्रवृत्तिले ल्याएको विकारकै शिकार भएर त उनीहरू युगौंसम्म जातीय उत्पीडनमा परेका होइनन् र ? के जातीय मुक्तिका नाममा एउटा अन्धविश्वासपूर्ण गलत प्रवृत्तिको विरोध गर्दा अर्को अन्धविश्वासपूर्ण दृष्टिकोण अंगाल्न खोज्नु उपयुक्त हुन्छ ? कर्मकाण्डे प्रवृत्तिको विरोध गर्दै आमाको काजक्रियासमेत बहिष्कार गर्ने प्रबुद्ध प्रगतिशील चिन्तकबाट यस्ता कुरालाई विना कुनै टिप्पणी उत्पीडित जातिले 'हात पारे'को 'जीतबाजी' का रूपमा स्वीकारिनुले उहाँमा रहेको दृष्टिकोणको आलो-काँचोपन झल्किंदैन र ?

❑ कलकत्तामा भएको साम्राज्यवादविरोधी अन्तर्राष्ट्रिय गोष्ठीमा नेपालको प्रतिनिधित्व भएकोमा खुसी लाग्यो । नेपाली प्रतिनिधि मण्डलका तर्फबाट महासचिव श्याम श्रेष्ठले 'साम्राज्यवादविरोधी मंच, नेपाल'को दृष्टिकोण प्रस्तुत गर्नुभएको रहेछ । तर 'मूल्यांकन'मा प्रकाशित उहाँका लेखको लेखाइको शैलीले यो कुरा झल्किंदैन । उहाँले ठाउँ-ठाउँमा 'म', 'मैले', 'मेरो' जस्ता शब्दको प्रयोग गरी मानौं 'त्यहाँ श्यामजी व्यक्तिका रूपमा उपस्थित हुनुभएको थियो र आफ्ना दृष्टिकोण राख्नुभएको थियो' जस्तो लाग्ने गर्दै लेखिएको छ । निश्चय नै त्यस गोष्ठीमा जानुपूर्व उहाँहरूले व्यापक छलफल गरी 'साम्राज्यवादविरोधी मंच, नेपाल' को दृष्टिकोण र प्रस्तावहरू तयार पारी लैजानुभयो होला, किनभने, कुनै पनि अन्तर्राष्ट्रिय गोष्ठी वा कार्यक्रममा राष्ट्रको संस्थागत प्रतिनिधित्व त्यसरी गरिन्छ होला । तर श्यामजीको लेखाइले भने त्यो छनक दिंदैन । लेखमा हेर्नुहोस्' भनी देखाइएको पृष्ठ ३९ को बक्स सामग्री' मा शीर्षक 'नेपालको तर्फबाट प्रस्तुत विचार: संक्षेपमा' राखिएको छ तर त्यसको तेस्रो अनुच्छेदमा 'मैले के कुरा पनि राखें भने' भनी अरू थप कुरा लेखिएको छ । यसबाट के बुझिन्छ भने, दोस्रो अनुच्छेदसम्मका कुरा 'सा.वि.म., नेपाल' का दृष्टिकोण हुन् र तेस्रो अनुच्छेदपछिका श्यामजीका निजी दृष्टिकोण र प्रस्ताव हुन् । वास्तविकता यही हो वा लेखाइको प्राविधिक त्रुटी मात्र हो वा संस्थामा व्यक्ति हावी हुने नेपाली मानसिकताको अभिव्यक्ति हो ?

❑ 'नीति/संस्कृति' शीर्षक अन्तरगत मूल्यांकनले थालनी गर्न खोजेको बहसमा अहिलेसम्म केवल जगन्नाथ खतिवडा मात्र सामेल हुनुभएको देखियो । अरू सबै अन्य पत्रिकामा प्रकाशित सामग्री 'साभार' गरेको पाइयो । के 'मूल्यांकन'ले थालनी गरेको बहसमा 'मूल्यांकन' मार्फत् नै सहभागी हुन चाहने लेखकको अभावका कारण यसो हुन गएको हो ? यदि होइन भने पाठकहरू 'विचार अन्तरक्रियामुखी' 'मूल्यांकन' को मौलिकता देख्न चाहन्छन् । अति मूल्यवान् र सामान्यतया अप्राप्य सामग्रीबाहेकका 'साभार: सामग्रीले पत्रिकाको मौलिकता र स्तरीयतामा धक्का पुऱ्याउँछ जस्तोलाग्छ मलाई ।

❑ अ, अन्तमा यो पनि,

'मूल्यांकन' का सम्पादक श्याम श्रेष्ठ साम्राज्यवादसम्बन्धी कुनै कार्यक्रममा पोखरा आएका बेला अनौपचारिक रूपमै भए पनि सो कार्यक्रम सकिएपछि म जस्तै केही पाठकहरूका बीच पृ.ना. क्याम्पसको एक स्थानमा 'मूल्यांकन' बारे अन्तरक्रिया कार्यक्रम भएको थियो । त्यसमा विभिन्न विचारहरू र सुझावहरू व्यक्त गरिएका थिए- 'मूल्यांकन' का सम्बन्धमा र अरू सन्दर्भमा पनि ।- (त्यसै कार्यक्रममा मैले- 'साम्राज्यवादको विश्वव्यापी संचार-साम्राज्यको 'जालोलाई चिर्न त्यसका विरोधीहरूले पनि अन्तरराष्ट्रिय स्तरकै संचार-संयन्त्रको निर्माण गर्नतर्फ लाग्न अति आवश्यक भइसकेको छ भन्ने विचार राखेको थिएँ । मलाई खुसी लाग्यो, श्यामजीले नेपालका तर्फबाट उक्त विचार अन्तर्राष्ट्रिय गोष्ठीमा राख्नुभयो र धेरैजसो सहभागीहरूको समर्थन पनि पाउनुभयो । नहराएको भए श्यामजीको नोटकापीमा उक्त कार्यक्रम र त्यसमा व्यक्त भएका विचारहरूको टिपोट अझै होला । तर यहाँनिर मलाई खट्केको कुरा के हो भने, उक्त कार्यक्रमको सामान्य-चर्चासम्म पनि सम्पादकज्यूले कतै गरेको पाइनँ 'मूल्यांकन'मा । त्यसैलाई प्रमुखता दिन आवश्यक नदेखिए तापनि त्यसपछि राजधानीमा भएको त्यस्तै प्रकृतिका कार्यक्रमको चर्चा गर्ने क्रममा सामान्य उल्लेख मात्र गरिदिएको भए मोफसलमा पनि 'मूल्यांकन' का जिज्ञासु र शुभेच्छुक पाठकहरू यसबारे चर्चा-परिचर्चा गर्दा रहेछन् भन्ने जानकारी भै 'मूल्यांकन'कै लोकप्रियता र बढोत्तरीमा सहायक हुने थिएन र ?

मूल्यांकनको निरन्तरताको कामनासहित !

◆ **रघुनाथ अधिकारी**
पृथ्वीनारायण क्याम्पस, पोखरा- ४

## लक्ष्मण दोङबारे थप कुरा

मूल्यांकनको अंक ५२ मा बाँसखर्कमा लक्षमण दोङको कामको जुन बयान आएको छ, त्यसमा निजको बदमासीको बयान पनि आउनु पर्थ्यो । कुख्यात पञ्च पशुपति शमशेरको आडमा निजले त्यस क्षेत्रमा जनतामा प्रतिक्रियावादी भूमिका खेलिरहेका छन् । यो कुरा मूल्यांकनका पाठकहरूलाई थप जानकारी गराउन चाहन्छु । गत स्थानीय चुनावमा वामपन्थी मित्रहरूलाई ज्यानै लिने गरी आक्रमण गर्ने हदको कामको संरक्षण गर्ने तहसम्म उनी संलग्न थिए । उनले बुझून्, एक दुईवटा देखावटी राम्रा कामका भरमा मान्छे सबै दृष्टिकोणले राम्रो ठहरिंदैन ।

◆ **विकास तामाङ**
हाल: स्वयंभू, काठमाडौं

## एमालेका मतहरुबारे

बहुमत र भिन्न मत भन्नेहरू दुबैथरिले पार्टीभित्र सिद्धान्त र संस्कृतिको क्षेत्रमा कम्युनिष्ट चरित्र स्थापना गर्ने कुराको वकालत नगरी, झिना-मसिना कुरामा मात्र विवाद गरिरहेका छन् । तै पनि, उनीहरू ठूलो विवाद झिकेर एकसंग अर्को मिल्नै नसक्ने कुरा गरेर फुटवादी सोच फैलाउँदैछन् । यी व्यर्थका फुटवादीहरूलाई मूल्यांकनले गतिलो झापड दिनु पऱ्यो ।

◆ **रुद्रबहादुर नापित**
कालीमाटी, काठमाडौं ।

## गतांकबारे

❑ एमालेको चिरफार पर्याप्त छैन ।

❑ अमेरिकाबारे अमेरिकी नेतृको विचार अत्यन्त मार्मिक र उपयोगी छ ।

❑ चेकी छोरीको भनाइले मन छोयो ।

❑ घाटशिला र कलकत्ताको जमघटबारेको सामग्री राम्रो लाग्यो ।

❑ धार्मिक कर्मकाण्डबारेको बहस गहिरो होस् र जारी रहोस् ।

❑ डा. मीनबहादुर विष्टको शिक्षा सम्बन्धी लेख उपयोगी छ ।

❑ बढ्दो ऋणबारे र दलित जनसमाजको सम्मेलनबारेका लेखहरू ध्यान दिन योग्य छन् ।

❑ विष्णुबहादुर मानन्धरजस्ता अलि ओझेलमा परेका नेताहरूलाई स्थान दिएकोमा धन्यवाद !

❑ 'मसाल' ले लचिलो राजनीति लिएर पनि यसले हालका सरकारहरूबीच तुलनात्मक रूपले राम्रो र नराम्रो भनी छुट्याउने नीति चाहिं किन नलिएको होला ? मूल्यांकनसंगको यसको जुहारी संकीर्ण छ र यो जनताको दैनिक जन-जीवनको समस्याबाट कटेको छ ।


◆ **राजाराम सुवेदी**
मोरङ- ७, विराटनगर

## बहुदलीय जनवादः मदनको ठीक, माधवको बेठीक ?

मूल्यांकनको पूर्णाङ्क ५४ मा प्रकाशित एमालेको नीति र कार्यक्रमको चिरफार भनेर श्याम श्रेष्ठज्यूले गर्नुभएको चिरफार आफैंमा अन्यौलग्रस्त लाग्यो । किनकि, उहाँले 'अहिलेको बहुदलीय प्रजातन्त्रमा पनि बहुदलीय प्रतिस्पर्धा छ, आवधिक आम निर्वाचन हुने गर्छ, बहुमतको सरकार र अल्पमतको विपक्ष छ, संविधानको सर्वोच्चता र कानूनको शासन छ । अहिलेको बहुदलीय प्रजातन्त्र पनि सारमा पूँजीवादी जनवाद नै हो । यस परिप्रेक्षमा, उही विशेषता र उही सार भएको राजनैतिक प्रणाली अन्त गरेर उस्तै विशेषता र सार भएको अर्को राजनैतिक प्रणाली ल्याउनुबाट राजनीतिक क्रान्ति कसरी हुन्छ ? भनेर उहाँ बहुदलीय प्रजातन्त्र र बहुदलीय जनवाद सारमा एउटै पूँजीवादी विचार हो भन्नु हुन्छ । अनि फेरि मदन भण्डारी र माधव नेपालको दस्तावेजभित्रका अन्तर केलाउँदै मदन भण्डारीले हिंसात्मक बाटोको अपरिहार्यता, लडाकू संगठनको निर्माण, आमूल परिवर्तनका कुरा दस्तावेजमा अटाएको तर माधव नेपालले भने हटाएको भनेर उहाँले के मदन भण्डारीको बहुदलीय जनवाद ठीक थियो भन्न खोज्नु भएको त होइन ? गर्नुपर्ने त बहुदलीय जनवाद आफैंमा खराब छ, छैठौं महाधिवेशनमा कार्यकर्ताले यसको छिनोफानो गर्नुपर्छ भन्नुपर्ने होइन र ! श्यामजीले भण्डारीको बहुदलीय जनवाद ठीक, माधवको बेठीक भन्न खोज्नुभएको देखिन्छ ।

अन्य पक्षहरूमा घाटशिला र कलकत्तामा अन्तराष्ट्रिय जमघटको बारे र SUCI को कम्यूनको बारेमा जान्ने मौका मिल्यो । SUCI ले चलाएको कम्युनको बारेमा थप जानकारी पाएमा अझै राम्रो हुन्थ्यो । साथै डा. अलैदा ग्वेभाराको समाजवादभन्दा राम्रो व्यवस्था अरू कुनै छैन भन्ने र अमेरिकाको दुर्दशाबारे सारा फ्लाउण्डर्सको रिपोर्टले पूँजीवादीहरूलाई ठूलो झापड दिएको अनुभव गरेको छु ।

◆ **सुदर्शन पराजुली**
ताथली-४, भक्तपुर




उच्चस्तरीय जर्मन प्रविधिको प्रयोगद्वारा नेपालमा उत्पादित नेपाल गुणस्तर चिन्ह प्राप्त विभिन्न साइज र क्षमताका मुक्तेश्वर पाईपहरु नै प्रयोग गरौं

## Kathmandu Maida Mills Pvt. Ltd.
### AN AUTOMATIC FLOUR MILL



KMM

You have a deal. A fair deal. Best quality flour and atta.
From our modern and automatic plant.
For you and for all your needs.
Quality flour for bakeries and confectioneries.
Hygenic Atta for breads.
All suited to your needs
Give your flair a name.
The name of

***KATHMANDU MAIDA MILLS PVT. LTD.***

Balaju Industrial District, Balaju
P.O. Box 351 Kathmandu Nepal
Phone No. 272221, 272285

## Fascinating beauty. Imperishable material.

A sure feel for the aesthetically perfect, a personal style and a purposeful differentness: these are the characteristics of people who wear the La Coupole 'Céramique'. A watch whose true nature you experience when you put it on for the first time: soft as velvet, supple, incomparable. And imperishably beautiful, thanks to the slightly curved sapphire crystal and the scratchproof high-tech ceramics bracelet. Rado La Coupole 'Céramique' – a beautiful watch that stays beautiful – a watch that fits as though moulded to your wrist.

*A different world*




La Coupole 'Céramique'.
Scratchproof high-tech ceramics bracelet.
In three sizes.

**RADO**
Switzerland

*Authorised Sales & Service Centre*
**SULUX CENTRE**
Khichapokhari P.O. Box: 3659, Kathmandu, Nepal Tel: 222539

*Also available at:*
24 Ct (Gangapath)
New Nevies Corner (Super Market)
Blue Bird Department Store (Tripureshwor)